# अध्याय एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधको शीर्षक **केदार सत्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवं विश्लेषण** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको नेपाली केन्द्रीय विभागद्वारा सञ्चालित नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषय परिचय

नेपाली साहित्यको क्षेत्रमा, विशेषगरी कविता विधामा निरन्तर साधना गरिरहेका साधक केदार सत्यालको जन्म २००१ माघ ११ गते सिन्धुली जिल्लाको बेलघारी, तीनपाटनमा भएको हो (सत्याल, २०६५ : अन्तिम आवरण पृष्ठ) । उनका बुबाको नाम नन्दराज सत्याल र आमाको नाम यमुनादेवी सत्याल हो (सत्याल, २०६५ : अन्तिम आवरण पृष्ठ) । हाल उनका बुबा-आमाको देहान्त भइसकेको छ । वर्तमान समयमा उनी लगायत उनको परिवार मोरङ्ग जिल्लाको रङ्गेली-४ अन्तर्गत आदर्श टोलको सत्याल कुटीमा बसोबास गरिरहेको छ (सत्याल, २०६५ : अन्तिम आवरण पृष्ठ) । एम्.ए., बी.एड्.सम्म अध्ययन गरेका सत्यालले वि.सं. २००८ सालदेखि वि.सं. २०६१ सालसम्म अनवरत रूपमा पब्लिक मा.वि., रङ्गगेलीमा नेपाली शिक्षकको रूपमा रही कार्य गरे । हाल उनी भानु मेमोरियल एकेडेमी बोर्डिङ्ग स्कुल, रङ्गेली-१सँग सम्बद्ध छन् (सत्याल, २०६५ : अन्तिम आवरण पृष्ठ) ।

केदार सत्यालले मौलिक र अनूदित गरी जम्मा नौवटा पुस्तकाकार कृति प्रकाशन गरेका छन् । ती कृतिमध्ये **भेटी** फुटकर कविता सङ्गालो पहिलो हो । उनका त्यसपछिका मौलिक र अनूदित कवितात्मक कृतिहरू **पत्रैपत्र, खैयामका रूबाईहरू र निशा निमन्त्रण**, **दर्पण** आदि हुन् । त्यसैगरी उनले **सत्य हरिश्चन्द्र** नाटक र **छन्दमाथि विजय** शीर्षकको छन्दज्ञानसम्बन्धी पुस्तक पनि प्रकाशन गरेका छन् ।

## १.४ शोधकार्यको समस्या

नेपाली साहित्यका क्षेत्रमा संलग्न केदार सत्याल नेपाली साहित्यको कविता क्षेत्रका एक सृजनशील साधक हुन् । नेपाली साहित्यका क्षेत्रमा उनले गरेको योगदानको त्यति चर्चा पाइँदैन र उनको जीवनी, व्यक्तित्व र कृतित्व पक्षको समग्र रूपमा अध्ययन पनि भएको देखिँदैन । त्यसैले :

क) केदार सत्यालको जीवनी र व्यक्तित्व के-कस्तो छ ?

ख) केदार सत्यालका प्रकाशित मौलिक कृतिहरूको कसरी अध्ययन गर्न सकिन्छ ?

ग) केदार सत्यालले नेपाली साहित्यमा कस्तो योगदान पुऱ्याएका छन् ?

भन्नेजस्ता समस्यालाई लिएर त्यसको सुव्यवस्थित अध्ययनका लागि यो शोधपत्र तयार गरिएको छ । यिनै आधारभूत समस्यामा केन्द्रित रहेर यो शोधपत्रमा केदार सत्यालको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रका निम्न उद्देश्यहरू रहेका छन् :

क) केदार सत्यालको जीवनी र व्यक्तित्वको अध्ययन गर्नु,

ख) केदार सत्यालका प्रकाशित मौलिक कृतिहरूको अध्ययन गर्नु,

ग) केदार सत्यालले नेपाली साहित्यमा पुऱ्याएका योगदानको अध्ययन गर्नु ।

## १.६ अध्ययनको औचित्य, महत्त्व तथा उपयोगिता

लामो समयदेखि नेपाली साहित्यको कविता क्षेत्रमा निरन्तर सेवा र साधना गर्दै आएका केदार सत्यालको साहित्य सृजनाका बारेमा अध्ययन र अनुसन्धान नभएको सन्दर्भमा यो शोधकार्य हुनु औचित्यपूर्ण देखिन्छ । नेपाली साहित्यका क्षेत्रमा सत्यालका प्रकाशित कृतिले पुऱ्याएको योगदानको अध्ययन तथा विश्लेषण हुनुले यस शोधकार्यको महत्त्वसमेत पुष्टि गर्दछ । सत्यालको व्यक्तित्व र कृतित्वको व्यापक अध्ययन गर्दा सत्याल र उनका कृतिका बारेमा अध्ययन गर्न चाहने अध्येता तथा जिज्ञासु पाठकलाई यस शोधकार्यले आवश्यक सहयोग गर्ने अपेक्षा राखिएको छ । उक्त कारणहरूले गर्दा यसको औचित्य, महत्त्व तथा उपयोगिता पनि सिद्ध हुन्छ ।

## १.७ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका क्षेत्रमा योगदान पुऱ्याउने केदार सत्याल तथा उनका कृतिका बारेमा भएका कार्यहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

महानन्दले केदार सत्यालको **भेटी** (२०६५) कवितासङ्ग्रहको पृष्ठाङ्कन नगरिएको भूमिका खण्डको (१) नम्बरको 'चिनारी' शीर्षकको लेखमा सत्याललाई कवि तथा शिक्षकको रूपमा चिनाउँदै उनको प्रथम प्रयासको रूपमा आएको यो कवितासङ्ग्रहलाई एउटा प्रौढ, परिपक्व र जीवनका विविध अनुभवलाई समेट्न सक्ने कविको जत्तिको दम भएको सङ्ग्रह भनेका छन् । उनले सत्यालका रचनामा हिन्दीको प्रभाव परेको कुराको पनि चर्चा गरेका छन्, तर सत्यालका व्यक्तित्व र कवित्वको विभिन्न आयामबाट भने हेरेका छैनन् ।

विपिनदेव ढुङ्गेलले केदार सत्यालको **भेटी** (२०६५) कवितासङ्ग्रहको पृष्ठाङ्कन नगरिएको भूमिका खण्डमा भएको 'प्राप्त साहित्यिक पत्रिकाहरूमध्येबाट पुस्तक परिचय' शीर्षकको लेखमा सत्यालको **भेटी** कवितासङ्ग्रहको परिचय दिंदै पहिलो कृतिमा नै खारिएको लेखनशैलीले भविष्यमा अझ राम्रा कविता दिने आशावादी कविको रूपमा चिनाएका छन् । यसमा उनले कुन कविता कस्तो छ भनेर चिनाएका छैनन् र आजभन्दा धेरै अगाडि दिइएको पुस्तक परिचय भएका कारण २०६५ सालमा प्रकाशित **भेटी** कवितासङ्ग्रहमा थप गरिएका अन्य कविताका बारेमा चर्चा छैन ।

महानन्दले केदार सत्यालको **पत्रैपत्र** (२०६५) कवितासङ्ग्रहको पृष्ठाङ्कन नगरिएको भूमिका खण्डको 'शुभकामना' शीर्षकको लेखमा सत्याललाई भाषा र छन्दमा निर्दोष व्यक्तिका रूपमा परिचित गराएका छन् । उक्त सङ्ग्रहमा भएका कविताका छन्द, आयाम, भाषा आदि पक्षको सतही समीक्षा गरेका छन् र भविष्यमा धेरै कविता-काव्यको आश राख्न सकिने दर्जाका कवि भनेर उनलाई चिनाएका छन्, तर कविताभित्र पसेर कविताका विभिन्न पक्षबाट व्याख्या तथा विवेचना गरेका छैनन् ।

विश्वराज पाण्डेले केदार सत्यालको **भेटी** (२०६५) कवितासङ्ग्रहको पृष्ठाङ्कन नगरिएको भूमिका खण्डको (२) नम्बरको 'मेरो दृष्टिमा– भेटी' शीर्षकको लेखमा **भेटी** कवितासङ्ग्रहलाई कविको प्रथम प्रयास भए पनि 'हुने बिरुवाको चिल्लो पात'का रूपमा दर्शाएका छन् । उक्त कवितामा कविताका तत्त्वमध्ये सङ्गीत र लयको प्रयोगलाई मात्र जोड दिएका छन् ।

विश्वराज पाण्डेले केदार सत्यालको **पत्रैपत्र** (२०६५) कवितासङ्ग्रहको पृष्ठाङ्कन नगरिएको 'पत्रैपत्र– मेरो दृष्टिमा' शीर्षकको लेखमा **पत्रैपत्र**लाई 'उहाँको आफ्नै डायरीका पाता' भनेर चर्चा गरेका छन् । **पत्रैपत्र** कृतिमा कविको भावाभिव्यक्ति खार्न के गर्नुपर्थ्यो भन्ने कुराको समाधान दिएका छैनन् ।

सूर्यविक्रम ज्ञवालीले केदार सत्यालको **भेटी** (२०६५) कवितासङ्ग्रहको पृष्ठाङ्कन नगरिएको भूमिका खण्डको (३) नम्बरको 'नैतिकता र देशभक्तिपूर्ण कविता-सँगालो' शीर्षकको लेखमा **भेटी**

कवितासङ्ग्रहभित्र विद्यार्थीवर्गमा अनिवार्य हुनुपर्ने राष्ट्रिय भावना, नैतिकताको ज्ञान, कर्तव्यको अनुभव, देशप्रेम आदि विषयमा लेखिएका सरल, गहकिला र रसिला कविता भएको उल्लेख गरेका छन् । उक्त लेखमा ज्ञवालीले केदार सत्याललाई शिक्षक व्यक्तित्वको रूपमा पनि चिनाउँदै उनका कविता बालबालिकाको निष्कपटता तथा सरलता जान्न खोज्ने प्रवृत्तिलाई सम्वर्धन गराउने खालका छन् भनेर चर्चा गरेका छन्, तर युवा तथा प्रौढ पुस्ताले पनि पाएको नैतिक चेतनाको भने कुरा उठाएका छैनन् ।

घटराज भट्टराईले केदार सत्यालको **भेटी** (२०६५) कवितासङ्ग्रहको पृष्ठाङ्कन नगरिएको भूमिका खण्डको (४) नम्बरको 'लुकेका प्रतिभा– केदार सत्याल' शीर्षकको लेखमा केदार सत्यालको परिचयका साथै उनका प्रकाशित तथा प्रकाशोन्मुख कृतिहरूको नामोल्लेख गरेका छन् । उक्त लेखमा भट्टराईले सत्याललाई अनुवादक, कवि, सम्पादक व्यक्तित्वको रूपमा चिनाएका छन् । उनले सत्यालका कृतिलाई समग्रमा अध्ययन गरेका छन् । भट्टराईले सत्यालका कवितामा प्रयोग भएका विविध छन्दको चर्चा त गरेका छन्, तर त्यसमा प्रयोग भएका बिम्बालङ्कार आदिको चर्चा छैन ।

घटराज भट्टराईले **नेपाली लेखककोश** (२०५६)-को १५४औँ पृष्ठमा केदार सत्यालको परिचय र उनका कृतिको नामोल्लेख मात्र गरेका छन् । उनको यो लेखककोश धेरै समय अगाडि प्रकाशन भएकाले सत्यालका हाल प्रकाशित कृतिहरूको जानकारी छैन ।

होम सुवेदीले केदार सत्यालको **भेटी** (२०६५) कवितासङ्ग्रहको पृष्ठाङ्कन नगरिएको भूमिका खण्डको (५) नम्बरको 'केदार सत्याल : एक निष्ठावान् कवि' शीर्षकको लेखमा **भेटी** कवितासङ्ग्रहको चर्चा गर्दै सत्याललाई पूर्वेली आर्षपरम्पराका कवि मानेका छन् । यसका साथै सत्याललाई शब्द चयन, अलङ्कार प्रयोग, छन्द चयन तथा प्रयोगमा बिछट्ट सिपालु कविको रूपमा चर्चा गरेका छन् । सुवेदीले उनलाई नेपाली कविताको धारा कता बगेको छ, त्यसको वास्ता नगर्ने कवि तथा परम्परावादी मान्यता नत्याग्ने कविको रूपमा पनि टिप्पणी गरेका छन् । उनले सत्याललाई परम्परावादी आधुनिक कविको संज्ञा दिएका छन् भने कविताका तत्त्वका दृष्टिले ती कवितालाई खुटयाएका छैनन् ।

खगेन्द्रप्रसाद लुइटेलले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०)-को ३२५औँ पृष्ठमा केदार सत्याललाई प्रयोगवादी धाराका कविको शृङ्खलामा मात्र क्रमबद्ध गरेका छन् ।

दधिराज सुवेदीले २०६५ मङ्सिर १४ गते शनिवारको **उद्घोष दैनिक** पत्रिका (वर्ष–१९, अङ्क–९६)-को दोस्रो पृष्ठमा प्रकाशित 'ओझेलमा परेका आदर्श कवि केदार सत्याल' शीर्षकको

लेखमा नीति, नियम, सदाचार, संस्कृति, शिक्षा, सदुपदेश, राष्ट्रियता, देशभक्ति, नैतिकता आदिको कसिलो भारी बोकेर अबिरल यात्रा गरिरहेका आदर्शवादी गुरु केदार सत्याल ओझेलमा परेका असल कविको रूपमा उल्लेख गरेका छन् ।

उपर्युक्त विद्वान् तथा समालोचकहरूले केदार सत्याल र उनका कृतिहरूको परिचयका क्रममा जे-जति भनाइहरू उल्लेख गरेका छन्, तिनले कवि सत्यालको सम्पूर्ण जीवनी, व्यक्तित्व र कृतित्व पक्षलाई समेट्न असक्षम देखिएका छन् ।

## १.८ शोधकार्यको सीमा

प्रस्तुत शोधपत्रको क्षेत्र **केदार सत्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन एवं विश्लेषण** हो । तसर्थ उनको जीवनी तथा व्यक्तित्वका साथै २०६५ माघसम्म प्रकाशित उनका मौलिक (अनूदित बाहेक) कृतिहरूको मात्र अध्ययन तथा विश्लेषण गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्यलाई विश्वसनीय तथा पूर्ण प्रामाणिक बनाउन प्राथमिक तथ्याङ्कका रूपमा शोधनायक केदार सत्यालसँग प्रत्यक्ष भेटघाट गरी अन्तर्वार्ता लिइएको छ भने उनको परिवारका अन्य सदस्यसँग पनि सम्पर्क राखी आवश्यक जानकारी लिइएको छ । यसका साथै द्वितीय तथ्याङ्कका रूपमा उनका बारेमा लेखिएका लेख तथा विभिन्न पुस्तकाकार कृतिहरूबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । शोधविधिका रूपमा भने वर्णनात्मक र विश्लेषण विधिलाई प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ र प्रत्येक परिच्छेदमा मूल शीर्षक राखी आवश्यकताअनुरूप उपशीर्षक राखेर विस्तृत अध्ययन गरिएको छ ।

अध्याय एक : शोधपरिचय

अध्याय दुई : केदार सत्यालको जीवनी र व्यक्तित्व

अध्याय तीन : केदार सत्यालका प्रकाशित कृतिहरू र तिनको अध्ययन

अध्याय चार :   नेपाली साहित्यमा केदार सत्यालको योगदान

अध्याय पाँच :   उपसंहार ।

अन्त्यमा सम्भाव्य शोधशीर्षकहरू दिइएको छ । त्यसपछि सन्दर्भसूचीलाई टङ्कण गरिएको छ । यसरी केदार सत्यालको जीवनी तथा व्यक्तित्वका साथै कृतित्वको अध्ययन तथा विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

# अध्याय दुई

# केदार सत्यालको जीवनी र व्यक्तित्व

## २.१ केदार सत्यालको जीवनी

कुनै पनि व्यक्तिको जीवनभोगाइ के-कस्तो छ भन्ने कुराको अध्ययन गर्न उसको पुर्ख्यौली, घरपरिवार, सामाजिक तथा आर्थिक स्थिति आदिको अध्ययन गर्नु आवश्यक हुन्छ । त्यसैले यहाँ केदार सत्यालको जीवनी बुझ्नका लागि जन्मदेखि अहिलेसम्म भए-गरेका कामहरू तथा घटेका घटनाहरूका साथै पुर्ख्यौली, घरपरिवार, सामाजिक तथा आर्थिक स्थिति आदिको अध्ययन गरिएको छ ।

### २.१.१ पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि

केदार सत्यालको पैत्रिक थलो वागमती अञ्चलमा पर्ने काभ्रे जिल्लाको दाप्चा फूलबारी हो (शोधनायकबाट प्राप्त जानकारी) । त्यहाँबाट उनका पुर्खाहरू रामेछाप जिल्लाको मन्थली गए । मन्थलीमा केही समय बिताएपछि त्यहाँबाट पनि बसाइँ सरेर सिन्धुली जिल्लाको बेलघारी, तीनपाटन आएपछि उनका हजुरबा पुष्परमण सत्याल तथा हजुरआमा हेमकुमारी सत्यालको कोखबाट बुबा नन्दराज सत्यालको जन्म भयो (शोधनायकबाट प्राप्त जानकारी) । तत्कालीन समयमा सिन्धुली जिल्ला पनि रामेछाप जिल्लामै पर्दथ्यो । त्यहीँ खेतीबारी गरेर बसेका नन्दराज सत्यालले सिन्धुलीकै यमुनादेवी अधिकारीसँग साइनो गाँसेपछि २००१ सालमा केदार सत्यालको जन्म भएको हो । नन्दराज सत्यालका दुईजना सन्तानमध्ये केदार सत्याल प्रथम हुन् । उनकी शान्ता नाम गरेकी एउटी बहिनी छन् । शान्ता हाल इनरूवाको 'झोकनझोरा' भन्ने ठाउँका कोइराला परिवारकी सदस्य भएकी छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

केदार सत्याल सात वर्षका छँदा २००७ सालमा उनका बुबाको मृत्यु भयो । नन्दराज सत्यालको मृत्युसँगै उनीहरूको परिवार पनि छिन्नभिन्न भयो । उनीहरूका दुर्दिन सुरु भए (शोधनायकबाट प्राप्त जानकारी) । केदार सत्यालका बुबाको मृत्युपश्चात् आमा माइत गएर बसिन् । बहिनीलाई फुपूले लगेर पालिन् भने आफूचाहिँ काका पं. ऋषिराज सत्यालको शरणमा गए (शोधनायकबाट प्राप्त जानकारी) । काकाको घरमा गएको केही समयपछि उनले अध्ययन सुरु गरे । प्रवेशिका परीक्षा दिएपछि उनी आफू पढेकै विद्यालयमा शिक्षकको रूपमा काम गर्न थाले । त्यसको केही समयपछि उनी २०२२ सालमा मञ्जु पौडेलसँग विवाह बन्धनमा बाँधिए । त्यसपछि बिस्तारै उनीहरूका सुदिन सुरु भए (शोधनायकबाट प्राप्त जानकारी) । विवाह गरेको केही

महिनापछि आफ्नै बन्दोबस्त गरेर काकाबाट अलग भए र सात वर्षको उमेरमा बिछोड भएका आफ्ना आमा र बहिनीलाई समेटेर चारजनाको परिवार सुखसँग बस्न थाले । हाल उनको परिवार कोशी अञ्चलमा पर्ने मोरङ्ग जिल्लाको रङ्गेलीमा बसोबास गरिरहेको छ ।

### २.१.२ जन्म र जन्मस्थान

सिन्धुली जिल्लाको बेलघारी, तीनपाटन भन्ने ठाउँमा २००१ माघ ११ गते पिता नन्दराज सत्याल र माता यमुनादेवी सत्यालका प्रथम सन्तानका रूपमा केदार सत्यालको जन्म भएको हो (शोधनायकबाट प्राप्त जानकारी) । उनको न्वारानको नाम लोकनाथ सत्याल हो । सिन्धुली जिल्लाको बेलघारी, तीनपाटनमा जन्मिए तापनि आफू सात वर्षको छँदा २००७ सालमा उनका पिताको मृत्यु भएपछि उनी मोरङ्गको रङ्गेलीमा बसोबास गर्दैछन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.३ बाल्यकाल र शिक्षादीक्षा

केदार सत्यालले सात वर्षसम्मको बाल्यकाल सुखसँग बिताएका थिए । त्यस बेलासम्म उनी आफ्ना बुबाआमाका काखमा खेल्दै र रमाउँदै हुर्किए (शोधनायकबाट प्राप्त जानकारी) । एक्लो छोरो भएका कारण हुनसक्छ– उनका बुबाले उनलाई असाध्यै माया गर्थे । तत्कालीन समयमा लेक र बैँसी गरी दुई ठाउँमा खेती हुन्थ्यो । यसै क्रममा खेती गर्न लेक-बैँसी गर्दा उनका बुबाले उनलाई डोकामा बोकेर लेक-बैँसी गराउँथे (शोधनायकबाट प्राप्त जानकारी) । उनी एकान्तप्रेमी भएका कारण घरबाहिर उनका साथी थिएनन् । बाहिर साथी नभएका कारण उनी घरमै बसिरहन्थे (शोधनायकबाट प्राप्त जानकारी) ।

सात वर्षपछिको केदार सत्यालको बाल्यकाल एकदम कष्टपूर्ण रह्यो । बुबाको मृत्युपछि आमा र बहिनीसँग पनि बिछोडिएर काकाको शरणमा बस्नुपर्‍यो । उनले बुबाको मृत्युपछि आमाको काखका साथै बहिनीको साथ पनि गुमाए किनकि आमा उनलाई एक्लै छोडेर माइतमा बस्न गइन् भने बहिनीलाई उनकी फुपूले लगेर पालिन् (शोधनायकबाट प्राप्त जानकारी) ।

केदार सत्यालले झण्डै एघार वर्षको उमेरदेखिमात्र 'कखरा' सुरु गरे (शोधनायकबाट प्राप्त जानकारी) । उनले राणाकालीन सरकारी भाषा पाठशालाबाट अक्षरारम्भ गरी दुई कक्षासम्म त्यसै विद्यालयमा अध्ययन गरे । उनले त्यसपछिको माध्यमिक शिक्षा पब्लिक मा.वि., रङ्गेलीमा पूरा गरे (शोधनायकबाट प्राप्त जानकारी) । उनी पढाइप्रति लगनशील थिए, त्यसैले कक्षामा सधैँ प्रथम हुन्थे । जेहेन्दार विद्यार्थी भएका कारण उनले छात्रवृत्ति पाएका थिए । विद्यालयले उनलाई निःशुल्क

पढाउँथ्यो (शोधनायकबाट प्राप्त जानकारी) । सरक्क स्कुल जानु र छुट्टि भएपछि घरको कामका साथै अध्ययन गर्नु उनको दैनिकी थियो । एकान्तप्रेमी भएका कारण विद्यालयमा उनले साथी बनाउन सकेका थिएनन् । त्यसैले पनि उनी स्कुल छुट्टि हुनेबित्तिकै सरक्क घर फर्कन्थे । यसरी पढ्दै उनले पब्लिक मा.वि. रङ्गेलीबाट वि.सं. २०१९ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरे । यसलाई उनी काकाको देन मान्छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि केदार सत्यालको पढाइमा अवरोध आयो । उच्च शिक्षाका लागि क्याम्पसमा भर्ना गर्ने आर्थिक क्षमता नभएका कारणले उनले निकै कष्टसँग त्रिभुवन विश्वविद्यालयको निजी (प्राइभेट) परीक्षार्थीको रूपमा मानविकी सङ्कायबाट वि.सं. २०२४ सालमा नेपाली, राजनीतिशास्त्र र इतिहास विषय लिएर प्रमाणपत्र र वि.सं. २०३१ सालमा नेपाली र इतिहास विषय लिएर स्नातक तह उत्तीर्ण गरे । उनले २०४०-४१ सालमा चाहिँ नियमित छात्र भएर ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्जबाट शिक्षाशास्त्र सङ्कायमा नेपाली विषय लिएर एकवर्षे स्नातक तह उत्तीर्ण गरे (शोधनायकबाट प्राप्त जानकारी) । त्यसपछि फेरि उनले त्रिभुवन विश्वविद्यालयको निजी परीक्षार्थीकै रूपमा २०४५ सालमा संस्कृति विषय एम्.ए. पास गरे । एम्.ए., बी.एड्. गरिसकेपछि उनको औपचारिक पढाइ समाप्त भयो ।

### २.१.४ विवाह तथा दाम्पत्य जीवन

केदार सत्यालले २०२२ फागुन १२ गते मोरङ्गको इटहरा ४ बस्ने इन्द्रप्रसाद पौडेल तथा प्रेमा पौडेलकी छोरी मञ्जु पौडेलसँग वैवाहिक सम्बन्ध गाँसे । विवाह गर्दा केदार सत्यालको उमेर २१ वर्ष र मञ्जु पौडेल (सत्याल)-को उमेर १६ वर्षको थियो । सत्यालको दाम्पत्य जीवनमा कुनै उल्लेख्य रमाइला तथा नरमाइला क्षण छैनन् । उनी सामान्य जीवन व्यतीत गर्दै यो उमेरसम्म आएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

केदार सत्यालका एक छोरी र तीन छोरा गरी जम्मा चार सन्तान छन् । विवाह भएको दुई वर्षपछि २०२४ सालमा उनीहरूको पहिलो सन्तानको रूपमा छोरी कल्पनाको जन्म भयो । त्यसपछि २०२६ सालमा जेठो छोरो सुरेन्द्र (सुधीर), २०२९ सालमा माइलो छोरो सुवास र २०३१ सालमा कान्छो छोरो सुमनको जन्म भयो (शोधनायकबाट प्राप्त जानकारी) । हाल छोरी कल्पना, छोराहरूमा जेठो सुरेन्द्र (सुधीर) र कान्छो सुमनचाहिँ काठमाडौंमा बसिरहेका छन् भने माइलो छोरो सुवासलाई 'इडिभी' परेर परिवारसहित अमेरिकामा बसोबास गर्छन् (शोधनायकबाट प्राप्त जानकारी) । हालसम्म केदार सत्यालको दाम्पत्य जीवन सुखमय, सरल र संयमित भएर अघि बढेको देखिन्छ ।

### २.१.५ पारिवारिक आर्थिक अवस्था

केदार सत्यालको जन्म निम्नमध्यम वर्गीय ब्राह्मण परिवारमा भएको हो । उनका बुबाको जग्गाजमिन आफ्नो लागि खान-लाउन पुग्नेगरी थियो (शोधनायकबाट प्राप्त जानकारी) । उनका बुबाले रामेछापको मन्थलीको खेती बेचेर सिन्धुली जिल्लाको बेलघारी, तीनपाटनमा किनेका थिए । उनका बुबाको मृत्युको २-३ वर्षपछि स्थानीय 'चँदाहा' खोलाले त्यहाँको सबै खेतीपाती बगायो । त्यसपछि असली सुकुम्बासी भएका उनले प्रवेशिकापछि जागिर खाएर आर्थिक अवस्था सुधार्न थाले (शोधनायकबाट प्राप्त जानकारी) ।

आफ्ना चार सन्तानलाई हुर्काएपछि केदार सत्यालकी श्रीमती मञ्जु सत्याल पनि शिक्षण पेसामा लागिन् । उनले एस्.एल्.सी. पास गरेर दश महिने शिक्षक तालिम लिएकी छन् । कक्षा आठमा पढ्दापढ्दै उनको विवाह भएको हो । बाँकी अध्ययनचाहिँ उनले विवाहपछि पूरा गरिन् (शोधनायककी श्रीमतीबाट प्राप्त जानकारी) । उनी पनि पब्लिक मा.वि., रङ्गेलीमै शिक्षिकाको काम गर्न थालेपछि दुवैजनाको तलवले घरखर्च चल्न थाल्यो । हिजोको तुलनामा आज उनीहरू धेरैतिरबाट सुखी र सम्पन्न छन् । घरको सामान्य कामकाज गर्नु तथा स्कुल गएर अध्यापन गर्नुका साथै उनी भजन पनि लेख्ने तथा गाउने गर्छिन् । उनले गाएको भजनको 'अडियो सिडी' पनि बजारमा निस्किएको छ (शोधनायककी श्रीमतीबाट प्राप्त जानकारी) ।

### २.१.६ कार्यक्षेत्र

केदार सत्याल खासगरी साहित्यिक व्यक्तित्वको नाम हो । साहित्य लेखनमात्र होइन, उनले विभिन्न साहित्यिक तथा साहित्येतर सङ्घसंस्थामा पनि आफूलाई समावेश गराएका छन् । उनले विभिन्न क्षेत्रमा सामेल भएर कार्य गरेका छन् । उनी स्थानीय काली मन्दिरको व्यवस्थापन समितिको उपाध्यक्ष भएर वि.सं. २०६४ सालदेखि अझैपनि काम गरिरहेका छन् (शोधनायकबाट प्राप्त जानकारी) । समाजमा आइपरेका वा आइपर्ने कुनैपनि काममा उनी कहिल्यै पछि पर्दैनन् । साहित्यतिर त उनी सानैदेखि नै लागेको बताउँछन् (शोधनायकबाट प्राप्त जानकारी) । यति हुँदाहुँदै पनि उनको मुख्य कार्यक्षेत्र भनेको अशिक्षित व्यक्तिहरूलाई शिक्षाको उज्यालो छर्ने ठाउँ– विद्यालय हो । प्रवेशिका परीक्षा दिनेबित्तिकैदेखि उनी शिक्षण पेसातर्फ लागेका हुन् ।

समाजको सेवा गर्ने क्रममा केदार सत्यालले कुनै राजनैतिक पार्टीको सदस्यता लिएनन् । उनले राजनीतिलाई फोहोरी खेल ठानेर त्यति सक्रियता देखाएनन् (शोधनायकबाट प्राप्त जानकारी) । समाजको सेवा गर्न कुनै पनि किसिमको राजनीति गर्नुपर्दैन र कुनै राजनैतिक

पार्टीको कार्यकर्ता वा पार्टीको दास नभएर पनि समाजसेवामा निर्धक्क लाग्न सकिन्छ भन्ने कुरा उनले प्रमाणित गरेका छन् ।

### २.१.७ रुचि

समाजसेवा लगायत साहित्यको सेवामा पनि केदार सत्याललाई विशेष रुचि रहेको छ । साहित्यका विविध विधामध्ये कविता विधा उनलाई विशेष मनपर्छ (शोधनायकबाट प्राप्त जानकारी) । दन्त्यकथाहरू, लोककथाहरू तथा सामाजिक कथाहरू पनि उनलाई त्यत्तिकै मन पर्छन् । विशेषगरी गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, विजय मल्ल आदिका कथाहरूले उनलाई छोएका छन् । कवितामा महाकवि देवकोटा र कविशिरोमणि लेखनाथका बढी रुचाएर पढ्छन् (शोधनायकबाट प्राप्त जानकारी) । उनलाई गीत, सङ्गीत पनि त्यत्तिकै मन पर्छ । धर्मराज थापाका लोकगीतहरूचाहिँ वास्तवमा गीत हुन् जस्तो लाग्छ (शोधनायकबाट प्राप्त जानकारी) । यति हुँदाहुँदै पनि सामान्य खालका गीतचाहिँ सबै नै मन पर्छन् । गीत मन परे पनि उनी कविता गुनगुनाउने गर्छन् । उनलाई सबैभन्दा बढी मनपर्ने कविता महाकवि लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' र 'भिखारी' हो । महाकवि देवकोटाकै खण्डकाव्य 'मुनामदन'-ले पनि उनलाई उत्तिकै छोएको छ (शोधनायकबाट प्राप्त जानकारी) ।

खेलकुदमा भने केदार सत्याललाई त्यति रुचि छैन । सानो छँदा उनका प्रशस्त मात्रामा साथी नभएकाले बाहिर निस्केर खेल्ने पनि गर्दैनथे, तर त्यतिबेला विशेषगरी फूटबलको प्रचलन भएकाले मोजाको फूटबल बनाएर सामान्य खेल्ने गर्थे (शोधनायकबाट प्राप्त जानकारी) ।

खानामा केदार सत्यालको विशेष रुचि भने केही पनि छैन । सबै किसिमको खाना उनी मन पराउँछन् । तैपनि उनलाई आफ्नो राष्ट्रिय खाना ढिँडो र गुन्द्रुक सबभन्दा बढी मन पर्छ । उनलाई भुटेको मकै, त्यसमा पनि फूल उठको र मकैको च्याँख्ला पनि खुब मन पर्छ । आजभन्दा पाँच-सात वर्ष अगाडिसम्म उनी माछामासु पनि मन पराएर खान्थे, तर अहिले पूर्णरूपमा शाकाहारी भएका छन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.८ स्वभाव

केदार सत्यालको बालककालको स्वभाव एकान्तप्रेमी थियो (शोधनायकबाट प्राप्त जानकारी) । कसैसँग सम्पर्क नबढाउने तथा कसैको साथ लागेर नखेल्ने किसिमको भएकाले उनले पछिसम्म पनि साथी बनाउन सकेनन् । उनको यो स्वभाव पछिसम्म नै रह्यो (शोधनायककी श्रीमतीबाट प्राप्त जानकारी) ।

केदार सत्याल बाल्यावस्थामा छँदा 'ठेस लागे बुद्धि बढ्छ' भन्ने बूढापाकाको भनाइलाई मानेर बाटामा हिँड्दा ढुङ्गामूढा आदि देखे भने बुद्धि बढाउनको लागि आफैँ ठेस लगाउँदै हिँड्थे । एकपल्ट अलि ठूलो ढुङ्गो देखेर त्यसमा ठेस लगाउँदा उनको दाहिने खुट्टाको बूढी औँलाको नङ गयो र त्यहाँबाट धेरै रगत पनि बग्यो । त्यसबेला उनलाई त्यो घाउको पीर लागेन किनकि उनलाई 'आज धेरै बुद्धि बढ्यो' भन्ने लागेको थियो, तर पछि त्यस उखानको अर्थ थाहा पाएपछि कहिलेकाहीँ यो कुरा सम्झेर उनी एक्लै हाँस्ने पनि गर्छन् र त्यतिबेलाको आफ्नो बुद्धि सम्झेर रमाइलो पनि लाग्छ (शोधनायकबाट प्राप्त जानकारी) ।

"अरू अबुझ भएमा खाइ खामोस हारौँ,
दिनपर दिन ज्यूँदो जाति आफ्नो नमारौँ"

भन्ने राष्ट्रकवि माधवप्रसाद घिमिरेको पङ्क्तिलाई सम्झेर उनले आफूलाई अरूकै सुख-सुविधामा समर्पित गर्ने इच्छा पलाइरहँदा अरूको सामु सधैँ हार्ने प्रवृत्ति बढ्यो र पछिसम्म पनि त्यही स्वभाव कायम रह्यो (शोधनायकबाट प्राप्त जानकारी) । उनका काका पण्डित ऋषिराज शर्मा ज्यादै अनुशासित भएकाले उनलाई पनि कडा अनुशासनभित्र राखे । त्यसले गर्दा कहिल्यै पनि अनुशासनहीनता, अन्याय, अत्याचार, थिचोमिचो आदिलाई मन नपराउने स्वाभिमानी स्वभाव बन्न पुग्यो (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.१.९ साहित्य लेखनमा प्रेरणा

केदार सत्याल कविता बढी मन पराउँछन् । अरू साहित्यिक विधामा पनि उनको त्यत्तिकै रुचि छ । आफूले पढेको विद्यालयमा वादविवाद, अन्ताक्षरी, वक्तृता आदिजस्ता प्रतियोगिताहरू भइरहन्थे । त्यसमा अन्य वक्ताहरू हिन्दी कविताको उदाहरण दिएर प्रष्ट पार्थे, तर उनी आफू भने नेपालीमा आफैँ कोरेर, देवकोटाले लेखेको, लेखनाथले लेखेको भनेर पुष्टि गर्दागर्दै मौलिक लेखन सुरु भयो । उनी हिन्दी लेखकहरूको गद्य तथा पद्य पढ्न बढी मन पराउँथे । उनीहरूको रचनाले केदार सत्याललाई पनि साहित्य कोरूँ-कोरूँ लाग्न थाल्यो । त्यही प्रेरणाले उनी साहित्यतर्फ प्रेरित भए (शोधनायकबाट प्राप्त जानकारी) । कविशिरोमणि लेखनाथ पौडचाल र महाकवि देवकोटासँग उनी प्रत्यक्ष प्रभावित छन् । लेखनाथकै प्रेरणाबाट उनले 'सत्य सन्देश' शीर्षक राखेर धेरैवटा कविता लेखेका छन् । देवकोटा र पौडचालगायत गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, विजय मल्ल अदिबाट पनि उनी साहित्य लेखनप्रति प्रेरित बने (शोधनायकबाट प्राप्त जानकारी) ।

## २.२ केदार सत्यालको व्यक्तित्व

कुनै पनि व्यक्तिको जीवनमा आउने घात-प्रतिघात, क्रिया-प्रतिक्रिया र जीवनभोगाइबाट अरूलाई प्रभाव पार्न सक्ने आन्तरिक तथा बाह्य निजीपनलाई व्यक्तित्व भनिन्छ । आन्तरिक

निजीपनमा उसको वंशपरम्पराले प्रभाव पारेको हुन्छ भने बाह्य निजीपनमा वातावरणले प्रभाव पारेको हुन्छ । व्यक्तिको निर्माणमा उसको पारिवारिक-आर्थिक पृष्ठभूमि, सामाजिक-सांस्कृतिक अवस्था, विविध परिवेश र उसको रहनसहन, रुचि, पेसा, सिङ्गो जीवन र जीवनप्रतिको दृष्टिकोणजस्ता कुराले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

उपर्युक्त आधारमा केदार सत्यालको समष्टि व्यक्तित्वलाई केलाउँदा उनी मूलतः शिक्षक व्यक्तित्वको रूपमा परिचित छन् । शिक्षण पेसामा लाग्दै उनले आफ्नो सिङ्गो जीवन साहित्यसाधना र समाजसेवामा समर्पित गर्दै विभिन्न व्यक्तित्वका रूपमा चिनिएका छन् । उनको व्यक्तित्वको अनेक पाटालाई विभिन्न उपशीर्षकमा राखेर निम्नानुसार अध्ययन गरिएको छ :

### २.२.१ निजी व्यक्तित्व

शारीरिक संरचनाका दृष्टिले केदार सत्यालको बाह्य व्यक्तित्व गहुँगोरो वर्ण, पाँच फिट छ इञ्च उचाई, गोलोगोलो चिटिक्क परेको र हँसिलो अनुहारमा खुलेको छ । उनी जीवनका जस्तोसुकै कठिन परिस्थितिमा पनि धैर्य, संयम र सन्तुलन नगुमाई सधैँ कर्तव्यको बाटोमा लागिरहने साहसी र उच्च मनोबल भएका व्यक्ति हुन् । सुरुसुरुमा उनी दौरा सुरुवाल तथा कमेज सुरुवाल लगाउँथे । एकवर्षे बी.एड्. पास गरेपछि भने सर्ट पाइन्ट लगाउन थाले (शोधनायकबाट प्राप्त जानकारी) । बी.ए. पास नगरून्जेलसम्म उनले कपालमा काइँयो पनि लगाएनन् । उनले बी.ए. पास नगरून्जेलसम्म कपालमा काइँयो नलगाउने र एकवर्षे बी.एड्. पास नगरून्जेलसम्म पाइन्ट नलगाउने अठोट गरेका थिए (शोधनायकबाट प्राप्त जानकारी) ।

केदार सत्यालको व्यक्तित्व मिजासिलो छ । पहिलेदेखि नै अरूका सामु हार्ने प्रवृत्ति बढेको थियो । उनी विद्यार्थीकालमा पनि अनुशासित छात्र थिए र पछि पनि अरूलाई अनुशासन तथा ज्ञान सिकाउने शिक्षक बने । अन्याय र अत्याचारलाई उनी कहिल्यै मन पराउँदैनन् (शोधनायककी श्रीमतीबाट प्राप्त जानकारी) ।

### २.२.२ साहित्यिक व्यक्तित्व

नेपाली साहित्यको इतिहासमा कतिपय साहित्यकारले एउटा विधालाई मात्र अग्रगति दिएको पाइन्छ भने कतिपय साहित्यकारले धेरै विधालाई अगाडि बढाएको पाइन्छ । त्यसैगरी केदार सत्यालले विशेषगरी कविता विधालाई अगाडि बढाएका छन् ।

केदार सत्याल कविता विधामा चिनिएका साहित्यकार व्यक्तित्व हुन् । सानै उमेरदेखि कविता लेख्न थालेका कवि सत्यालले वि.सं. २०१९ सालको गोरखापत्रको शनिवासरीय

परिशिष्टाङ्कमा 'इन्द्रेनी' शीर्षकको कविता प्रकाशित गरेपछि औपचारिक रूपमा कविको रूपमा साहित्यिक यात्रा सुरु गरेका हुन् (शोधनायकबाट प्राप्त जानकारी) । त्यसपछि उनका अरू-अरू रचनाहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित हुँदै गए । विशेषगरी विराटनगरबाट प्रकाशित हुने 'जनवार्ता' र 'हिमालचुली' पत्रिकाले उनका कविताहरू प्रकाशन गर्न थाले । सुरुदेखि नै उनी शास्त्रीय छन्दमा कविता लेख्थे । महानन्द सापकोटाले **पत्रैपत्र** कवितासङ्ग्रहको 'शुभकामना' शीर्षकको लेखमा यसो भनेका छन्– "सत्यालजी वार्णिक छन्दमा सिद्धहस्त हुनुहुन्छ र अरू छन्दतिर पनि उहाँको रुचि बढेको देखिन्छ । वार्णिक छन्दमा उहाँले शास्त्रीय मर्यादा बिगारेको छैन र पढ्दा नअड्की सर्र पढ्न सकिन्छ" (सत्याल, २०६५ : भूमिका खण्ड) । वास्तवमा उनका कविता त्यस्तै किसिमका छन् । जागिरे जीवनमा रहँदा पनि उनले साहित्य साधनालाई निरन्तरता दिइरहे । हाल उनका मौलिक र अनूदित गरी सातवटा कवितासङ्ग्रहहरूका साथै एउटा अनूदित नाटक र एउटा छन्दज्ञानको पुस्तक पनि प्रकाशित छ । उनका ती सातवटा कवितासङ्ग्रहरूमध्ये पहिलो पत्रका रूपमा रहेको **एक वर्ष**, दोस्रो पत्रका रूपमा रहेको **रम्भा-शुक संवाद** र तेस्रो पत्रका रूपमा रहेको **भर्तृहरिको 'शतक त्रयम्' पढेर**लाई एउटै पुस्तकाकार कृति **पत्रैपत्र**मा समेटेका छन् भने **खैयामका रूबाईहरू** र **निशा-निमन्त्रण**लाई एकैठाउँमा समावेश गरी एउटै पुस्तकाकार कृतिका रूपमा प्रकाशन गरेका छन् । उनका **हाम्रा कर्तव्यहरू** तथा **अलङ्कार र रसमाथि विजय** कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् ।

कविता लेख्नुका अतिरिक्त केदार सत्याल दन्त्यकथाहरू पनि सङ्कलन गर्ने गर्दछन् । विभिन्न दन्त्यकथाहरू सङ्कलन भएको उनको **दन्त्यकथा सङ्गालो** भन्ने पुस्तक पनि प्रकाशोन्मुख अवस्थामा छ । रङ्गेली क्षेत्रका आदिबासी तथा जनजातिहरूका लोककथा सङ्कलनमा पनि उनी लागिरहेका छन् । रङ्गेली क्षेत्रमा जम्मा ४८ वटा जातजातिहरू छन् । उनी ती सबै जातजातिको एक-एकवटा कथाको प्रतिनिधित्व हुनेगरी सङ्कलन कार्यमा लागेका छन् (शोधनायकबाट प्राप्त जानकारी) । रङ्गेलीको खोजपूर्ण इतिहास लेख्नमा पनि उनी व्यस्त छन् । कथा र उपन्यासका चाहिँ उनी पाठकमात्र हुन् (शोधनायकबाट प्राप्त जानकारी) ।

### २.२.३ साहित्येतर व्यक्तित्व

केदार सत्यालले साहित्यसँगै अन्य विभिन्न क्षेत्रमा हात हालेका छन् । अन्य विभिन्न व्यक्तित्वद्वारा पनि केदार सत्याललाई चिन्न सकिन्छ । उनका अरू व्यक्तित्वको परिचय विभिन्न उपशीर्षकमा निम्नानुसार उल्लेख गरिएको छ :

### २.२.३.१ शिक्षक व्यक्तित्व

केदार सत्याल एक कुशल तथा सफल शिक्षक व्यक्तित्व हुन् । प्रवेशिका परीक्षा दिइसकेपछि उनले वि.सं. २०१८ वैशाख १६ गतेबाट पब्लिक मा.वि., रङ्गेलीमा शिक्षकको रूपमा काम गर्नथाले । जुन स्कुलबाट जागिरे जीवन सुरु भयो, त्यही स्कुलबाट नै उनी सेवानिवृत्त भए । उनले वि.सं. २०१८ सालदेखि वि.सं. २०६१ सालसम्म अनवरत रूपमा शिक्षकको रूपमा काम गरिरहे (सत्याल, २०६५ : अन्तिम आवरण पृष्ठ) । पब्लिक मा.वि., रङ्गेलीबाट अवकाश प्राप्त गरेपछि पनि उनी चुप लागेर बसेनन् । हाल उनी भानु मेमोरियल एकेडेमी बोर्डिङ्ग स्कुल, रङ्गेलीसँग सम्बद्ध छन् (सत्याल, २०६५ : अन्तिम आवरण पृष्ठ) । उनी बूढेसकालमा पनि निरन्तर रूपमा शिक्षाको ज्योति फिँजाइरहेका छन् । यसबाट के बुझिन्छ भने सफल, कुशल तथा असल शिक्षकका रूपमा केदार सत्यालको शिक्षक व्यक्तित्व परिलक्षियत हुन्छ ।

### २.२.३.२ सम्पादक व्यक्तित्व

केदार सत्याललाई शिक्षकका अतिरिक्त सम्पादक व्यक्तित्वका रूपमा पनि चिनिन्छ । उनले वि.सं. २०२५ सालदेखि वि.सं. २०२८ सालसम्म पब्लिक मा.वि.रङ्गेलीको त्रैमासिक साहित्यिक पत्रिका 'गुराँस'को सम्पादन गरेका छन् । केदार सत्याल र भिखमचन्द 'सरल' गरी दुईजना मिलेर उक्त पत्रिकाको सम्पादन गरेका हुन् (सत्याल, २०६५ : अन्तिम आवरण पृष्ठ) ।

वि.सं. २०२५ सालमा पब्लिक मा.वि., रङ्गेलीको ऐतिहासिक दस्तावेजका रूपमा प्रकाशित 'स्मारिका'को पनि केदार सत्यालले नै सम्पादन गरेका हुन् । उनले ज्ञाननिधि सन्तमान निष्णात् स्वामी श्री दलबहादुर बाबाको जीवनी र प्रवचनसँग सम्बद्ध ग्रन्थको पनि सन् २००२ मा भारतीय नागरिक डा. सच्चिदानन्द पाठकसँग सहलेखन गरी सम्पादन गरेका छन् (सत्याल, २०६५ : अन्तिम आवरण पृष्ठ) । त्यसैले केदार सत्याललाई सम्पादक व्यक्तित्वको रूपमा पनि चिनिन्छ ।

### २.२.३.३ अनुवादक व्यक्तित्व

केदार सत्याल एक सफल अनुवादक पनि हुन् । कसैको रचनालाई त्यसको भाव नखल्बलिने गरी अनुवाद गर्नु एकदम कठिन कार्य हो, तर उनले विभिन्न विदेशी साहित्यकारहरूको रचनालाई सरल नेपाली भाषामा अनुवाद गरेका छन् । अनुवाद गर्ने क्रममा उनले कुनैलाई भावानुवाद गरेका छन् भने कुनैलाई छायानुवाद गरेका छन् । उनको **भेटी** कवितासङ्ग्रहभित्रका १५५ वटा कविताहरूमध्ये ३२ वटा कविता विभिन्न हिन्दी तथा अङ्ग्रेजी कविहरूका कविताको भावानुवाद तथा छायानुवाद हुन् । उनले **पत्रैपत्र** नामको कवितासङ्ग्रहमा

दोस्रो पत्रको रूपमा रहेको **रम्भा-शुक संवाद** र तेस्रो पत्रका रूपमा रहेको भर्तृहरिको **शतक त्रयम्**को सफल अनुवाद गरेका छन् । उनका **खैयामका रूबाईहरू र निशा निमन्त्रण**मा रहेका सम्पूर्ण कविताहरू अनूदित हुन् । यसमा उनले उमर खैयामका रूबाईहरू र हरिवंशराय 'वच्चन'को बहुचर्चित कृति **निशा निमन्त्रण**को सफल अनुवाद गरेका छन् ।

केदार सत्यालले कविताको मात्रै नभएर सिङ्गो नाटकको पनि अनुवाद गरेका छन् । नाटककार स्व. भारतेन्दु हरिश्चन्द्रको नाटकलाई अनूदितजस्तो नपारी नेपालीकरण गरेका छन् । अनुवादका क्रममा नाटकलाई रोचक तथा मौलिक पार्न कतै आफ्नो भाव पनि हालेका छन् ।

उपर्युल्लिखित विवरणबाट के प्रष्ट हुन्छ भने केदार सत्याल एक कुशल अनुवादक पनि हुन् अथवा उनलाई एक कुशल अनुवादकका रूपमा पनि चिनिन्छ ।

### २.२.३.४ सामाजिक व्यक्तित्व

केदार सत्यालका विभिन्न व्यक्तित्वमध्ये सामाजिक व्यक्तित्व पनि एक हो । समाजमा परिआएका काममा उनी दिन-रात तथा झरी-बादल नभनी लागिपर्छन् । उनी विभिन्न सामाजिक संस्थाहरूमा आबद्ध छन् । उनी स्थानीय काली मन्दिरको व्यवस्थापन समितिको उपाध्यक्षको रूपमा वि.सं. २०६४ सालदेखि सेवारत छन् (शोधनायकबाट प्राप्त जानकारी) । उनी स्थानीय नेपाल युवा पुस्तकालयको सदस्य भएर पनि काम गरिरहेका  छन् । जागिरे जीवनमा रहँदा पनि उनी पुस्तकालयलगायत अन्य विभिन्न संस्थामा आबद्ध थिए (शोधनायकबाट प्राप्त जानकारी) । समाजमा सबैसँग मिलेर बस्नुपर्छ भन्ने भावना भएका उनी गाउँमा उच्च व्यक्तित्व वा समाज सुधारक व्यक्तित्वका रूपमा परिचित छन् ।

### २.२.३.५ अन्य व्यक्तित्व

केदार सत्याललाई रङ्गेली, मोरङ्गको पहिलो सभा-सञ्चालक तथा उद्घोषकका रूपमा र पहिलो पत्रकारका रूपमा पनि चिनिन्छ । त्यसैले उनमा पत्रकार व्यक्तित्व तथा उद्घोषक व्यक्तित्व पनि अन्तर्निहित छ ।

जे होस् केदार सत्यालले व्यक्तिगत जीवनको अनवरत यात्रामा धेरै किसिमका व्यक्तित्वको निर्माण तथा विकास गरेका छन् । उनलाई कवि व्यक्तित्वका साथै शिक्षक व्यक्तित्वले पनि चिनाएको छ । सामाजिक व्यक्तित्वको रूपमा पनि उनी त्यत्तिकै परिचित छन् । यसप्रकार उनले आफूलाई साहित्यसाधकका साथै शिक्षक व्यक्तित्वका रूपमा चिनाएका छन् ।

# अध्याय तीन

# केदार सत्यालका प्रकाशित कृतिहरू र तिनको अध्ययन

## ३.१ केदार सत्यालका प्रकाशित कृतिहरू

सिन्धुली जिल्लाको बेलघारी, तीनपाटनमा जन्मिएका एक साहित्य साधकको नाम केदार सत्याल हो । उनले नेपाली साहित्यको साधना गर्ने क्रममा विभिन्न पुस्तकाकार कृतिको रचना गरेका छन् भने हिन्दी, संस्कृत, अङ्ग्रेजी आदि भाषामा प्रकाशित केही कृति तथा फुटकर कविताको अनुवादसमेत गरेका छन् । प्रकाशन वर्षका आधारमा उनका मौलिक र अनुवाद गरी प्रकाशन भएका कृतिहरू निम्न छन् :

| कृतिको नाम | विधा | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|---|
| भेटी (मौलिक र अनूदित) | फुटकर कविता सङ्गालो | वि.सं. २०२३ | लेखक स्वयं |
| पत्रैपत्र | कवितासङ्ग्रह | वि.सं. २०२४ | लेखक स्वयं |
| खैयामका रूबाईहरू (अनूदित) | कवितासङ्ग्रह | वि.सं. २०३२ | अनुवादक स्वयं |
| सत्य हरिश्चन्द्र (अनूदित) | नाटक | वि.सं. २०३३ | मञ्जु सत्याल |
| छन्दमाथि विजय | छन्द परिचय | वि.सं. २०३४ | विद्यार्थी गण |
| दर्पण | कवितासङ्ग्रह | वि.सं. २०६५ | लेखक स्वयं |
| रम्भा-शुक संवाद (अनूदित) | कवितासङ्ग्रह | वि.सं. २०६५ | लेखक स्वयं |
| भर्तृहरिको 'शतक त्रयम्' पढेर (अनूदित) | कवितासङ्ग्रह | वि.सं. २०६५ | लेखक स्वयं |
| निशा-निमन्त्रण (अनूदित) | कवितासङ्ग्रह | वि.सं. २०६५ | लेखक स्वयं |

उपर्युक्त तालिकाको आधारमा के थाहा पाइन्छ भने केदार सत्यालले मौलिक र अनूदित गरी जम्मा नौवटा पुस्तकाकार कृति प्रकाशन गरेका छन् । उनका ती कृतिमध्ये **भेटी** फुटकर कविता सङ्गालो पहिलो हो । यो कृति वि.सं. २०२३ सालमा पहिलोपटक र वि.सं. २०५६ सालमा दोस्रोपटक प्रकाशित भएको थियो । वि.सं. २०६५ सालमा तेस्रोपटक प्रकाशित हुँदा भने यो कवितासङ्ग्रह संशोधित र परिमार्जित भएर प्रकाशित भएको छ । उनको **पत्रैपत्र** कतितासङ्ग्रह वि.सं. २०२४ सालमा पहिलोपटक प्रकाशित भएको थियो भने वि.सं. २०६५ सालमा दोस्रोपटक प्रकाशित भएको छ । त्यसैगरी उनको अर्को कवितासङ्ग्रह **खैयामका रूबाईहरू** २०३२ सालमा प्रथमपटक प्रकाशित भएको थियो भने २०६५ सालमा संशोधन भएर प्रकाशित भएको छ । यसका मूल रचनाकार हरिवंशराय 'वच्चन' हुन् । उनले यसलाई अनुवादमात्र गरेका हुन् । उनको २०३३

सालमा प्रकाशित **सत्य हरिश्चन्द्र** नाटक पनि अनूदित कृति नै हो । यसका मूल लेखक भारतेन्दु हरिश्चन्द्र हुन् ।

केदार सत्यालले **छन्दमाथि विजय** भन्ने छन्दज्ञानसम्बन्धी पुस्तक पनि वि.सं. २०३४ सालमा प्रकाशन गरेका छन् । यस पुस्तकमा माध्यमिक स्तरमा पढाइ हुने विविध छन्दको परिचय समावेश गरेका छन् (शोधनायकबाट प्राप्त जानकारी) । उनको अर्को कवितासङ्ग्रहको नाम **दर्पण** हो । यस सङ्ग्रहमा उनले वि.सं. २०३६ सालदेखि २०४४ सालसम्म रचेका कवितालाई पूर्वार्द्ध चरण र वि.सं. २०४४ सालदेखि २०५० सालसम्म रचेका कवितालाई उत्तरार्द्ध चरण गरी दुई भागमा बाँढेका छन् । यस कृतिमा उनका विशुद्ध आफ्ना कविताहरूमात्र सङ्गृहित छन् ।

केदार सत्यालका **रम्भा-शुक संवाद**, **भर्तृहरिको 'शतक त्रयम्' पढेर** र **निशा-निमन्त्रण** कृतिहरू २०६५ सालमा प्रकाशित भएका हुन् । यी सबै कृतिहरू अनूदित हुन् । यिनीहरू छुट्टाछुट्टै पुस्तकका रूपमा प्रकाशित नभई **रम्भा-शुक संवाद** र **भर्तृहरिको 'शतक त्रयम्' पढेर** कृति **पत्रैपत्र** कवितासङ्ग्रहमा दोस्रो र तेस्रो पत्रका रूपमा छन् भने **निशा-निमन्त्रण**चाहिँ **खैयामका रूबाईहरू र निशा निमन्त्रण**भित्र सङ्गृहित छ । यस शोधपत्रमा उनका उपर्युक्त कृतिहरूमध्ये मौलिक कृतिहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । त्यसमा कवितासङ्ग्रहहरूमात्र पर्ने भएकाले कविताका विभिन्न तत्त्वका आधारमा ती कवितासङ्ग्रहको अध्ययन गरिएको छ । उक्त कृतिहरूमध्ये **छन्दमाथि विजय** कृति उपलब्ध हुन नसकेकोले यहाँ अध्ययन गरिएको छैन ।

## ३.२ कविताको सामान्य चिनारी

साहित्यका विभिन्न विधामध्ये कविता विधा पनि एक हो । यो साहित्यको रागात्मक वा सौन्दर्यपरक भेद हो । साहित्यका अन्य विधाजस्तै कविता विधालाई पनि स्पष्ट गरी चिनाउन यसका सम्पूर्ण सिद्धान्तका आधारमा हेर्नुपर्ने हुँदा यो कार्य ज्यादै कठिन मानिन्छ । समय-समयमा यसको स्वरूप पनि परिवर्तन भइरहन्छ । समयक्रममा देखापर्ने स्वरूपगत परिवर्तनले गर्दा कविताको परिभाषामा पनि परिवर्तन आउने भएका कारण यसको स्थायी परिभाषा गर्न पनि गाह्रो छ (लुइटेल, २०६० : २) । तापनि कवितालाई चिनाउने क्रममा विभिन्न व्यक्तिहरूले आफ्नो भनाइ उल्लेख गरेका छन् । यसै क्रममा कवितालाई चिनाउन आएका भनाइहरू यसप्रकार छन्– "आफ्ना संवेदनशील अनुभूति र मानस-सरोवरबाट तरङ्गित हुँदै आएका भावलाई छन्द वा लयमय रूपले प्रकट गरिएको कृति वा रचनालाई कविता भनिन्छ" (शर्म्मा 'नेपाल', २०५७ : २४२) । "व्यापक अर्थमा सबै प्रकारका पद्यात्मक वा गद्यात्मक रचना र सामान्यतः छन्द, गति वा मुक्तकका विभिन्न प्रकारमा रचिएका कुनै एक विषय वा भावनाका फुटकर पद्यात्मक वा गद्यात्मक लययुक्त

रचनालाई कविता भनिन्छ" (पराजुली, २०६० : २०३) । वास्तवमा कविता भनेको मानिसका मनमा भएका स्वतन्त्र भावनाको प्रकटीकरण हो । "कवितामा अन्तराख्यान वा आख्यान मानवीय अनुभव-जगत्को लयात्मक कविता कथनको कौशल विशिष्टताभित्र एक सहकारी विधि-प्रविधिमात्रै रहन्छ" (त्रिपाठी र अन्य, २०६० : १५) । "भाव, विचार वा घटनाको विशिष्ट लयात्मक भाषिक संरचना कविता हो" (लुइटेल, २०६० : १८) ।

साहित्यका अन्य विधाजस्तै कविता विधामा पनि केही निजी तत्त्वहरू हुन्छन् । कविताभित्र पाइने कल्पना, भाव, रस, ध्वनि आदिजस्ता पक्षहरू कविताका आन्तरिक तत्त्वभित्र आउँछन् भने रीति, गुण, अलङ्कार आदिजस्ता पक्ष बाहिरी तत्त्वमा पर्दछन् । कविताका मुख्य तत्त्वहरू यी हुन्– शीर्षक, संरचना, विषयवस्तु, छन्द तथा लयविधान, भावविधान, भाषाशैली, कथनपद्धति, बिम्ब र अलङ्कार । यी तत्त्वहरूको सामान्य परिचय यसरी दिइएको छ :

### ३.२.१ शीर्षक

शीर्षक कविताको महत्त्वपूर्ण तत्त्व हो । यो कविता कृतिको नामाकरणमात्र नभई कृतिभित्रका सारभूत भावविचारको उद्घाटन गर्ने एक अङ्ग हो । शीर्षक विशेषीकृत भएमा कृतिका आन्तरिक तथा बाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तुको केन्द्रीय कथनलाई खुलासा गर्दछ (त्रिपाठी र अन्य, २०६० : १७) । शीर्षक र कृतिमा व्यक्तिको विषयबीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । कविताको शीर्षक हेरेर नै त्यसभित्र भएका अन्य तत्त्वका बारेमा आँकलन गर्न सकिन्छ । शीर्षकविहीन कविता कविता नै नहुने भएकाले कवितामा शीर्षक अपरिहार्य छ ।

### ३.२.२ संरचना

सामान्यतया संरचना भन्नाले कुनै वस्तुलाई व्यवस्थित एवं सङ्गठित रूपमा एकतृत गर्नु भन्ने बुझिन्छ । निश्चित विन्यासको ढाँचा भएका विभिन्न अंश र पूर्णको सहअस्तित्वलाई संरचना भनिन्छ । संरचनालाई अझ प्रष्टसँग चिनाउँदा यसको परिभाषा यस्तो छ– "विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन्त र स्वनिष्ठ अस्तित्व वा सत्तालाई संरचना भनिन्छ" (लुइटेल, २०६० : ६१) ।

साहित्यका प्रत्येक विधाको आ-आफ्नै किसिमको विशिष्ट संरचना हुन्छ । त्यसैगरी कविता विधाको पनि आफ्नो विशिष्ट संरचना छ । यस्तो खालको विशिष्ट संरचनामा भाव र शैली पर्छन् ।

यिनलाई विशिष्टता प्रदान गर्न चयन, विचलन, प्रयुक्ति, विविधता आदिले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् (लुइटेल, २०६० : ६८) । कविताको बनोटको स्थितिलाई संरचना भनिन्छ । संरचना आन्तरिक र बाह्य गरी दुई किसिमको हुन्छ । सीधै कविकथन, आख्यानीकरण र नाटकीकरणका सूक्ष्म वा बृहत् प्रक्रियालाई आन्तरिक संरचना भनिन्छ । कविताको केन्द्रीय कथ्य, भाव वा विचारको उठान, विकास र कविताको अन्तिम निष्कर्ष आन्तरिक संरचनाभित्र पर्दछन् । कविताको बाह्य संरचना पंक्ति र पंक्तिपुञ्जका लयविधानसँग आबद्ध रहन्छ, तर ढाँचाभित्रको अन्तर्लय भने बाह्य संरचना मात्र होइन । खासगरी कविताको बाह्य संरचनामा भाषिक वा शैलीगत प्राप्तिका साथै विविध श्लोक वा अनुच्छेद-योजना, भाग, परिच्छेद, सर्ग-योजना आदि पर्दछन् (त्रिपाठी र अन्य, २०६० : १७) ।

### ३.२.३ विषयवस्तु

विषयवस्तु पनि कविताको एउटा अपरिहार्य तत्त्व हो । विषयवस्तुविना कुनै पनि कृतिको संरचना तयार हुँदैन । यो विधाअनुसार फरक हुन्छ । प्रायः सबैजसो सर्जकले आफूले देखे-भोगेको समाजको वा जीवन-जगत्को कुनै एउटा सानोभन्दा सानो विषयलाई लिएर कविता लेख्न सक्दछन् । यस्तो अवस्थामा विषयवस्तुको चयनमा सचेतता अपनाउन सके कविता सुन्दर हुन्छ । त्यसकारण कविता सुन्दर बनाउन हरेक रचनाकारले उत्कृष्ट किसिमको नै विषयवस्तु चयन गर्ने प्रयत्न गर्नुपर्दछ ।

### ३.२.४ छन्द तथा लयविधान

कविता, गीत तथा सङ्गीतको एउटा अङ्गलाई छन्द भनिन्छ । छन्दको खास अर्थ छाँट वा ढङ्ग भन्ने हुन्छ । त्यसैले कवितामा यसको आफ्नै अस्तित्व छ । एउटै गति र यतिमा पढ्न सकिने लयलाई प्रयोगात्मक नेपाली शब्दकोशले छन्द भनेको छ (अधिकारी र भट्टराई, २०६६ : ३२८) । “छन्दले कविताका पङक्तिहरूमा हुने लयात्मक एकाइहरूको प्रकार र सङ्ख्यालाई सङ्केत गर्ने तथा कवितामा बलाघातपूर्ण वा बलाघातरहित अक्षरहरूको ढाँचालाई पनि जनाउँछ । छन्दमा लयको विराम र बलाघात त्यसको बलाघातीय एकाइका प्रमुख चरणमा औपचारिक र नियमित ढाँचाले सङ्गठित हुन्छ र यसले कविताका पङ्क्तिहरूमा रहेका अक्षरसङ्ख्या र बलाघातपूर्ण वा बलाघातरहित अक्षरसङ्ख्या दुवैलाई नियमित गर्छ” (लुइटेल, २०६० : १४०) । छन्दलाई खासगरी वार्णिक, मात्रिक तथा वर्णमात्रिक भनी अध्ययन गरिन्छ । वार्णिक छन्दमा वर्ण गनिन्छ, मात्रिक छन्दमा मात्रा गनिन्छ र वणमात्रिक छन्दमा वर्ण र मात्रा दुवै गनिन्छ ।

लयलाई कविताको बाहिरी तत्त्वको रूपमा पनि लिन सकिन्छ । लयको खास अर्थ एकाग्रता, तल्लीनता आदि हुन्छ । लय कला, काव्य र सङ्गीतमा मात्र नभई मानवीय जीवनका प्रत्येक क्षण र जीवन-जगत्का सारा गतिविधिमा व्याप्त हुन्छ र कुनै न कुनै रूपमा त्यसको अनुभव गर्न सकिन्छ (लुइटेल, २०६० : १३७) । अन्य विधाबाट फरक हुने यो तत्त्व कवितामा अपरिहार्य छ । लयगत विशेषताले गर्दा नै साहित्यका अन्य विधाबाट कविता विधा छुट्टिन्छ । "यो लयविधान प्रथमतः भाषिक स्वर-व्यञ्जनवर्णका वर्णगत ध्वनिको साम्यवैषम्य दुवैमा भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र कविता कृतिका चरण/पाउ वा पङ्क्ति हरफको गतिक्रम र यतिविधानबाट थालिन्छ" (त्रिपाठी र अन्य, २०६० : १८) । लयले भाषिक उच्चारण अवस्थामा वर्णगत आरोह-अवरोह वा सुर-काललाई सङ्गति दिएर श्रुतिमोहक बनाउँछ । छन्दविना पनि कविता लेख्न सकिन्छ, तर लयविनाको कविता कल्पना पनि गर्न सकिँदैन । पद वा पदावलीअन्तर्गतका सम्पन्न ध्वनि भएका स्वर-व्यञ्जनवर्णहरूको आवृत्तिबाट निस्कने अनुप्रासले पनि लयको सिर्जना गर्दछ ।

### ३.२.५ भावविधान

कविताको अर्को महत्त्वपूर्ण तत्त्वको नाम भावविधान हो । भाव नभएको कविताको कुनै अर्थ रहँदैन । कविताले कुनै न कुनै भाव बोकेकै हुन्छ । भाव भनेको कविताको केन्द्रीय कथ्य हो, सार हो, चुरो हो । कवितामा जीवन-जगत्का यावत् पक्षहरू समेटिने मात्र होइन, पूरै प्रकृति-जगत्का बाह्य तथा आन्तरिक सूक्ष्म ज्ञानराशिसमेत समेटिन सक्छ । "सीधै आत्मालापी कवि कथनात्मक, आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन-जगत्को कथन गरिए पनि त्यसको चुरो स्वरूप केन्द्रीय कथ्यचाहिँ कुनै भाव विचार नै हुन्छ र परिणाममा चाहिँ कवितामा त्यो अनुभव वा सूक्ष्म विचार भावमय-रागमय कलात्मक रूपान्तरण हुनुपर्ने हुन्छ" (त्रिपाठी र अन्य, २०६० : २०) । भाव भनेको कविताको आत्मा हो, मुटु हो, सास हो । "कविता सुन्दा वा पढ्दा मस्तिष्कमा उत्पन्न हुने एक किसिमको विद्युतीय तरङ्गको कारण भाव नै हो, जो धेरै समयपछिसम्म पनि मनको कुनै कुनामा स्थायी रूपमा रहिरहन्छ" (नेपाल, २०६२ : ८) । जुन कविताले मानव-मनको कुनामा तुरून्तै ठाउँ पाउँछ, त्यो उत्कृष्ट भाव भएको कविता कहलाउँछ । त्यसैले पनि कवितामा भावको उत्कृष्टता आवश्यक हुन्छ ।

### ३.२.६ भाषाशैली

भावप्रकाशनका लागि गरिने अभिव्यक्ति कौशल नै भाषाशैली हो । यसले कवितालाई लयात्मक बनाउँछ । उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित, रागात्मक, व्यञ्जक र

लयात्मक हुन सक्ने गरी भाषिक छनौट गरी लेखिएको कविता बढी मिठासपूर्ण हुन्छ (त्रिपाठी र अन्य, २०६० : १८) । "कवितालाई मूर्त तुल्याउने साधन भाषा हो यसको प्रयोगगत विविधताका आधारमा विधागत विभेद जन्मन्छ । अन्य गद्य विधाका तुलनामा कविताको भाषा लयात्मक, रागात्मक, ध्वन्यात्मक, सौन्दर्यमूलक, आलङ्कारिक, भावोपयोगी, विचलनयुक्त, सुगठित, गतिहीन हुनाका साथै अधिकांशतः उच्च प्रयुक्ति र अंशतः मध्यम प्रयुक्तिमा आधारित हुन्छ" (लुइटेल, २०६२ : १०७) ।

कवितामा प्रयोग गरिने सङ्गठनगत पद्धति वा तरिकालाई शैली भनिन्छ । प्रत्येक व्यक्तिको आ-आफ्नै शैली हुन्छ । भाषाशैलीद्वारा जनमानसमा बोलिने कच्चा वा सामान्य भाषालाई साहित्यकार अथवा स्रष्टाले परिष्कार र परिमार्जन गरी विशिष्ट बनाउँछ भने यो उसको शैली हो । "सामान्यार्थमा कुनै काम गर्ने ढङ्ग वा तरिका तथा साहित्यिक सन्दर्भमा भाषिक अभिव्यक्तिको ढङ्ग वा तरिका नै शैली हो" (लुइटेल, २०६० : ११३) ।

## ३.२.७ कथनपद्धति

कथनपद्धति कविताको महत्त्वपूर्ण तत्त्व हो । कथनपद्धतिको माध्यमबाट कविताको भाव प्रकट हुन्छ । कवि आफैँ सीधै कुनै कवितात्मक कथन गर्दछ भने कविप्रौढोक्ति कथनपद्धति हुन्छ र कविले आफ्ना आत्मालापी कथ्य कुरालाई आख्यानीकृत गर्दछ भने अथवा अरू कसैद्वारा व्यक्त गराउँछ भने त्यो कविनिबद्धवक्तृप्रौढोक्ति कथनपद्धति हुन्छ (त्रिपाठी र अन्य, २०६० : १९) । कविले जुन रूपमा जीवन-जगत्को वर्णन गरे पनि त्यसको केन्द्रीय तत्त्व भाव नै रहेको हुन्छ । यो भाव कवितामा कविले कतै कविप्रौढोक्ति कथनपद्धतिमा र कतै कविनिबद्धवक्तृप्रौढोक्ति ढाँचामा प्रकट गर्दछन् ।

## ३.२.८ बिम्ब र अलङ्कार

बिम्बको शाब्दिक अर्थ छाया, प्रतिरूप, प्रतिमा आदि हुन्छ । व्यापक अर्थमा बिम्बले साहित्यका कुनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय र अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणलाई सङ्केत गर्ने सम्पूर्ण शब्दहरूलाई जनाउँछ (लुइटेल, २०६० : ११८) । बिम्ब भनेको मुख्य अर्थको प्रतिच्छायाका रूपमा आउने प्रतीयमान अर्थ हो (त्रिपाठी र अन्य, २०६० : १९) । कविता पढ्दा अरू कुनै कुराको आभाष पाइन्छ भने त्यो नै बिम्ब हो (पराजुली, २०६० : २०३) । बिम्बले शब्दचित्रको संरचना गरी शब्द वाक्यांशको आफ्नै स्वाभाविक अर्थमा उभिएर भावको क्रमिकता, वितरण र उचाइ-गहिराइको आयाम थपेर कलात्मक सशक्तता बढाउँछ (बराल र अन्य, २०५५ :

५२३) । कुनै चिज वा वस्तु हेर्दा त्यो वस्तुका बारेमा आफ्नो मानस्पटलमा जस्तो छाया वा चित्र बन्छ, त्यो नै बिम्ब हो ।

अलङ्कारलाई कविताको बाहिरी रूप मानिन्छ । कवितामा सरसता, रोचकता, मिठास आदि ल्याउन यसले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अर्थगत वा शब्दको विन्यासद्वारा कवितालाई सुन्दर बनाउने तत्त्वलाई अलङ्कार भनिन्छ (पराजुली, २०६० : ७५) । अलङ्कारले अपूर्णलाई पूर्ण तथा असमर्थलाई समर्थ बनाउँछ (बराल र अन्य, २०५५ : ४९) । अलङ्कार भनेको गहना हो । जसरी गहनाले मानिसलाई सुन्दर बनाउँछ, त्यसैगरी अलङ्कारले कवितालाई सुन्दर बनाउँछ । व्यावहारिक अर्थमा अपूर्णलाई पूर्ण, असमर्थलाई समर्थ तुल्याउन सक्ने काव्यतत्त्वको नाम अलङ्कार हो भन्ने बुझ्न सकिन्छ (बराल र अन्य, २०५५ : ४९) ।

## ३.३ केदार सत्यालका प्रकाशित कृतिहरूको अध्ययन

केदार सत्यालका मौलिक र अनूदित गरी जम्मा नौवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । यस शोधपत्रमा ती नौवटा कृतिहरूमध्ये उनका मौलिक कृतिहरूको मात्र अध्ययन गरिएको छ । उनका मौलिक कृतिमध्येकै **छन्दमाथि विजय** शीर्षकको छन्दज्ञानसम्बन्धी पुस्तक प्राप्त नभएकाले यहाँ त्यस कृतिको अध्ययन गरिएको छैन । उनका अन्य मौलिक कृतिहरूको निम्नानुसार अध्ययन गरिएको छ :

### ३.३.१ 'भेटी' कवितासङ्ग्रहको अध्ययन

**भेटी** कवितासङ्ग्रहभित्र केदार सत्यालले आफैँ रचेका र अन्य विभिन्न भाषाका साहित्यकारहरूका कविताको छायानुवाद र भावानुवाद गरेर प्रस्तुत गरेका गरी जम्मा १५५ वटा कविताहरू सङ्गृहित छन् । यस सङ्ग्रहमा धार्मिक, नैतिक, सामाजिक आदि चेत बोकेका कुनै लामा आयामका र कुनै एकदम छोटा आयामका कविताहरू सङ्गृहित छन् । यसमा भएका धेरैजसो कविताहरूचाहिँ मझौला आकारका छन् । यस सङ्ग्रहलाई कविताका तत्त्वका आधारमा निम्नानुसार अध्ययन तथा विश्लेषण गरिएको छ :

#### ३.३.१.१ शीर्षक

केदार सत्यालले प्रथम कवितासङ्ग्रहको नाम **भेटी** राखेका छन् । भाषा मन्दिरमा पहिलोपल्ट चढाउन ठीक पारेको हुनाले उनले यस कृतिको नाम **भेटी** राखे । उनको आफ्नो अभिव्यक्ति यस्तो छ– "मनको तुल्बुल मेटाउने क्रममा तयार भएका कविताहरूलाई खरायोको

जस्तो नभएर कछुवाको चालले घस्रेर भए पनि भाषा-मन्दिरको सँघारसम्म पुग्ने भित्री इच्छा भएकाले त्यहाँ पुगेर भक्तिभावपूर्वक चढाउने उद्देश्यले यो **भेटी** नामाकरण भएको हो" (सत्याल, २०६५ : भूमिका खण्ड) । शीर्षकले अभिधात्मक तथा प्रतीकात्मकमध्ये कुनै एकलाई समातेको हुनुपर्छ भन्ने मान्यतालाई अनुसरण गर्दै यसको शीर्षकले प्रतीकात्मक अर्थलाई आत्मसात् गरेको छ । उनले कवित्व शैलीमा नै यस सङ्ग्रहको शीर्षकको सार्थकता देखाएका छन् । त्यसको उदाहरण :

न मीठो भाव, भाषा छ- न छ शैली मनोहर
भाषा मन्दिरमा भेटी- अर्पिन्छु भक्तिले तर (सत्याल, २०६५ : भूमिका खण्ड) ।

उनको उपर्युक्त कविताांशबाट नै यसको शीर्षकको सार्थकता देखिन्छ । थोरैमा एक शब्द (आदेश, याचना आदि)-देखि बढीमा छ शब्द (जय माँ काली, जय माँ दुर्गे)-सम्मका शीर्षक रहेका यस सङ्ग्रहका कविताहरू प्रतीकात्मक, व्यङ्ग्यात्मक, सङ्क्षिप्त र सारपूर्ण रहेका छन् । यसमा विशेषगरी भक्तिपरक कविता बढी भएकाले पनि साँच्चै नै केदार सत्यालले भाषा-मन्दिरमा चढाएको भेटी ठान्दा यो सङ्ग्रहको शीर्षक प्रतीकात्मक रूपले सार्थक रहेको छ ।

### ३.३.१.२ संरचना

केदार सत्यालको **भेटी** कवितासङ्ग्रह आवरण पृष्ठ, भूमिका खण्ड तथा विषयसूची गरी जम्मा २०८ पृष्ठमा संरचित छ । यसमा चार हरफदेखि ११० हरफसम्मका जम्मा १५५ वटा कविताहरू सङ्गृहित छन् । यी कविताहरूमध्ये 'बुद्धिमान र मूर्ख' (पृ.५०), 'अनमोल आँसु' (पृ.५३), 'दानशीलता' (पृ.६८), 'गरिब र धनी' (पृ.७४), 'चोखी नीति' (पृ.१०२) आदिजस्ता कविताहरू चार हरफको संरचनामा संरचित छन् भने 'इशावस्यः उपनिषद' (पृ.१८२) ११० हरफको सबैभन्दा लामो संरचनामा संरचित छ । यसमा सबैभन्दा बढी कविताचाहिँ मझौला आयाम भएका छन् । मझौला आयाम भएका कविताहरूमा 'प्रार्थना' (पृ.१, हरफ सङ्ख्या ३६), 'जन्मभूमि नेपाल' (पृ.३, हरफ सङ्ख्या ५२), 'दुइटा फ्याउरोको मैत्री' (पृ.७, हरफ सङ्ख्या ४८), 'परोपकारी मौरी र पन्छी' (पृ.२९, हरफ सङ्ख्या ४४), 'धूर्त स्याल र हुस्सू काग' (पृ.४४, हरफ सङ्ख्या ४०), 'अभियान गीत' (पृ.५४, हरफ सङ्ख्या ३८), 'सन्त परम्परा' (पृ.५६, हरफ सङ्ख्या ६०) आदि पर्दछन् ।

### ३.३.१.३ विषयवस्तु

केदार सत्यालले आफ्ना वरिपरिको जीवन-जगत्मा देखा परेका सुख-दुःख, माया-प्रीति, आफ्ना भोगाइहरू आदिलाई समेटेर आफ्ना कविताको विषयवस्तु बनाएका छन् । कुनै वाद वा

मान्यतालाई अनुसरण गरेर कविता रच्नुभन्दा पनि स्वतन्त्र तथा स्वच्छन्द किसिमका र आफ्नै विचारअनुसारका कविताले यो सङ्ग्रह भरेका छन् ।

केदार सत्यालले समाजमा सकारात्मक सन्देश दिने उद्देश्यले समाजको यथार्थ तथ्यलाई 'सत्य सन्देश' नामक कविताबाट आफ्ना भाव प्रस्तुत गरेका छन् । उनले धेरैवटा कविताको शीर्षक 'सत्य सन्देश' राखेका छन् । उनका यी सबै कविताका विषयवस्तु लगभग एकै किसिमका छन् । उनले कुनैमा मान्छेको भाग्य र कीर्तिलाई विषयवस्तु बनाएका छन् भने कतै महापुरुष त कतै स्वर्ग र कतै नरकलाई विषयवस्तु बनाएका छन् । त्यस्तै विषयवस्तु भएको एउटा कवितांश :

हो कोही भाग्यमानी मनुज जुन धनी, वंशमा जन्म लिन्छ ।
पुर्खाको ली कमाइ श्रम रति नगरी जो बसी सोख गर्छ ।
त्यो भन्दा भाग्यमानी मनुज कति गुणा ठान यै लोकमा छ ।
जो जन्मी दीनतामा, कठिन श्रम गरी, भाग्य निर्माण गर्छ । (सत्य सन्देश, पृ. ९) ।

उक्त कवितांशमा केदार सत्यालले जो व्यक्ति आफूले कमाइ नगरी पुर्खाको धनमा मोज गर्छ, त्योभन्दा सयौं गुना भाग्यमानी मानिसचाहिँ यही लोकमा बसेर आफ्नै कमाइमा रमाउने हुन्छ । त्यसैले उनले अरूको भरमा बाँच्ने मानिसभन्दा आफ्नो लागि आफैँ कमाइ गरेर भाग्यनिर्माण गर्ने मानिस उच्च छ अथवा हुन्छ भन्दै मानिसलाई स्वकर्मतिर प्रेरित हुन सन्देश दिने खालको विषयवस्तु प्रयोग गरेका छन् ।

केदार सत्यालका कविताको विषयवस्तुमा विविधता पाइन्छ । दुईवटा फ्याउराको मैत्रीपूर्ण व्यवहारलाई पनि उनले आफ्ना कविताको विषयवस्तु बनाएका छन् । फूलको भित्री इच्छा कस्तो हुन्छ भन्ने कुरा पनि उनले आफू क्षणिकका लागि फूल भएर उसका इच्छाहरूलाई कविताको विषयवस्तु बनाएका छन् । त्यसको सानो उदाहरणांश :

दिन्छन् प्राण जहाँ सहर्ष म त्यहाँ, इच्छा छ पूजा गरूँ
राष्ट्रोद्धारका वीरका चरणमा सिन्दूर-लावा छरूँ । (फूलको इच्छा, पृ.६) ।

वास्तवमा जसले सकारात्मक सोचद्वारा फूललाई आफ्नो प्राण मान्छ, त्यसलाई हृदयदेखि खुशी पार्ने र राष्ट्र वा देशको उन्नतिको लागि प्राणहुति गर्ने वीरका चरणमा आफ्नो मस्तक चढाउने इच्छा फूलले व्यक्त गरेको कुरा यस कवितांशमा झल्किएको छ ।

यसैगरी केदार सत्यालले मानवेतर प्राणी फ्याउरा, कमिला, काकाकुल आदिलाई पनि आफ्ना कविताको विषयवस्तु बनाएका छन् । यस्ता प्राणीको माध्यमबाट उनले आफ्ना कवितामा सम्पूर्ण मानव जातिलाई अर्ती-उपदेश दिएका छन् । यसको उदाहरणको लागि एउटा कवितांश :

रे काकाकुल ! हो सचेत र छिटै, आफ्नो सुधार् लक्षण
थुप्रै मेघ मडारिए गगनमा, भन्दै नमाग् तत्क्षण ।
थोरै छन् तिनमा उदार, बुझकी, दिन्छन् खुली जो जल
धेरै शोर मचाउँछन्, जल न दी, छन् नीच, गर्छन् छल ।
को कस्तो ? नचिनी सबैनिर नरो, दुःखी मगन्ते न हो
दाता दिन्छ त्यसै, दिंदैन कृपणी, लौ स्वाभिमानी तँ हो । (काकाकुलसँग, पृ.७४) ।

माथि उल्लिखित कवितांशमा काकाकुलका माध्यमबाट केदार सत्यालले मानवलाई जसको पायो त्यसको अगाडि हात नपसार्न आग्रह गरेका छन् । जसको दिल उदार छ, त्यसले त हातै नपसारी त्यसै दिइहाल्छ नि ! भन्दै मानिसलाई अरूको सामु हात फैलाउनुभन्दा आफू स्वाभिमानी भएर बाँच्नु राम्रो हो भन्ने आशय उनले उक्त कवितामार्फत व्यक्त गरेका छन् । उनको उक्त सङ्ग्रहमा अरू विविध विषयवस्तु प्रयोग भएका कविता पनि सङ्गृहित छन् ।

### ३.३.१.४ छन्द तथा लयविधान

लयमा उत्कृष्टता ल्याउन छन्दले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसकारण केदार सत्यालले लयमा उत्कृष्टता ल्याउन विविध छन्दको प्रयोग गरेर कविता लेखेका छन् । उयनले वार्णिक तथा वर्णमात्रिक छन्दभित्रका शालिनी, शिखरिणी, शार्दूलविक्रीडित, अनुष्टुप, जातीय, भ्याउरे आदि छन्दको उचित प्रयोग गरेका छन् । उनका यस सङ्ग्रहभित्रका प्रायः सबै कविताहरू पद्यलयमा रचिएका छन् । अनुप्रासको प्रयोगले अन्तर्लयलाई अझ स्पष्ट र संवेद्य तथा आस्वाद्य तुल्याएको छ । विशेषगरी अन्त्यानुप्रासको बाहुल्य रहेका कविताहरू यस सङ्ग्रहभित्र बढी मात्रामा भेट्न सकिन्छ । उदाहरणका लागि विभिन्न छन्द प्रयोग गरी लेखिएका कविताका नमुनाहरू :

**शालिनी छन्द**को प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

नेपाली हौं विश्वविख्यात जाति,
पाएका छौं वीरतापूर्ण छाती ।
हामी चढ्छौं शैल, तर्छौं जँघार,
आऊन जुध्छौं बाघ-भालू हजार । (स्वजाति महिमा, पृ.९१) ।

**मन्दाक्रान्ता छन्द**को प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

हामी भन्छौं कृषि प्रमुख हो देश नेपाल हाम्रो,
दिन्नौं ध्यानै कृषि, कृषकमा योजना छैन राम्रो ।
खेती गर्ने विधि छ अघिकै, छैन वैज्ञानिकी त्यो,
आयस्ता औ क्रमसित घट्यो, खेतमा आश्रयीको ।          (गावैं अँगालौं, पृ.६१) ।

**सबाई छन्द**को प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

नेपालीको लक्ष्य कस्तो ?
        छ फूलको जस्तो ।
फुली-फली स्वदेशमै
        खस्न जाने जस्तो ।          (एउटा गीत, पृ.१५) ।

यसैगरी अन्य विभिन्न छन्दको प्रयोग केदार सत्यालको **भेटी** कवितासङ्ग्रहभित्र पाउन सकिन्छ ।

### ३.३.१.५ भावविधान

केदार सत्याल व्यावहारिक रूपमा नैतिकवान, स्वाभिमानी, सद्‌गुणी र पूर्वीय वैदिक सभ्यताका अध्येता भएकाले उनको **भेटी** कवितासङ्ग्रहमा उक्त वैदिक नैतिकता स्वस्फूर्त रूपमा झल्किएको छ । यस सङ्ग्रहका अधिकांश कवितामा मानिसलाई नैतिकवान, सद्‌गुणी तथा स्वाभिमानी बन्न प्रेरित गरिएको छ । यसका साथै आजको खस्कँदो वैदिक सभ्यता र नैतिक परम्परा छोडेकाहरूप्रति व्यङ्ग्यात्मक आलोचना पनि गरिएको छ । परोपकार, सच्चरित्रता, सत्य सन्देश र स्वाभिमान यस सङ्ग्रहमा भएका कविताका मूल भाव हुन् । आफू कर्मयोगी भएका कारण पनि हुनसक्छ- उनका कविताले कर्म गरेर बाँचेको मानिस पुर्खाको कमाई लिएर बाँचेको मानिसभन्दा धेरै धनी र भाग्यमानी हुन्छ भन्ने भाव बोकेका छन् । उक्त भावलाई निम्न कविताले प्रष्ट्याएको छ :

हो कोही भाग्यमानी मनुज जुन धनी, वंशमा जन्म लिन्छ ।
पुर्खाको ली कमाइ श्रम रति नगरी जो बसी सोख गर्छ ।
त्यो भन्दा भाग्यमानी मनुज कति गुणा ठान यै लोकमा छ ।
जो जन्मी दीनतामा, कठिन श्रम गरी, भाग्य निर्माण गर्छ ।          (सत्य सन्देश, पृ. ९) ।

समयको महत्त्व ठूलो छ । समयमै मान्छेले आफ्नो कार्यक्षेत्रमा सफलता प्राप्त गर्नुपर्छ । समयको महत्त्वलाई बुझेर आफ्नो कार्यक्षेत्रलाई सुचारू राख्न प्रत्येक मान्छे तुरून्त तत्पर हुनुपर्छ भन्ने मूल भाव केदार सत्यालको **भेटी** कवितासङ्ग्रहमा पाइन्छ । संसारलाई एक नाटचशाला मान्ने सत्यालको यस सङ्ग्रहमा उक्त नाटचशालाका नायक वा नायिका भनेका मानिस हुन् र उनीहरूको नाटचयात्रा बाल-क्रीडाबाट सुरु भई यौवन तथा बृद्धावस्थासम्म क्रियाशील रहने र यात्रा समाप्तिपछि आफैँ समाप्त हुने मीठो भाव व्यक्तिएको छ ।

## ३.३.१.६ भाषाशैली

भाषाशैलीका दृष्टिले केदार सत्यालको **भेटी** कवितासङ्ग्रहमा सङ्गृहित कविताहरू सरल छन् । गद्यात्मक तथा पद्यात्मक दुवै शैलीमा लेखिएका उनका यस सङ्ग्रहका कविताले सकारात्मक सन्देश बोकेका छन् । यस सङ्ग्रहमा भएका कविताको भाषा श्रुतिमाधुर्य एवं कर्णप्रिय छन् तथापि तत्सम शब्दको प्रयोगाधिक्यका कारण साधारण पाठकलाई मानसिक कसरत गराउने खालका छन् । उनले यस सङ्ग्रहका कवितामा उच्च, मध्यम तथा निम्न आदरार्थी शब्दको प्रयोग गरेका छन् । 'केशपुर', 'नङ्पुर' आदिजस्ता अनौठा किसिमका शब्दहरूको प्रयोग पनि धेरै कवितामा पाइन्छ । कवि सत्यालले नाटकीय शैलीमा पनि कविता लेखेका छन् । यसको उदाहरणको लागि छोटो कवितांश :

दृश्य– १
हिमालका अग्लाहोचा टाकुराहरू ।

(धर्मराज युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव सशरीर स्वर्ग जान पहराहरू नाघ्दै उक्लँदैछन्, द्रौपदी एक्कासि मूर्छित भएर खस्छिन् ।)

भीम– (वेदनापूर्ण स्वरमा)

व्योमको फलजस्तै भो द्रौपदीको निमित्तमा
खसिन् ती बीच बाटैमा स्वर्ग पुग्नु कहाँ कहाँ
धर्मराज भयो हाय ! तिनको किन दुर्दशा ?

युधिष्ठिर– (शान्त भावले)

विना कारणको कार्य हुँदै हुन्न छ त्यो सफा
रोकिन्छौ, मोहमा पर्छौ, भ्रष्ट उद्देश्य बन्दछौ
भने के जिन्दगी-यात्रा गर्न सम्पूर्ण सक्तछौ ?
प्रगति जिन्दगी हाम्रो अगति मृत्यु हो सुन !
तसर्थ लम्कनै पर्छ निरूत्साही नभैकन ।    (शरणागतको रक्षा, पृ.९५) ।

केदार सत्यालको **भेटी** कवितासङ्ग्रहमा रहेका कविताहरूमा कविको आफ्नै विशिष्ट शैलीको प्रयोग भएको पाइन्छ जसमा कतै व्याख्यात्मक शैली पाइन्छ भने कतै भावनात्मक शैली पाइन्छ । त्यसैगरी उनले कतै संवादात्मक शैलीको पनि प्रयोग गरेका छन् । जे भए पनि उनका कवितामा व्याख्यात्मक, वर्णनात्मक तथा स्तुत्यात्मक शैलीको प्रधानता रहेको पाइन्छ ।

### ३.३.१.७ कथनपद्धति

केदार सत्यालको **भेटी** कवितासङ्ग्रहमा कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति दुवै कथनपद्धतिमा लेखिएका कविताहरू सङ्गृहित छन् । यस सङ्ग्रहमा कविप्रौढोक्ति ढाँचामा लेखिएका कविताहरूको तुलनामा कविनिबद्धवक्तृप्रौढोक्ति ढाँचामा लेखिएका कविताहरू थोरै छन् । 'प्रार्थना' (पृ.१), 'हुन्छ हर्षित ईश्वर' (पृ.२), 'पलाँशको फूल' (पृ.१०) आदिजस्ता कविताहरू कविप्रौढोक्ति ढाँचामा लेखिएका छन् भने 'दुइटा फ्याउरोको मैत्री' (पृ.७), 'अनुभवका टुक्राहरू' (पृ. १७), 'शरणागतको रक्षा' (पृ.९५) आदिजस्ता कविताहरू कविनिबद्धवक्तृप्रौढोक्ति ढाँचामा लेखिएका छन् ।

### ३.३.१.८ बिम्ब र अलङ्कार

केदार सत्यालले यस **भेटी** कवितासङ्ग्रहमा विविध बिम्ब र अलङ्कारको प्रयोग भएका कविताहरू सङ्गृहित गरेका छन् जसले भावलाई उत्कर्षता प्रदान गर्ने काम गरेको छ । उनले युधिष्ठिर, भीम, अर्जुन, द्रौपदी आदि मिथकीय बिम्बको प्रयोग गरेर पनि कविता लेखेका छन् भने स्वर्गलाई व्योमको फल, देशलाई फूल, ठूला शक्ति राष्ट्रहरूलाई बाघ-भालु आदिजस्ता विविध प्रतीकको पनि प्रयोग गरेका छन् । मिथकीय बिम्ब प्रयोग भएको कवितांश :

इन्द्र -(अस्वीकारको मुन्टो हल्लाउँदै)
धर्मराज, यसो हुन्न स्वर्ग हो खेल हैन त्यो
त्यहाँ कुकुरले जाँदा मान्छ सज्जन जान को ?
सिंहासन जहाँ हुन्छ के त्यहाँ बस्छ भ्यागुतो ?

युधिष्ठिर -(दृढतापूर्वक)
देवेन्द्र ! यदि यो हुन्न युधिष्ठिर यहीँ बसी
शरणागतको रक्षा गर्छ कम्मर नै कसी
नमिले नमिलोस् स्वर्ग जान्न जो जेसुकै भनून्
'परोपकार पुण्याय पापाय परपीडनम्' । (शरणागतको रक्षा, पृ. ९८-९९) ।

अलङ्कार प्रयोगका दृष्टिले कविले यहाँ शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग गरेका छन् । शब्दालङ्कारमा आद्य तथा मद्यानुप्रासको प्रयोग आंशिक रूपमा पाइन्छ भने अन्त्यानुप्रासको प्रयोग अधिक मात्रामा पाइन्छ । अर्थालङ्कारमा रूपक, मालारूपक, लुप्तोपमा, कारणमाला, अत्युक्ति आदिको प्रयोग पाइन्छ । विभिन्न अलङ्कार प्रयोग भएका कवितांशहरू :

**अत्युक्ति अलङ्कार** प्रयोग भएको कवितांश :

नेपालीको देश कस्तो ?-
भूस्वर्ग हो जस्तो ।
घरीघरी जन्म लिन-
पाऊँ भने जस्तो ।
नेपाली यो जाति कस्तो ?
कर्मी मौरी जस्तो ।
देश हित, जनहित-
गर्न बने जस्तो । (एउटा गीत, पृ. १५) ।

उक्त कवितांशका साथै सम्पूर्ण कवितामा नेपाल देश, जाति, भाषा, भेष, धर्म, प्रीति आदिको अत्यन्त उत्कर्षका साथ वर्णन गरिएकोले समग्र कवितामा अत्युक्ति अलङ्कारको प्रयोग भएको छ ।

**लुप्तोपमा अलङ्कार** प्रयोग भएको कवितांश :

त्याग दुर्जन संग-प्रमाणपत्रको धनी,
जसरी सर्प त्यागिन्छ, मणियुक्त हुँदा पनि । (सूक्ति-सुमन, पृ.३६) ।

मणियुक्त सर्प जसरी त्यागिन्छ, त्यसैगरी दुर्जनको सङ्गतलाई त्याग भन्ने उक्त कथनमा दुर्जन (उपमेय) र सर्प (उपमान) रहेका तर साधारण धर्म तथा सादृश्यवाचक शब्दको प्रयोग नभएका कारण लुप्तोपमा अलङ्कार प्रयोग भएको छ ।

**रूपक अलङ्कार** प्रयोग भएको कवितांश :

पहाडले नदी सरी अनन्त काव्य जो दियौ,
परार्थ मेघले सरी विवेक-वारि छर्कियौ ।
अपार काव्य लोकका उदार हे प्रजापति ।
पुजूँ म पाद-पद्म ती गरी उपाय के कति ? (महाकवि देवकोटाप्रति, पृ.१००) ।

उपर्युक्त पङ्क्तिपुञ्जमा महाकवि देवकोटा (उपमेय) र प्रजापति (उपमान)-बीच अभेद आरोप गरिएकाले रूपक अलङ्कार रहेको छ ।

**मालारूपक अलङ्कार** रूपमा प्रयोग भएको कवितांश :

औंधी विश्वास गर्थें अघिअघि यसमा आज विश्वास घात,
गर्दा साँच्चै चिनें यो मनुज छ निठुरी, धूर्त, स्वार्थी कुजात ।
कामी, क्रोधी, वितन्डी हरबखत छ यो दुष्ट आतङ्ककारी,
यस्ताले गर्छ लोकोत्तर असल क्रिया, ठान्नु थ्यो भूल भारी ।

(विश्वासघातमा, पृ.१०१) ।

उक्त पङ्क्तिपुञ्जमा एउटै मनुज (उपमेय)-मा निठुरी, धूर्त, स्वार्थी, कामी, क्रोधी, वितन्डी, दुष्ट, आतङ्ककारी आदि उपमानहरूको अभेदमूलक आरोप गरिएकाले मालारूपक अलङ्कार रहेको छ ।

**कारणमाला अलङ्कार** प्रयोग भएको कविताको अंश :

विद्या विनम्रता दिन्छ, पात्रता तब आउँछ,
पात्रता आउनासाथै, धन धान्य बढाउँछ । (कृतार्थता, पृ. १०४) ।

उक्त कवितांशमा कारण र कार्य क्रमशः श्रृङ्खलाबद्ध भएर आएकाले कारणमाला अलङ्कार रहेको छ ।

यसरी केदार सत्यालको **भेटी** कवितासङ्ग्रहको समग्रमा अध्ययन गर्दा के अनुभव गर्न सकिन्छ भने यस सङ्ग्रहभित्रका प्रायः कविताहरू वार्णिक छन्दका छन् । उनका अधिकांश कविताहरू धार्मिक तथा नैतिक सन्देशमूलक भए पनि केही कविता नेपाली जातिको पुर्ख्यौली वीरताको प्रदर्शन गरिएका वीर रसात्मक छन् । परम्परादेखि स्वाभिमानी नेपालीहरूको स्वाभिमानलाई गिर्न नदिन र अझ प्रगतितिर लम्कन आग्रह गरिएका कविताहरू पनि उनको यस सङ्ग्रहमा सङ्गृहित छन् । त्यसैगरी उत्तर-दक्षिणका ठूला क्षेत्रीय शक्ति राष्ट्रहरूलाई बाघ-भालुको बिम्ब प्रयोग गरी अकारण नेपालीमाथि उपनिवेश लाद्न चाहने नीतिमाथि वैचारिक तथा मानवीय युद्ध लड्न उत्प्रेरित गर्ने खालका कविताहरू पनि छन् । समग्रमा मान्छेका जिजीविषा, ईर्ष्या, द्वेष, ग्लानी, छलकपट, अभिमान, प्रकृतिका विभिन्न आकार र स्वरूप, जीवजन्तु आदिलाई विषयवस्तु बनाएका प्रस्तुत सङ्ग्रहका कवितामा धार्मिक, नैतिक, औपदेशिक सन्देशका रूपमा आए पनि सबै नेपालीलाई स्वाभिमानी बनेर प्रगतितर्फ लम्कन आग्रह गरिएका छन् । यस सङ्ग्रहमा 'दुइटा फ्याउरोको मैत्री', 'सदुपदेश' आदिजस्ता बालकविताहरू पनि छन् । त्यसैले उपर्युक्त सन्दर्भहरूलाई

जोडेर हेर्दा यो कवितासङ्ग्रह बालकदेखि बृद्धसम्मलाई ज्ञान तथा नैतिक चेतना प्रदान गर्ने खालको छ ।

### ३.३.२ 'पत्रैपत्र' कवितासङ्ग्रहको विश्लेषण

केदार सत्यालको दोस्रो कवितासङ्ग्रहको नाम **पत्रैपत्र** हो । यो सङ्ग्रह दैनिकी शैलीमा लेखिएको छ । यस सङ्ग्रहलाई उनका आफ्नै डायरीका पाता भन्दा पनि हुन्छ किनभने प्रत्येक कविताको अन्त्यमा मिति राखिएको छ र कविताको शीर्षकीकरण गर्दा विशेष किसिमको शीर्षक नराखेर 'क', 'ख', 'ग' आदि राखिएको छ । यस सङ्ग्रहमा उनको व्यक्तिगत जीवनको आरोह-अवरोह, संयोग-वियोग एवं मान-अपमानको खुलासा भएका कविताहरू छन् । उनी यस सङ्ग्रहलाई चिनाउने क्रममा यसै कृतिको पृष्ठाङ्कन नगरिएको भूमिका खण्डको '**पत्रैपत्र** केलाएर हेर्दा' शीर्षकको लेखमा यसो भन्छन्– "प्रस्तुत कवितासङ्ग्रहलाई मैले आफ्नै जीवन सरिताको प्रवाह ठानेको छु । यसमा मेरो व्यक्तिगत जीवनको आरोह-अवरोह, संयोग-वियोग, सफलता-विफलता एवं मान-अपमानको कवितात्मक धारा प्रवाहित छ । कतै प्रेमरसको धारा मिसिएको भान हुन्छ भने कतै अस्तित्वका लागि सङ्घर्ष गर्नुपरेको पाइन्छ । कतै सामाजिक बेथितिमाथि प्रहार गरेर परिमार्जनको खाँचोमाथि प्रकाश पारिएको छ" (सत्याल, २०६५ : भूमिका खण्ड) ।

केदार सत्यालको **पत्रैपत्र** कवितासङ्ग्रहमा दोस्रो पत्रका रूपमा **रम्भा-शुक संवाद**को अनुवाद र तेस्रो पत्रका रूपमा भर्तृहरिको **शतक त्रयम्**को अनुवाद समेटिएको छ । यस कवितासङ्ग्रहभित्रका पहिलो पत्रका रूपमा रहेका कवितालाई निश्चित कविता तत्त्वका कसीमा घोटेर निम्नानुसार अध्ययन गरिएको छ :

#### ३.३.२.१ शीर्षक

**पत्रैपत्र** कवितासङ्ग्रहभित्र केदार सत्यालका जीवनमा भएका कामहरू, घटेका घटनाहरू तथा सुख-दुःखका क्षणमा समेटेका अनुभवहरूलाई डायरीमा टिपेर कवितात्मक रूप दिइएका कविताहरू सङ्गृहित छन् । यो कवितासङ्ग्रह उनको दैनिक जीवनका घटनाहरूको सङ्गालो जस्तो लाग्छ । उनले यसभित्रका कविता पत्रे-शैलीमा लेखेकाले अथवा आफ्नो दैनिकीलाई कवितात्मक रूप दिएकाले यसको शीर्षक **पत्रैपत्र** सार्थक देखिएको छ । जीवन भनेको दैनिकीहरूको पत्र वा खात हो । त्यसैले दैनिकीको पत्र वा खातलाई मिलाएर उनले यस सङ्ग्रहको शीर्षक **पत्रैपत्र** राखे । उनले यस सङ्ग्रहभित्रका कवितामा शीर्षक दिएका छैनन्, तर अन्त्यमा मिति राखेका छन् । उनको यो कृति विभिन्न कविताहरूको सङ्ग्रह नभएर दैनिकीहरूको सङ्गालो भएकाले समग्र दैनिकीरूपी

कविताहरूको सङ्गालोलाई एउटै शीर्षकको पुस्तक **पत्रैपत्र**भित्र राखेर यसको शीर्षक सार्थक पारेका छन् । उनको उक्त लेखमा भएको आफ्नै भनाइ– "यी प्रवाहित धारामा कतै मीठो पानीको मूल मिसिएको भए सो कुन पत्रमा परेको छ भन्ने कुरो स्वयं निर्क्योल गरी त्यसको रसास्वादन गर्नुहुन म आफ्ना पाठकहरूलाई नै सर्वप्रथम विनम्र निवेदन गर्दछु ।

पत्र हुन् जिन्दगीका वा प्रेमीका प्रेम पत्र हुन्,

पत्र पुष्प कि श्रद्धाका, पत्र जागृतिका कि हुन् !!" (सत्याल, २०६५ : भूमिका खण्ड)-बाट पनि यस सङ्ग्रहभित्रका कविता कविता नभएर पत्र हुन् भन्ने कुरा पुष्टि भएकाले यसको शीर्षक **पत्रैपत्र** सार्थक छ ।

### ३.३.२.२ संरचना

केदार सत्यालको **पत्रैपत्र** कवितासङ्ग्रह आवरण पृष्ठ, भूमिका खण्ड तथा विषयसूची गरी जम्मा ७८ पृष्ठमा संरचित छ । ७८ पृष्ठको संरचनामा समेटिएको **पत्रैपत्र**भित्रको **रम्भा-शुक संवाद** र **भर्तृहरिको 'शतक त्रयम्' पढेर**लाई गणना गरिएको छैन । ती अनूदित भएकाले त्यसभित्रका कविताको चर्चा पनि गरिएको छैन ।

**पत्रैपत्र** कवितासङ्ग्रहमा १२ हरफदेखि १०४ हरफसम्मका जम्मा ५२ वटा कविताहरू संरचित छन् । पहिलो पत्रभित्रका ती ५२ वटा कविताहरूमध्ये ५२ औँ कविताचाहिँ अनूदित हो । यी कविताहरूमध्ये 'अतिरिक्त' (पृ. ४४) र 'एक' (पृ. ६०) कविताहरू १२ हरफको सबैभन्दा सानो संरचनामा संरचित छन् भने 'अ' (पृ. ४०) १०४ हरफको सबैभन्दा लामो संरचना भएको कविता हो । यसमा सबैभन्दा बढी कविताहरू मझौला आयाम भएका छन् । ती कविताहरूमा 'ग' (पृ. ५), 'घ' (पृ. ६), 'ङ' (पृ. ७), 'ञ' (पृ. १३), 'ण' (पृ. १८), 'थ' (पृ. २०), 'द' (पृ. २१), 'ध' (पृ. २२) आदि पर्दछन् । यी प्रत्येक कविताहरू २४/२४ हरफमा संरचित छन् । यीभन्दा लामा आयाम भएका कविताहरू 'ऐ' (हरफ सङ्ख्या १००, पृ. ५२), 'ख' (हरफ सङ्ख्या ७८, पृ. २) आदि हुन् ।

### ३.३.२.३ विषयवस्तु

आफ्नो वरिपरि देखिएका अथवा आफूले भोगेका विभिन्न आरोह-अवरोहलाई केदार सत्यालले **पत्रैपत्र** कवितासङ्ग्रहको विषयवस्तु बनाएका छन् । उनले यसै कृतिको पृष्ठाङ्कन नगरिएको भूमिका खण्डको '**पत्रैपत्र** केलाएर हेर्दा' शीर्षकको लेखमा "प्रस्तुत कवितासङ्ग्रहलाई मैले आफ्नै जीवन सरिताको प्रवाह ठानेको छु" (सत्याल, २०६४ : भूमिका खण्ड) भनेबाट यस सङ्ग्रहमा उनको व्यक्तिगत घटनाको विवरणलाई विषयवस्तु बनाएको थाहा हुन्छ ।

केदार सत्यालले उनी दुःखी हुँदा, रूँदा गिल्ला गर्ने र अन्जानमा थोरै गल्ती गर्दा धेरै गल्ती गरेको आरोप लगाउने तथा उनले लेखेको कवितालाई छन्द न बन्दको भनेर आलोचना गर्ने आलोचकलाई विषयवस्तु बनाएर कविता लेखेका छन् । त्यस्ता आलोचकलाई उनले नमस्कार गर्दै यसो भनेका छन् :

दुःखले व्याकुल हुन्थेँ, रून्थेँ, ममा न हिम्मत भर्थे,
'धत् पाजी, यति दुःखमै रून्छस् !' भन्थे, गिल्ला गर्थे ।
सधैँ उपेक्षा, तिरस्कारका वचन-चञ्चुले ठुङ्थे,
तिनलाई मेरो नमस्कार छ, जो मेरा आलोचक हुन्थे !

'विना छन्द, रस, अलङ्कारका लेख्तछ कविता नाथे,
निद्रितलाई जागृत पार्ने सक्रिय कवि रे भाते !'
भन्दा मेरा कवि कविताले सधैँ लाञ्छना सुन्थे,
तिनलाई मेरो नमस्कार छ, जो मेरा आलोचक हुन्थे ! (क, पृ. १) ।

आफ्नो विवाहको दिनको सम्झनालाई पनि केदार सत्यालले आफ्ना कविताको विषयवस्तु बनाएका छन् । उनले 'सम्वत् २२ को पनि १२ गते कहिले आउला' भनेर आफ्नो विवाहको दिन गनेर रूँदै पर्खेको कुरा व्यक्त गरेका छन् । फेरि उनले त्यसरी पर्खेको दिन आएर गैसक्यो, अब त्यसलाई सम्झनु भनेको दुःखलाई निम्त्याउनु हो पनि भनेका छन् । विवाहको दिनमा भएको घरभरिको खुसी, घरभित्र पसेको पाहुनाको लर्को, विवाहमा उपस्थित हुन नसक्नेले पत्रमार्फत दिएको बधाइ र आशीर्वादलाई उनले खुसीसाथ स्वीकार गर्दै सबैमा आभार प्रकट गरेको कुरा उल्लेख गरेका छन् । पञ्चेबाजाका साथमा जन्ती गएको, गन्तव्यमा पुगेपछि हात्तीबाट ओराली बोकेको, केही क्षणम स्वयंवरका लागि बेहुली झिकाएको, औँठी साटासाट गरेको, माला लगाई सधैँ साथ दिने प्रण गरेको आदिजस्ता क्षणको पनि उनले कवितामा उल्लेख गरेका छन् । यसका साथै उनले यस्तो राम्रो हर्ष र वर्ष गयो, अब त्यसलाई सम्झनु भनेको आफू दुःखी हुनु हो भन्ने विषयवस्तुलाई कवितामा यसरी प्रयोग गरेका छन् :

'कहिले आउँछ, कहिले आउँछ ?
सम्वत् बाइसको फागुन ?–
फागुनको पनि गते बाह्र त्यो,
जुन दिन होला गठबन्धन !'
भन्दै गन्थेँ, दिन पर्खन्थेँ,
विना मेघकै बर्सन्थेँ !

लिई मिलनकै अवधारण–
त्यो दिन आयो, त्यो दिन गै गो
अब सम्झनु दुःखको कारण !

शुभ विवाहको दिनमा खास,
घरभरि नै थ्यो हास-विलास ।
× × ×
पत्र सदाशयपूर्ण पठाई–
दिए लिखित आशीष, बधाई–
'वैवाहिक सम्बन्ध दह्रो होस्,
चन्द्र-सूर्यझैँ अटल रहोस्
दम्पति युगमा प्रेम बढोस् !'
× × ×
तदुपरान्त ली लावालस्कर,
जन्ती लागे दुलहीको घर,
× × ×
औँठी साटी माला लाई,
साथ दिने प्रण गर्‍यौ रमाई ।
वेदमन्त्रको मार्जन पाई
शिव र शिवाकै लियौँ उचाइ । (ख, पृ. २) ।

यसरी केदार सत्यालले आफ्नो विवाहको दिनको सम्झना गर्दै, फेरि त्यो खुसीको दिन सम्झनु भनेको दुःख निम्त्याउनु हो भन्ने विषयमा मीठो कविता लेखेका छन् ।

त्यसैगरी केदार सत्यालले आफ्नी श्रीमतीले माया गरे-नगरेको विषयलाई पनि आफ्ना कवितामा उठाएका छन् । प्रेम-सुधाको मधु-रस ख्वाई जीवनका कटुता वा खराव पक्षलाई बाहिर फ्याल्छचौ, तैपनि तिमीले माया गर्दिनौ भनेर म कसरी ठानूँ भन्ने भावलाई विषयवस्तु बनाएर उनले कविताका माध्यमबाट यसरी व्यक्त गरेका छन् :

जब कि सुकोमल अधरबाट त्यो,
मधु-रस ख्वाई प्रेम-सुधाको,
हरण गर्दछचौ कटु जीवनको,

अन्तर्भाव बुझे झैँ मुटुको
शुभचिन्तक ए जाया,
कसरी नठानूँ माया गर्छ्यौ–
प्रिये ! मलाई माया ! (च, पृ. ८) ।

केदार सत्यालले आफ्नो जीवनमा आइपरेका दुःखलाई पनि कविताको विषयवस्तु बनाएका छन् । उनले जीवनमा हाँस्न नसिकेको, जति काम गरे पनि असफलतामात्रै हात परेको, सुख के हो र त्यसको भोगाइ कस्तो हुन्छ भन्ने थाहा नपाएको कुरा व्यक्त गर्दै 'अघिको तीतो, पछिको मीठो' भन्ने लोकोक्तिलाई कवितामार्फत व्यक्त गरेका छन् ।

आजसम्मको जीवनमा नै,
    छैन सिकेको हाँस्न ।
सिकेँ रात दिन दगुरी यसमा,
    दुःखकै माला गाँस्न ।
सेवा, मलजल जति गरे पनि,
    दुर्गुणयुक्त रहेका !
जानिनँ कैल्यै, भोगिन कैल्यै
    सुख कस्तो हो के हो ? (त, पृ. १९) ।

केदार सत्यालले आफूले स्वयंवरमा लगाएको दुबोको मालालाई पनि आफ्नो कविताको विषयवस्तु बनाएका छन् । उनकी प्रियसीले स्वयंवरमा उनलाई प्रथम प्रेमको भेटी स्वरूप लगाइदिएको दुबोको माला ओइलाएर फालेकोमा दुःख नमान, निष्ठुरी भएर मैले लगाइदिएको माला फाल्यौ भनेर खिन्न नहोऊ किनकि त्यस दिनबाट तिमी नै हार बनेर आएकी छचौ भन्दै कवितामार्फत यसरी सान्त्वना दिएका छन् :

किन्तु वैलियो, चुँडियो माला,
    विधिमा कसको अधिकार ?
तिमी नठाने निष्ठुर भैकन,
    फालेँ तिम्रो उपहार !
×    ×    ×
स्वयं तिमी छचौ त्यै दिनदेखि,
    कवि-ग्रीवाको शोभित हार ! (द, पृ. २१) ।

केदार सत्यालले मानिसले सधैँ सत्य बोल्नुपर्छ, असत्य, मिथ्या वा झुठो बोल्न हुँदैन भन्ने सन्देशलाई पनि आफ्ना कविताको विषयवस्तु बनाएका छन् । उनले सत्यलाई सत्य नभनेर झुठो भन्नुपर्ने बाध्यात्मक स्थिति दर्शाउँदै जे देखिन्छ, त्यो भन्यो भने दुनियाँको सामु दुष्ट भइन्छ वा झुठो समाजले भनेको नमानी आफू सत्यको बाटो हिँड्यो भने दुनियाँले बढेचढेको दुष्ट भन्छ भन्ने यथार्थलाई पनि कवितात्मक रूप दिएका छन् ।

सीङ विनाको गोरूलाइ नै,
    कुन मुखले हो भन्नु तिखे ?
देखी देखी कसरी भन्नु,
    स्थुललाइ नै भन्नु लिखे !
× × ×
किन्तु म कसरी आँखा चिम्ली,
    लहैलहैमा हिँड्नु अरे ?
नहिँडे दुनियाँ भन्छ मलाई,
    बढेचढेको दुष्ट छ रे ! (य, पृ. २९) ।

केदार सत्यालले ठूला दुई शक्ति लड्दा सानालाई पीर पर्छ भन्ने विषयवस्तु राखेर पनि कविता लेखेका छन् । 'साँढेको जुधाई, बाच्छाको मिचाई' भनेझैँ बलियाको लडाईँमा निर्धाले सधैँ दुःख खेप्नु पर्ने र पछि फेरि बलिया-बलिया मिल्दा निर्धाले त्यतिखेर पाएको दुःखचाहिँ नसकिने कुरालाई उनले आफ्ना कवितामा राम्ररी उतारेका छन् ।

साँढे साँढे गरून् जुधाइ,
    तर बाच्छाकै हुन्छ मिचाइ !
बलिया बलिया कुस्ती खेलून्,
    दुब्लामा दुःख हाई !
× × ×
ड्वाँड्वाँ गर्दै पछि भागे ती,
    साँढे ज्यान बचाई,
बाच्छा पिल्सी आहत झैँ छन्,
    प्रतिफल रे यिनलाई ! (ल, पृ. ३१) ।

मान्छे स्वार्थी हुन्छ । ऊ आफ्नो काम परून्जेल लोलोपोतो गर्छ र काम सकिनासाथ आफलिदिन्छ । त्यसैले मान्छेको जातलाई चिन्न गाह्रो पर्छ भन्ने विषयवस्तुका आधारमा पनि केदार सत्यालले कविता लेखेका छन् । मान्छे सबभन्दा मूर्ख जात हो, यो जातले के काम गर्न हुन्छ र के काम गर्न हुँदैन भन्ने बुझ्दाबुझ्दै पनि बुझ पचाउन छोड्दैन भन्ने कुरालाई उनले कवितामा यसरी समेटेका छन् :

सबै कुरा छन् सजिलै चिन्न,
    किन्तु छ मान्छे नै गाह्रो ।
चीजबीजमा ढुङ्गै होला
    मुर्ख छ मान्छेमा साह्रो ।
×    ×    ×
काम छउञ्जेल भन्दछ 'भाँडो',
    काम सिद्धियो 'ठाँडो' ।    (श, पृ. ३२) ।

जसले परिश्रम गर्छ, त्यसले नै परिश्रमको फल पाउनुपर्छ भन्ने पक्षधर केदार सत्यालले यस्तै किसिमको विषयवस्तु राखेर पनि कविता लेखेका छन् । परिश्रम एउटाले गर्ने अनि फलचाहिँ अर्कोले पाउने भन्ने कुरा न्यायसङ्गत कदापि होइन भन्ने मत उनको छ । औँलो दिँदा डुँडुलो निल्न हुन्न भन्ने विचार पनि उनले कवितामार्फत नै व्यक्त गरेका छन् ।

जसले काढ्दछ मह त्यसले नै,
    चाट्तछ हात सही हो ।
हात चाट्नको तर छ हिसाप,
    निशापले नै चाट्तछ को ?
×    ×    ×
घूसरूपमा औँला दिन्छौ,
    पछि झन डुँडुलो खोज्ला ।
यस बानीले मानिसलाई,
    कुन्नि कतातिर लैजाला !    (ह, पृ. ३६) ।

केदार सत्यालको **पत्रैपत्र** कवितासङ्ग्रहमा सङ्गृहित कविताको विषयवस्तुको अध्ययन गर्दा प्रेमी-प्रेमिका तथा पति-पत्नीको प्रणयलीला प्रशस्त मात्रामा भेटिन्छ । यो कवितासङ्ग्रह उनको

डायरीका पाता भएकाले उनले पति-पत्नीबीचको भलाकुसारी, अनुभव, प्रश्नोत्तर आदिलाई विषयवस्तु बनाएर कविता लेखेका छन् । यस सङ्ग्रहभित्रका कवितालाई हेर्दा के थाहा पाइन्छ भने उनी विविध विषयवस्तु अँगालेर कविता लेख्न सक्ने कवि हुन् ।

### ३.३.२.४ छन्द तथा लयविधान

केदार सत्याल विशेषगरी वार्णिक छन्दमा कविता लेख्ने कवि हुन् । वर्णमात्रिक छन्दमा पनि उनी त्यत्तिकै कविता लेख्छन् । महानन्दको **पत्रैपत्र** कवितासङ्ग्रहको पृष्ठाङ्कन नगरिएको भूमिका खण्डको 'शुभकामना' शीर्षकमा रहेको उक्ति– "सत्यालजी वार्णिक छन्दमा सिद्धहस्त हुनुहुन्छ र अरू छन्दतिर पनि उहाँको रुचि बढेको देखिन्छ । वार्णिक छन्दमा उहाँले शास्त्रीय मान्यता बिगारेको छैन र पढ्दा नअड्की सर्र पढ्न सकिन्छ" (सत्याल, २०६५ : भूमिका खण्ड)- बाट पनि उनी वार्णिक छन्द प्रयोग गरेर सरल किसिमका कविता लेख्ने कवि हुन् भन्ने कुरा थाहा पाइन्छ । उनले वार्णिकलगायत वर्णमात्रिक छन्दमा पनि प्रशस्त कविता लेखेका छन् । उनले **पत्रैपत्र** कवितासङ्ग्रहका कवितामा भुजङ्गप्रयात, शार्दूलविक्रीडित, झ्याउरे, वसन्ततिलका, स्वागता आदि छन्दको प्रयोग गरेका छन् । यस सङ्ग्रहका कविताहरू पद्य तथा गद्य दुवै लयमा लेखिएका छन् । उचित अनुप्रासको प्रयोगले कविताको लयमा मिठास ल्याएको छ । यस सङ्ग्रहभित्रका उनका कवितालाई अनुप्रासका दृष्टिले हेर्दा अन्त्यानुप्रासको प्रयोग बढी देखिन्छ । त्यसैले पनि यस सङ्ग्रहका कविताहरूको लय मिठासपूर्ण छ । अन्त्यानुप्रास प्रयोग गरेर लयमा मिठास ल्याएको कविताको उदाहरणांश :

दाम्पत्य मीठो छ रमौं, रमाऔं
परार्थमै बाँच्न सिकौं, सिकाऔं
गृहस्थको धर्म र कर्म, मर्म
बुझौं बचाईकन लाज, शर्म (आ, पृ. ४५) ।

विविध छन्द प्रयोग गरी लेखिएका कविताका उदाहरणहरू निम्नानुसार छन् :

**वसन्ततिलका छन्द**को प्रयोग गरी लेखिएको कविताको उदाहरण :

क्यै छैन सम्पत्ति हरे, घरबार केही !
गाई न गोठ यिनको, न छ खेत केही !
यौटा शरीर–त्यसमा कपडा सिवाय,
थोत्रो छ एक तिर बाकस एक हाय ! (ए, पृ. ५१) ।

**स्वागता छन्द**को प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

'हेर, पिल्पिल गरीकन तारा,
दुःख खप्न नसकीकन सारा ।
आउँछन् रून सधैँभरि राती,
पाउँथ्यो र सुख के नर-जाति !' (उ, पृ. ४९) ।

**भुजङ्गप्रयात छन्द**को प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

सुरा हौ तिमी मातलाग्दी, नशालू,
म तिर्खालु प्याला, नशाबाज चालू,
खन्याऊ स्वयंलाइ मैभित्र ऐले,
म प्यूँदै र प्यूँदै रहूँ मस्त जैले ! (अतिरिक्त, पृ. ४४) ।

**शार्दूलविक्रीडित छन्द**को प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

जागेनन् महिला, सुते अझ भने यो देश वा जाति नै,
जाग्नै छैन, निदाउने छ, नउठे, होला पछचौटे झनै ।
नारी औ नर हुन् स्वदेश-रथका पाङ्ग्रा दुवै गुड्किने,
यौटा शक्त, अशक्त अन्य छ भने बन्ला रथै लुड्किने । (अः, पृ. ५९) ।

यसैगरी अन्य विभिन्न छन्दको प्रयोग गरेर लेखिएका कविताहरू पनि केदार सत्यालले **पत्रैपत्र**मा समेटेका छन् ।

### ३.३.२.५ भावविधान

केदार सत्यालको **पत्रैपत्र** कवितासङ्ग्रहका धेरै कवितामा नारी-पुरुष भनेका जीवन-रथका अथवा देश-रथका दुई पाङ्ग्रा हुन् र यिनीहरूमध्ये कुनै एउटा मात्र कमजोर भयो भने रथ अगाडि बढ्न सक्दैन भन्ने भाव व्यक्त भएको छ । त्यो जीवनरूपी अथवा राष्ट्ररूपी रथलाई सञ्चालन गर्ने पाङ्ग्राबीच सन्तुलन राख्न माया, प्रेम, त्याग, सद्भाव आदिको आवश्यक पर्छ भन्ने ठम्याइ उनको छ । यस सङ्ग्रहभित्रका कुनै कवितामा उनले जसले बढी आलोचना व्यहोर्छ, त्यो मान्छे जीवनमा सफल हुन्छ भन्ने भाव व्यक्त गरेका छन् । आफूले आफैँलाई अविश्वास गर्दा अन्धविश्वास

जन्मिन्छ, त्यसैले त्यो अन्धविश्वास जन्मनै नदिई अथवा त्यसलाई हटाएर कर्मशील जीवन बाँच्न सके जीवन सार्थक हुने भाव कवितामा यसरी व्यक्तिएको छ :

'पाइँदैन सुख' को किन फिक्री
उद्यमै छ सुनको जब सिक्री । (उ, पृ. ४९) ।

मान्छेको जीवनमा जति दुःख वा समस्या आइपर्छन्, त्यति मान्छे प्रगतितिर लम्कन्छ, तर त्यो समस्याबाट भाग्यो भने उसले कहिल्यै सफलता हात पार्न सक्दैन भन्ने भाव पनि केदार सत्यालका कवितामा देखापरेका छन् । मान्छे उद्यमशील हुनुपर्छ, भाग्यमा भन्दा कर्ममा विश्वास गर्नुपर्छ र त्यही कर्मद्वारा आफ्नो भाग्य निर्माण गर्नुपर्छ भन्ने भाव उनले कवितामार्फत यसरी व्यक्त गरेका छन् :

यस्तै दरिद्रकन सुम्पिदिए मलाई,
के भोग्नु के सुख यिनीसँग हाइहाई !!
भन्दै नघोच अभिभावकलाई रोज
उद्योगबाट विधि-लेखत मेट्न खोज ! (ए, पृ. ५१) ।

यसैगरी यस सङ्ग्रहका कविताहरू औपदेशिक, नीतिमूलक र सद्ज्ञानका उद्यान बनेका छन् । त्यो उद्यानमा बसेर ज्ञान लिन सके मानवमा भएको कलुषित विचार हटेर सही मानवत्व प्रकट भई सबै मानव जातिप्रति समान दृष्टि फैलिन सक्छ । त्यसका लागि मानवले आफ्नो हृदय परिवर्तन गर्नै पर्छ । हृदय परिवर्तनले संस्कार परिवर्तन हुन्छ र संस्कार सुसंस्कृत भए मानवभित्रका अन्धता तथा कलुषित भाव स्वतः नासिन्छन् भन्ने केन्द्रीय कथ्य यस सङ्ग्रहमा छ ।

### ३.३.२.६ भाषाशैली

भाषाशैलीका दृष्टिले केदार सत्यालको **पत्रैपत्र** कवितासङ्ग्रहमा सङ्गृहित कविताहरू सरल छन् । गद्यात्मक तथा पद्यात्मक दुवै शैलीमा लेखिएका उनका यस सङ्ग्रहका कविताले रमाइलोपन बोकेका छन् । यस सङ्ग्रहका धेरैजसो कवितामा नेपाली भाषामा प्रचलित 'जसले मह काढ्छ, उसले हात चाट्छ', 'जति जोगी आए पनि कानै चिरेको', 'जति भाँडो, उति चुभुर्को', 'काग कराउँदैछ, पिना सुक्दैछ', 'म ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो' आदिजस्ता उखानको प्रयोगले कविता पढ्दा तथा पढेको सुन्दा आनन्दको अनुभूति हुन्छ ।

केदार सत्यालले यस सङ्ग्रहका कवितामा प्रश्नोत्तरात्मक शैलीको पनि प्रयोग गरेका छन् । उनले एउटा कवितामा आफ्नी श्रीमतीलाई प्रश्न सोधेजस्तो बनाएर कविता लेखेका छन्

भने अर्को कवितामा श्रीमतीले उत्तर दिएजस्तो बनाएर कविता लेखेका छन् । प्रश्नात्मक तथा उत्तरात्मक शैलीमा लेखिएका कविताहरूमध्ये प्रश्नात्मक शैलीमा लेखिएको कविताको उदाहरण :

ल्यायौ कुन सौगात ? प्रिये !
ल्यायौ कुन सौगात ?
बाबर, सेल कि अर्सा ल्यायौ ? खुवा कि तिलको छोप ?
चिउरा ल्यायौ वा छ कसार, देखाउन किन संकोच ?
ल्यायौ कुन सौगात ? प्रिये !
ल्यायौ कुन सौगात ? (ड, पृ. १६) ।

प्रश्नात्मक तथा उत्तरात्मक शैलीमा लेखिएका कविताहरूमध्ये उत्तरात्मक शैलीमा लेखिएको कविताको उदाहरण :

ल्याएँ यी सौगात नाथ ! अझ–
के ल्याऊँ सौगात ?
सेल र अर्सा जस्तै ल्याएँ– साहस, धैर्य, अक्रोध,
चिउरा, छोप सरीका ल्याएँ– शान्ति, क्षमा र अलोभ ।
ल्याएँ यी सौगात नाथ ! अझ–
के ल्याउँ सौगात ? (ढ, पृ. १७) ।

केदार सत्यालको यस **पत्रैपत्र** कवितासङ्ग्रहभित्र धृतिशील, नर, तोरण, हर्ष, क्रीडा, पाणिग्रहण, मङ्गलघट, क्षार, दीपशिखा, शोक, कवि-ग्रीवा, कल्मष, नेत्र, प्रवोधी, प्रमाद आदिजस्ता तत्सम शब्दको प्रयोग बढी भएका कविताहरूको बाहुल्य भएकाले साधारण पाठकले बुझ्न निकै कठिन पर्छ । यस सङ्ग्रहका कवितामा उनले आफ्नै विशिष्ट शैलीको प्रयोग गरेका छन् । उनी गद्यशैलीभन्दा पद्यशैली बढी मन पराउने भएकाले प्रायःजसो कविता पद्यशैलीमा छन् । यस सङ्ग्रहका कवितामा मध्यम आदरार्थीको प्रयोगाधिक्य छ । उनले एउटा कवितामामात्र निम्न आदरार्थी शब्दको प्रयोग गरेका छन् । उच्च आदरार्थी शब्दको प्रयोग भएका कविताहरू पनि यस सङ्ग्रहमा पाउन सकिन्छ । निम्न आदरार्थी शब्दको प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

'विना छन्द, रस र अलङ्कारका लेख्तछ कविता नाथे,
निद्रितलाई जागृत पार्ने सक्रिय कवि रे भाते !' (क, पृ. १) ।

यसरी विभिन्न किसिमका भाषा तथा शैलीको प्रयोग गरेर केदार सत्यालले सिङ्गो **पत्रैपत्र**लाई आस्वाद्य बनाएका छन् ।

### ३.३.२.७ कथनपद्धति

केदार सत्यालको **पत्रैपत्र** कवितासङ्ग्रहमा कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति दुवै कथनढाँचामा लेखिएका कविताहरू सङ्गृहित छन् । यस सङ्ग्रहमा कविप्रौढोक्ति कथनपद्धतिमा लेखिएका कविताको तुलनामा कविनिबद्धवक्तृप्रौढोक्ति कथनपद्धतिमा लेखिएका कविताहरू न्यून छन् । उनका कुनै कवितामा दुईवटा कवितालाई सँगै राखेर हेर्दा एउटा कविप्रौढोक्ति र अर्को कविनिबद्धवक्तृप्रौढोक्ति कथनढाँचामा लेखिएको प्रष्ट हुन्छ, तर यी दुवै कवितालाई छुट्टाछुट्टै राखेर हेर्दा भने दुइटै कविताहरू कविप्रौढोक्ति कथनपद्धतिका कविताहरू हुन् । उदाहरणको लागि 'ड' (पृ. १६) र 'ढ' (पृ. १७)लाई लिन सकिन्छ । उक्त कविताहरूमध्ये 'ड'लाई कवि आफैँले आफ्नी श्रीमतीलाई प्रश्न गर्दा 'ढ'मा उनकी श्रीमतीले उत्तर दिएजस्तो बनाएर 'ड' कविप्रौढोक्ति र 'ढ' कविनिबद्धवक्तृप्रौढोक्ति ढाँचामा लेखिएका छन्, तर यी कवितालाई स्वतन्त्र अध्ययन गर्ने हो भने दुवै कविता कविप्रौढोक्ति कथनढाँचामा लेखिएक छन् । यो कवितासङ्ग्रह उनको आफ्नै डायरीका पाता भएकाले पनि यसमा कविनिबद्धवक्तृप्रौढोक्ति कथनढाँचामा लेखिएका कविताहरू थोरै छन् । यस सङ्ग्रहका कुनै कवितामा दुवै कथनढाँचा पनि पाइन्छ । कविप्रौढोक्ति कथनढाँचाभित्र कविनिबद्धवक्तृप्रौढोक्ति कथनढाँचा भएको कविताको पङ्क्तिपुञ्ज :

यक्ष आत्तिँदै भन्छ– 'ए घन,
दूत भै तँ जा शीघ्र सज्जन !
विरहिणी जहाँ बस्तछिन् त्यहाँ,
खबर यो दिनू, ल्याउनू नयाँ !' (अ, पृ. ४१) ।

केदार सत्यालको अर्को कविता 'ऐ'मा पनि कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति दुवै कथनपद्धतिको प्रयोग गरिएको छ । उक्त कविताको सुरुमा उनले आफू अभिभावक भएर छोरीको विवाह गरी कर्मघर पठाउँदा छोरीलाई अर्ती-उपदेश तथा नैतिक शिक्षा दिने क्रममा कविप्रौढोक्ति कथनपद्धति प्रयोग गरेका छन् भने त्यही कविताको अन्त्यमा 'मौन समर्थन' भनेर छोरीले भनेजस्तो बनाएर कविनिबद्धवक्तृप्रौढोक्ति कथनढाँचाको प्रयोग गरेका छन् । उक्त कवितामा कविप्रौढोक्ति कथनढाँचा प्रयोग भएको अंश :

चलेका प्रथा, रीति राम्रा नमास,
तिनैबाट चल्लान् चतुर्दिक् सुवास ।
स्वयं छचौ गुणी, के इशारै छ धेर,
न माता पिताको कटोस् नाक हेर ! (ऐ, पृ. ५५) ।

सोही कवितामा कविनिबद्धवक्तृप्रौढोक्ति कथनढाँचा प्रयोग भएको अंश :

ममा छ याद रीतिको र नीतिको प्रधानता,
म राख्छु लाज वंशको, समाजको महानता ।
बुबा-मुमा हजूरमा म गर्छु विन्ति यत्तिकै–
न बन्नु है अधीर लौ, मलाई सम्झँदै-रूँदै ! (ऐ, पृ. ५५) ।

माथिका उदाहरणबाट के प्रष्ट हुन्छ भने केदार सत्यालको **पत्रैपत्र** कवितासङ्ग्रहमा कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति दुवै कथनपद्धति प्रयोग भएका कविताहरू समेटिएका छन् ।

### ३.३.२.८ बिम्ब र अलङ्कार

केदार सत्यालले **पत्रैपत्र** कवितासङ्ग्रहमा विभिन्न बिम्ब तथा अलङ्कारको प्रयोग गरी लेखेका कविताहरू सङ्गृहित गरेका छन् । बिम्ब तथा अलङ्कारको प्रयोगका कारण उक्त कवितासङ्ग्रहका कविताहरूले भावलाई उच्च शिखरमा पुऱ्याउने काम गरेका छन् । उनका विभिन्न कवितामा प्रयोग भएका कामदेव, रति, शङ्कर, भवानी, सञ्जीवनी, श्रीराम, जानकी, हनुमान आदिजस्ता मिथकीय बिम्बको प्रयोगले पाठक वा श्रोताको मानसिकतालाई पौराणिक भूमितर्फ धकेलेको छ । यसको उदाहरण :

तिमी भवानी बन्यौ म शंकर,
तिमी प्रकृति औ पुरुष म सुन्दर !
तिमी शुद्ध रति, कामदेव मै,
शान्ति तिमी, मै प्रेम प्रवल ! (द, पृ. २१) ।

यसैगरी विभिन्न अलङ्कारको प्रयोगले उनका कवितामा मिठास ल्याएको छ । उनले रूपक, व्याजस्तुति, व्यतिरेक, अतिशयोक्ति आदि विभिन्न अलङ्कारहरूको प्रयोग गरी लेखेका कविताहरू यस सङ्ग्रहमा समेटेका छन् । विभिन्न अलङ्कार प्रयोग गरी लेखिएका कविताका उदाहरणांशहरू निम्न छन :

**व्याजस्तुति अलङ्कार** प्रयोग भएको कविताको उदाहरण :

प्रतिकूल वायुमै उड्दछ चंगा, ठोसे नै बल्छ अगुल्टो,
अपमान र निन्दा, हेलाबाटै मानिस बन्दछ सुल्टो ।

अतः मलाई निन्दक-बुनकर रूवो धुने झैँ धुन्थे,
तिनलाई मेरो नमस्कार छ जो मेरा आलोचक हुन्थे !  (क, पृ. १) ।

उक्त कवितांशका साथै पूरै कवितामा कविले आफ्ना समस्त आलोचकलाई नमस्कार गरी निन्दा प्रकट गरेका कारण समग्र कवितामा व्याजस्तुति अलङ्कारको प्रयोग भएको छ ।

**व्यतिरेक अलङ्कार** प्रयोग भएको कवितांश :

फूल गर्छ जति भमरोलाई–
स्निग्ध प्रेम नै मधु-रस ख्वाई
त्यो उपमा के गण्य र यसमा ?–
गर्छ्यौ जे जति यौवन धनमा
दिई सुशीतल छाया,
कसरी नठानूँ माया गर्छ्यौ–
प्रिये मलाई माया !  (च, पृ. ८) ।

फूलले भमरालाई मधुरस खुवाएर प्रेम गरेभन्दा पनि बढी कविकी प्रेयसीले उनलाई माया गरेको उक्त कवितांशमा उपमान (भमरो)-भन्दा उपमेय (कवि)-को आधिक्य देखाएका कारण व्यतिरेक अलङ्कारको प्रयोग भएको छ ।

**अतिशयोक्ति अलङ्कार** प्रयोग भएको कवितांश :

दिन रात आँखाबाट यो– जो भेल बग्ने गर्दछ,
बग्दै म जाँदै छु त्यसैमा– प्रतिवाद पौडिनुपर्दछ !  (ठ, पृ. १५) ।

आँखाबाट बग्ने आँसुमा बग्न र पौडिन सकिँदैन, तर उक्त कवितांशमा आँसुमा बग्ने र प्रतिवाद पौडिनुपर्ने विचार व्यक्त गरेकाले अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ ।

**रूपक अलङ्कार** प्रयोग भएको कवितांश :

तिमी भवानी बन्यौ म शंकर,
तिमी प्रकृति औ पुरुष म सुन्दर !
तिमी शुद्ध रति, कामदेव मै,
शान्ति तिमी, मै प्रेम प्रबल !  (द, पृ. २१) ।

उक्त पङ्क्तिपुञ्जमा 'तिमी' (प्रिया)-मा भवानी, प्रकृति, रति तथा 'म' (कवि)-मा शङ्कर, पुरुष र कामदेवको अभेद आरोप गरिएका कारण रूपक अलङ्कार रहेको छ । यसैगरी अन्य विभिन्न अलङ्कारको प्रयोग केदार सत्यालको **पत्रैपत्र** कवितासङ्ग्रहमा भएको छ ।

समग्रमा केदार सत्यालको **पत्रैपत्र** कवितासङ्ग्रहको अध्ययन गर्दा के देखिन्छ भने उनको जीवनमा विभिन्न किसिमका आरोह तथा अवरोहहरू आएका छन् । तिनै आरोह तथा अवरोहलाई कवितात्मक रूप दिंदै जाँदा यो सङ्ग्रह तयार भएको हो । यस सङ्ग्रहमा समेटिएका कविताहरूमा शृङ्गार रसको बाहुल्य छ, साथै अन्य रसको पनि उचित मात्रामा प्रयोग भएको छ । यो कवितासङ्ग्रह उनले आफ्नै दैनिकीलाई कवितात्मक रूप दिएकाले उनलाई दैनिकीलाई पनि कवितात्मक रूप दिन सक्ने सफल कविको दर्जामा राख्न सकिन्छ ।

### ३.३.३ 'दर्पण' कवितासङ्ग्रहको अध्ययन

केदार सत्यालको अर्को कवितासङ्ग्रहको नाम **दर्पण** हो । यस सङ्ग्रहमा उनले आफूले २०३६ सालदेखि २०५० सालसम्म लेखेका कवितालाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई खण्ड बनाएर सङ्गृहित गरेका छन् । यसमा उनले २०३६ सालदेखि २०४४ सालसम्म रचेका कवितालाई उत्तरार्द्ध खण्डमा र २०४४ सालदेखि २०५० सालसम्म रचेका कवितालाई पूर्वार्द्ध खण्डमा राखेका छन् । उनले पछिल्लो चरणमा रचेका कवितालाई प्राथमिकतामा राखेका छन् । यो सङ्ग्रहमा भएका कविताहरू उनका विशुद्ध मौलिक रचना हुन् । यस सङ्ग्रहमा कविता सुरु गर्नुभन्दा अगाडि उनले 'अग्रे अग्रे विप्राणाम्' शीर्षक दिएर विभिन्न धर्मग्रन्थ, पुराण तथा विद्वानका सूक्तिहरू उल्लेख गरेका छन् । उनले ती सूक्तिहरूलाई जीवनको दर्पणको रूपमा प्रयोग गरेका छन् ।

केदार सत्यालको **दर्पण** कवितासङ्ग्रहमा विभिन्न शीर्षक, विषयवस्तु, भाव आदि भएका कविताहरू सङ्गृहित छन् । ती विभिन्न कवितालाई कविताका तत्त्वका आधारमा निम्नानुसार अध्ययन गरिएको छ :

#### ३.३.३.१ शीर्षक

शीर्षक भनेको कविताको महत्त्वपूर्ण तत्त्व हो । केदार सत्यालले यस सङ्ग्रहभित्र विभिन्न शीर्षक दिएर लेखेका कविताहरू सङ्गृहित गरेका छन् । ती सम्पूर्ण कविताहरूको प्रतिनिधित्व हुनेगरी उनले यस सङ्ग्रहको नाम **दर्पण** राखेका छन् । शीर्षक भनेको कवितालाई चिनाउने नाम पनि भएकाले **दर्पण** शीर्षकबाट यो सङ्ग्रह परिचित छ ।

जीवन भनेको ऐना हो । ऐनाले आफू अगाडि आएर उभिएको वस्तु राम्रो वा नराम्रो जस्तो भए पनि प्रष्ट देखाइदिन्छ । यसरी छर्लङ्ग बनाएर देखाउँदा कसैलाई पाच्य हुन्छ भने कसैलाई हुँदैन । नराम्रोलाई राम्रो देखाउने र राम्रोलाई नराम्रो देखाउने ऐनाको धर्म होइन । ऐनाको धर्म त सत्यलाई सत्य र असत्यलाई असत्य देखाउनु वा जे जस्तो छ, त्यसलाई त्यस्तै देखाउनु हो । त्यसैले गर्दा ऐनालाई केहीले मन पराउँछन् भने केहीले 'जस्तो छ, त्यस्तै देखाइदियो' भनेर रिसाएर फुटाउन खोज्छन् । त्यहाँ ऐनाको केही दोष हुँदैन, तर दुर्घटना निश्चित छ भन्ने जान्दाजान्दै पनि ऐनाले आफ्नो गुण र धर्म छोड्दैन । यसै सन्दर्भलाई प्रष्ट पार्न सत्यालको यस सङ्ग्रहको पूर्वार्द्ध भागको 'दर्पण हुँ, दर्शाउँछु !' शीर्षकको कविताले आफ्नो (दर्पणको) गुण यसरी देखाएको छ :

तन्नेरी र तरूनी वा बूढाबूढी होऊन्,
जस्तो देख्छु, देखाउँछु, हाँसून् कि त रोऊन् ।        (दर्पण हुँ, दर्शाउँछु !, पृ. ५) ।

त्यस्तै, तथ्य जे हो त्यही देखाउने आफ्नो गुण नै भए पनि दर्पणले ईश्वरसँग कहिलेकाहीँ जस्ताको तस्तै देखाउँदा आफ्ना मित्र घट्ने चिन्ता यसरी पोखेको छ :

ईश्वर ! म नदेखाउँ भित्री भाव-चित्र
उदाङ्गो ती पारेँ भने घट्छन् मेरा मित्र ।        (दर्पण हुँ, दर्शाउँछु !, पृ. ५) ।

केदार सत्यालले आफूलाई ऐनासँग तुलना गरेर तत्कालीन तथा आजको समय कस्तो छ भन्ने कुरा यो सङ्ग्रहबाट देखाउन खोजेर यसको शीर्षक सार्थक पारेका छन् । ऐनाजस्तै राम्रालाई राम्रो र नराम्रालाई नराम्रो देखाउनु उनको पनि वैशिष्टय हो भनेर विभिन्न क्षेत्रका राम्रा तथा नराम्रा कुराहरूलाई यस सङ्ग्रहभित्र समेटेका छन् । यसर्थ पनि यसको शीर्षक सार्थक छ ।

### ३.३.३.२ संरचना

संरचनात्मक हिसाबले केदार सत्यालको यो **दर्पण** कवितासङ्ग्रह आवरण पृष्ठ, भूमिका खण्ड तथा विषयसूचीसमेत गरी जम्मा १५६ पृष्ठमा संरचित छ । यसमा २०३६ सालदेखि २०४४ सालभित्र रचित कवितालाई **दर्पण (पूर्वार्द्ध)** भनेर सङ्ग्रहको पश्चभागमा राखिएको छ भने २०४४ सालदेखि २०५० सालभित्र रचित कवितालाई **दर्पण (उत्तरार्द्ध)** भनेर उच्च प्राथमिकताका साथ यो सङ्ग्रहको अग्रभागमा राखिएको छ । **दर्पण (पूर्वार्द्ध)** र **दर्पण (उत्तरार्द्ध)**-लाई एउटै सङ्ग्रहमा समेटिए पनि यी दुईको पृष्ठसङ्ख्या भने छुट्टाछुट्टै राखिएको छ । यसमा चार हरफदेखि ११२८ हरफसम्मका लामा, मझौला तथा छोटा आयाम भएका र सबैभन्दा कम एक श्लोकदेखि सबैभन्दा

बढी २५३ श्लोकसम्मका जम्मा ७३ वटा कविताहरू सङ्गृहित छन् । यसमा भएका कविताहरूमध्ये 'कुल्चन खोज्यो रे !' (पृ. ३७), 'बच्चा दुइटै ठिक्क' (पृ. ५७)-जस्ता कविताहरू चार हरफको सबैभन्दा छोटो संरचनामा संरचित छन् भने 'अर्थको अर्थ' (पृ. ९, हरफसङ्ख्या ४०), 'घाटे दस्तुर' (पृ. १३, हरफसङ्ख्या ३३), 'सङ्गठन र सङ्घको सबाई' (पृ. २०, हरफसङ्ख्या ४३), 'सामन्तको जगजगी' (पृ. २४, हरफसङ्ख्या ४४), 'विद्यालयको प्राङ्गणबीच' (पृ. ३०, हरफसङ्ख्या ४४), 'अक्षर चिन, साक्षर बन' (पृ.६२, हरफसङ्ख्या ५४), 'सत्याल : अरूको दृष्टिमा' (पृ. ९०, हरफसङ्ख्या ४०) आदि मझौला आयाममा संरचित कविताहरू हुन् । यसैगरी 'पुरेतबाको गनगन' (पृ. ५४, हरफसङ्ख्या ८९), 'दासत्व र मुक्ति' (पृ. ६७, हरफसङ्ख्या १०८), 'हाँसोको पुनर्बहाली' (पृ. ७६, हरफसङ्ख्या १२०), परिशिष्टअन्तर्गतको 'राष्ट्र-दुर्दशा' (पृ. ८३, हरफसङ्ख्या ११०) आदि लामा आयाममा संरचित कविता हुन् भने यो सङ्ग्रहको उत्तरार्द्ध खण्डमा भएको 'दर्पण (पूर्वार्द्ध)' (पृ. ६)-चाहिँ सबैभन्दा लामो अर्थात् लामा कविता कोटिको जम्मा ११२८ हरफमा संरचित २५३ श्लोकको कविता हो । यस लामो कविताभित्रका श्लोकहरूमा एकरूपता छैन । प्रायः चारहरफे श्लोकहरू छन् भने कतिपय श्लोकहरू ८ हरफका, १२ हरफका, २८ हरफका ('गीत' शीर्षकमा, पृ. २५) आदि छन् । समग्रमा उनको यो **दर्पण** कवितासङ्ग्रहमा विविध संरचना भएका कविताहरू संरचित छन् ।

### ३.३.३.३ विषयवस्तु

विषयवस्तुका दृष्टिले केदार सत्यालको यो **दर्पण** कवितासङ्ग्रहभित्रका कवितामा विविधता पाइन्छ । उनले वर्तमानको सामाजिक स्थिति, भ्रष्ट कर्मचारी, शिक्षण पेसा, अहिलेका विद्यार्थीको परीक्षा तथा प्रमाणपत्रप्रतिको धारणा आदि विषयवस्तुलाई समेटेर लेखेका कवितालाई यस सङ्ग्रहमा सङ्गृहित गरेका छन् ।

केदार सत्यालले राम्रा काम छोडी नराम्रा काम गर्नेहरूप्रतिको व्यङ्ग्यलाई आफ्नो कविताको विषयवस्तु बनाएका छन् । जस-जसले समाजद्वारा निन्दित तथा अपहेलित काम गर्छ, त्यस्तालाई सद्मति देऊ भन्दै 'यस्तै सद्मति द्यौ भगवान !' शीर्षकको कविता लेखेका छन् । यसमा उनले सेठ, महाजन, ऋषिमुनि, सन्त, महन्त, नेता, मन्त्री, वनपाले, कर्मचारी, इन्जिनियर, शिक्षक, कृषक आदिलाई विषयवस्तु बनाएर यिनीहरूको बानी कहिले सुध्रिने हो भन्दै व्यङ्ग्य प्रहार गरेका छन् । त्यसको उदाहरणांश :

ठूला ऋषिमुनि, सन्त, महन्त,
योगेश्वर छन् जसका नाम ।

ब्रह्मलुटको धर्म चलाऊन्,
यस्तै सद्मति द्यौ भगवान !
( यस्तै सद्मति द्यौ भगवान !, पृ. ६) ।

पैसालाई विषयवस्तु बनाएर लेखेको कविता पनि केदार सत्यालको यस सङ्ग्रहभित्र सङ्गृहित छ । पैसा छ भने सबै कुरा छ र पैसा छैन भने केही तथा कोही छैन भन्ने विषयवस्तु राखेर लेखिएको 'अर्थको अर्थ' कविताको अंश :

पैसा ! तँ आमा, गुरु, बाबु, दाइ,
आफन्त तैं, बन्धु, सखा र भाइ ।
विद्या तँ नै होस्, धन धर्म तैं होस्
तैं देवता कोटि, प्रणम्य तैं होस् । (अर्थको अर्थ, पृ. ९) ।

'नाच्न नजान्ने आँगन टेढो' भनेझैं देशको विकासका लागि यहाँका नदी-नाला, डाँडा-काँडा, अल्छे जनता आदि बाधक छन् भन्ने ठगी तथा ढङ्ग नभएका नेताहरूको बानीलाई पनि केदार सत्यालले आफ्ना कविताको विषयवस्तु बनाएका छन् । अचेलका कर्मचारीहरू घुस नखाई कुनै पनि काम गर्दैनन् भन्ने यथार्थलाई पनि उनले कवितामा समेटेका छन् । हिजोसम्म उडुस तथा लामखुट्टेलाई शोषक भनिन्थ्यो, तर आज त्यो सबै नभएर मान्छेचाहिँ असली शोषक हो भन्दै आजका मान्छेको व्यवहारलाई पनि उनले कविताको विषयवस्तु बनाएका छन् ।

केदार सत्यालले आफ्नो लुगाको फाटेको गोजीलाई पनि विषयवस्तु बनाएर कविता लेखेका छन् । आफ्नो लुगाको त्यो फाटेको गोजीलाई उनले यसरी गाली गरेका छन् :

सद्दे नै छ कमीज किन्तु तँ भने, अल्पायुमै नाशिइस् ?
'रित्तै बस्नु पर्‍यो निकै दिन' भनी, वा आत्महत्या गरिस् ?
(फाटेको बगलीसँग, पृ. १७) ।

सामन्तले गरिबलाई टिक्न नदिएको तथ्यलाई पनि केदार सत्यालले आफ्ना कविताको विषयस्तु बनाएका छन् । गरिबलाई भै-परी आउँदा साहुकहाँ गएर ऋण लिन्छ, तर तिर्ने बेलामा साहुले झुक्याएर सर्वस्व खाई उठीबास लाइदिन्छ भन्ने विषयवस्तुलाई उनले 'सामन्तको जगजगी' शीर्षकको कवितामा समेटेका छन् । शिकारीले शिकारलाई तीर हानिसकेपछि मर्ने बेलामा शिकारले शिकारीप्रति देखाएको सन्तानमोहलाई पनि उनले कविताको विषयवस्तु बनाएका छन् । उक्त कविताको उदाहरणांश :

यो कल्चौँडाको झोला भिर, काटी लग यसलाई,
र दूध ख्वाइदेऊ मेरा प्राणप्यारा भोका शिशुलाई ।
जाऊ तीरको पीर खप्तै गर्छु तिमी न फर्कुन्जेललाई,
आऊ अनि खुर्की खुर्की लग सम्पूर्ण मासु आफूलाई !

(शिकारी र शिकार, पृ. २४) ।

केदार सत्यालले शिक्षण पेसाप्रति असन्तुष्टि व्यक्त गर्दै कविता लेखेका छन् । आफू इमान्दार भएर पनि हाकिम, अधिकारी तथा मन्त्रीको चाकरी तथा चाप्लुसी नगरेका कारण सफल शिक्षक हुन नसकेको बताउँदै त्यस्ता प्रवृत्तिका शिक्षकलाई असल शिक्षक बन्ने सन्देशसहितको विषयवस्तु 'विद्यालयको प्राङ्गणबीच' कवितामा छ । जसको आफ्नो मान्छे ठूलो ओहदामा पुग्छ, त्यसको आफन्त पनि चाँडै ठूलो ओहदामा पुगेर रातारात धनी हुन्छ भन्ने विषयवस्तु पनि उनका कवितामा रहेका छन् । आजभोलि प्रमाणपत्र जतातत्तै किन्न पाइन्छ भन्ने कुराको सङ्केत गर्दै दिन-प्रतिदिनको गिर्दो शैक्षिक स्थितिप्रतिको व्यङ्ग्यलाई पनि उनले आफ्ना कविताको विषयवस्तु बनाएका छन् ।

विदेशमा गएर जे काम गर्न पनि तत्पर हुने र स्वदेशमा चाहिँ सानोतिनो काम गर्न हिच्किचाउने नेपालीको बानीलाई केदार सत्यालले आफ्ना कविताको विषयवस्तु बनाएका छन् । अन्धाले हात्तीको शरीरको विभिन्न अङ्ग छामेर हात्तीको स्वरूप बताएझैँ हिजोआजका बुद्धिजीवीहरू पनि ती अन्धाजस्तै छन् भन्ने विषयवस्तुलाई पनि उनले आफ्ना कवितामा समेटेका छन् । कृषक भनेको मानवताको पुजारी हो, त्यो भएन भने हामीले पनि केही खान पाउँदैनौँ भन्दै कृषकको गुणगानका साथै 'आजको अखबार' शीर्षकको कवितामा राम्रो समाचार पढ्न पाउँदाको क्षणको कल्पनालाई पनि उनले आफ्ना कविताको विषयवस्तु बनाएका छन् ।

केदार सत्यालले नेपालका जननायक बी.पी. कोइराला तथा जननेता कमरेड पुष्पलालको बहुदलीय प्रजातन्त्रप्रतिको प्रतिबद्धतालाई पनि **दर्पण** कवितासङ्ग्रहका कविताको विषयवस्तु बनाएका छन् । यसका साथै इटालीको एकीकरणका योद्धा गैरीबाल्डी र रूसका क्रान्तिकारी योद्धा लेनिनको अक्टुबर क्रान्तिलाई पनि उनले आफ्ना कविताको विषयवस्तु बनाएका छन् ।

यस **दर्पण** कवितासङ्ग्रहले सबैको लागि दर्पणको काम गरोस् भन्दै आजको समाज तथा यहाँको रीति र चालचलनप्रतिको व्यङ्ग्यलाई पनि उनले कविताको विषयवस्तु बनाएका छन् । समालोचकलाई ऐनाजस्तै छर्लङ्ग र प्रष्ट हुन आग्रह गरेका छन् ।

यसरी हेर्दा के देखिन्छ भने केदार सत्यालको यो **दर्पण**भित्र विविध विषयवस्तुलाई लिएर लेखिएका कविताहरू छन् । यसमा भएका प्रायः कवितामा नैतिक चेतना दिन खोजिएको छ । सबैतिरका विषयलाई चासोका साथ टिपेर लेखिएका कविता यसमा भएकाले विषयवस्तुका दृष्टिले यो कवितासङ्ग्रह उत्कृष्ट छ ।

### ३.३.३.४ छन्द तथा लयविधान

केदार सत्यालले यो **दर्पण** कवितासङ्ग्रहमा विविध छन्द तथा लयले भरिपूर्ण कविताहरू सङ्गृहित गरेका छन् । यस सङ्ग्रहमा गद्यलयको तुलनामा पद्यलयका कविताले वर्चस्व कायम गरेका छन् । उनी विशेषतः वार्णिक छन्दको प्रयोग गरेर कविता लेख्छन् । त्यसैले यस सङ्ग्रहका अधिकांश कवितामा झ्याउरे तथा सबाईजस्ता वार्णिक छन्दको प्रयोग छ । उनले यस सङ्ग्रहका आंशिक कवितामा मात्र शार्दूलविक्रीडित, वसन्ततिलका, भुजङ्गप्रयात, इन्द्रबज्रा आदि छन्दको प्रयोग गरेका छन् । यस्ता विविध छन्दले यस सङ्ग्रहभित्रका कविताको लयमा पनि विविधता ल्याएको छ । यी छन्द तथा लयको प्रयोगका कारण यस सङ्ग्रहभित्रका कविता श्रुतिमधुर छन् । विविध छन्दको प्रयोग भएका कविताको उदाहरण :

**सबाई छन्द**को प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

दर्पण हुँ, दर्शाउँछु सही अनुहार,
रूप रङ्ग बाहिरको झल्के अनुसार । (दर्पण हुँ, दर्शाउँछु !, पृ. ५) ।

**झ्याउरे छन्द**को प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

नर्सरीबाट बिरुवा जोडा, सँगसँगै बिकेछन्,
शहरकाले औ गाउँकाले, एकेक किनेछन् ।
गाउँको चाहिँ किसान थियो, बारीमा लगायो,
मल र जल स्याहारबाट हुर्कायो, बढायो । (वृक्षरोपण, पृ. ४२) ।

**इन्द्रबज्रा छन्द**को प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

पैसा ! तँ आमा, गुरु, बाबु, दाइ,
आफन्त तैँ, बन्धु, सखा र भाइ ।
विद्या तँ नै होस्, धन धर्म तैँ होस्
तैँ देवता कोटि, प्रणम्य तैँ होस् । (अर्थको अर्थ, पृ. ९) ।

**शार्दूलविक्रीडित छन्द**को प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

फाटिस् ए बगली हतार कुन थ्यो ? दी सूचना फाट्तथिस् !
मेरा मालिक, साथ दिन्छु म सधैं, भन्थिस् तँ के ढाँट्तथिस् ?
सद्दे नै छ कमीज किन्तु तँ भने, अल्पायुमै नाशिइस् ?
'रित्तै बस्नु पऱ्यो निकै दिन' भनी, वा आत्महत्या गरिस् ?
(फाटेको बगलीसँग, पृ. १७) ।

**वसन्ततिलका छन्द**को प्रयोग गरेर लेखिएको कविताको उदाहरण :

पानी सुकाउँछु सिनित्त समुद्र पारी,
रत्नादि झिक्छु, सुख-सम्पति लिन्छु भारी ।
दुर्भाग्य मेट्तछु परिश्रमले भनेर,
थाले अफाल्न विप्र घुँडा धसेर । (दर्पण (पूर्वार्द्ध), पृ. ६) ।

### ३.३.३.५ भावविधान

केदार सत्यालको यो **दर्पण** कवितासङ्ग्रहका कविताले विविध किसिमको भावलाई आत्मसात् गरेका छन् । उनी नैतिकताको चेत बोकेका स्वाभिमानी कवि हुन् । उनको यस सङ्ग्रहका कविताले स्वाभिमान तथा देशप्रेमको भाव बोकेका छन् । उनको यस सङ्ग्रहमा सङ्गृहित 'दर्पण हुँ, दर्शाउँछु !' शीर्षकको कविताले स्वाभिमानी मान्छेले जसलाई जस्तो देख्छ त्यस्तै बयान गर्छ, तर त्यो बानीले गर्दा उसले अनेक धम्की तथा कष्टको सामना गर्नुपर्छ भन्ने भाव बोकेको छ । त्यसैगरी उनको यस सङ्ग्रहको 'घाटे दस्तुर' शीर्षकको कविताले सोझा-सीधा जनताले भ्रष्ट कर्मचारीको फन्दामा परेर दुःख पाएको भाव व्यक्त गरेको छ । 'फाटेको बगलीसँग' कवितामा आफूसँग सम्पत्ति हुन्जेलसम्म साथ दिने र सम्पत्ति सकिएपछि आफैँलाई गलहत्याउने आफन्त तथा बन्धुबान्धवप्रति व्यङ्ग्यात्मक भाव व्यक्त गरिएको छ । यो सङ्ग्रहमा व्यङ्ग्य, विरोध, विद्रोह, देशभक्ति तथा समसामयिकताका साथै अहिलेका मान्छेले इमान-जमान तथा नैतिकता गुमाएको भाव व्यक्त गरिएको छ । आजका नेता भनाउँदाहरूको काम गर्ने ढङ्गढाँचा नासिएर गएको भाव बोकेका कविता पनि यस सङ्ग्रहभित्र सङ्गृहित छन् । नारीको सुन्दरताप्रति पुरुष मोहित भएर संसार बिर्सेको भाव पनि यस सङ्ग्रहका कवितामा पाइन्छ । शिक्षक भएपछि शिक्षकको भूमिका वा कर्तव्य निर्वाह गर्नुपर्छ, कुनै नेता, मन्त्री तथा सांसदको पछि लागेर विद्यालयमा पढ्न आएका ती अबोध बालबालिकाको भविष्य बिगार्न हुँदैन भन्ने भाव 'विद्यालयको प्राङ्गणबीच' शीर्षकको कवितामा छ ।

यसरी केदार सत्यालको यो **दर्पण** कवितासङ्ग्रह भावाभिव्यञ्जनाका दृष्टिले पनि उच्च छ । यहाँ भएका अधिकांश कविताले समसामयिकतामाथिको व्यङ्ग्यात्मक भाव बोकेका छन् भने केही कविताले खराब काम छोडेर सत्मार्गमा लाग्न आग्रह गरेका छन् ।

### ३.३.३.६ भाषाशैली

भाषाशैलीका दृष्टिले केदार सत्यालको **दर्पण** कवितासङ्ग्रह सरल छ । यसमा सङ्गृहित कविता नअड्की सर्र पढ्न सकिन्छ । यस सङ्ग्रहभित्रका कुनै कवितामा 'गुजी', 'हाउगुजी', 'नानी'जस्ता बालसुलभ शब्दहरू प्रयोग भएका छन् । उनले कतै निम्न आदरार्थी शब्दको प्रयोग गरेका छन् र कतै उच्च आदरार्थी शब्दको प्रयोग गरेका छन् । बाँकी प्रायः सबै कवितामा मध्यम आदरार्थी शब्दको प्रयोग छ । उनले नाटकीय शैलीमा लेखेका कविता पनि यस सङ्ग्रहभित्र राखेका छन् । यस सङ्ग्रहभित्रका कवितामा पद्यशैलीको बाहुल्य छ ।

केदार सत्यालले **दर्पण** कवितासङ्ग्रहभित्रका अधिकांश कवितामा तत्सम शब्दको प्रयोग गरेका छन् । यसका साथै तद्भव तथा आगन्तुक र झर्रा शब्द पनि उत्तिकै मात्रामा प्रयोग भएका छन् । त्यसकारण यसको भाषा सरल हुँदाहुँदै पनि साधारण पाठकको दिमागलाई कसरत गराउने खालको छ ।

### ३.३.३.७ कथनपद्धति

कवितामा कविप्रौढोक्ति र कविनिबद्धवक्तृप्रौढोक्ति कथनपद्धतिको प्रयोग गरिएको हुन्छ । केदार सत्यालले पनि यो **दर्पण** कवितासङ्ग्रहमा उक्त दुवै कथनपद्धतिमा लेखेका कविताहरू सङ्गृहित गरेका छन् । त्यसमा पनि उनी बढी मात्रामा कविप्रौढोक्ति कथनपद्धतिमा कविता लेख्छन् । उनको 'दर्पण हुँ, दर्शाउँछु !' (पृ. ५), 'यस्तै सद्मति द्यौ भगवान् !' (पृ. ६), 'फाटेको बगलीसँग' (पृ. १७), 'पुरेतबाको गनगन' (पृ. ४५), 'मानवताको पुजारी' (पृ. ५०), 'छ मेरो देशमा' (पृ. ७१) आदि कविताहरू कविप्रौढोक्ति कथनपद्धतिमा लेखिएका कविताहरू हुन् भने 'शिकारी र शिकार' (पृ. २७), 'पढ्नेको हार' (पृ. ३७), 'यस्तै छन्-बुद्धिजीवी' (पृ. ४३), 'मतदाताको घिड्घिडो' (पृ. ६५), उत्तरार्द्ध खण्डको 'दर्पण (पूर्वार्द्ध)' (पृ. ६) आदि कविताहरू कविनिबद्धवक्तृप्रौढोक्ति कथनढाँचामा लेखिएका कविताहरू हुन् । कविप्रौढोक्ति कथनढाँचामा लेखिएको कविताको अंश :

मेरा धनी जजमान आज गए कता ?
श्राद्ध छुटचो उता, यता असरल्ल म ता !

हिजो घरै थिए ती र भेटैँ भनैँ यत्ति,
भोलि श्राद्ध परेको छ नटुटोस् नि कत्ति ! (पुरेतबाको गनगन, पृ. ४५) ।

कविनिबद्धवक्तृप्रौढोक्ति कथनढाँचामा लेखिएको कविताको उदाहरण :

वरुण : ए विप्र हेर, किन यो मिहिनेत गर्छौ ?
सुक्ला समुद्र ? भ्रममा किन आज पर्छौ ?
कैयौँ बिते दिन र रात छ उत्ति पानी,
जाऊ, लु फर्क घर, भन्छु म दुःख जानी ।

विप्र : को हौ तिमी ? किन ममा उपदेश दिन्छौ ?
जो गर्छु हेर समयै किन व्यर्थ लिन्छौ ?
जाऊ तिमी, बरू न अल्मलमा फसाऊ,
बोल्ने समेत पनि फुर्सत छैन, जाऊ । (दर्पण (पूर्वार्द्ध), पृ. ६) ।

उपर्युक्त उदाहरणहरूले पनि केदार सत्यालको **दर्पण** कवितासङ्ग्रहमा दुवै कथनपद्धति प्रयोग गरेर लेखिएका कविताहरू सङ्गृहित छन् भन्ने तथ्यालाई सार्वजनिक गरेको छ ।

### ३.३.३.८ बिम्ब र अलङ्कार

केदार सत्यालको यो **दर्पण** कवितासङ्ग्रमा विविध बिम्ब तथा अलङ्कार प्रयोग भएका कविताहरू सङ्गृहित छन् । उनले हात्तीलाई चुनाव जिताएको जनप्रतिनिधिको रूपमा, बगली वा खल्तीलाई गरिबीको बिम्बको रूपमा, माकुरोलाई सामन्तको बिम्बको रूपमा, प्लाष्टिक, सुन, स्टिल आदिका चम्चालाई दही-चिउरे, स्वार्थी तथा अवसरवादी मानिसको बिम्बको रूपमा प्रयोग गरेका छन् । यस्तै बिम्ब प्रयोग गरी लेखिएको कवितांश :

तरुना, बूढा सब चम्चाले पास गरे प्रस्ताव दुखी,
बदलेनन् तर मानिस स्वार्थी, औसरवादी, घोर छुसी । (चम्चा मानिस, पृ. २९) ।

उनले व्याजस्तुति, कारणमाला, वक्रोक्ति, विभावना आदिजस्ता अनेक अलङ्कारको प्रयोग गरेर कवितालाई अझ सुन्दर बनाएका छन् । विभिन्न अलङ्कार प्रयोग भएका कविताको उदाहरण :

**व्याजस्तुति अलङ्कार** प्रयोग भएको कवितांशको उदाहरण :

भूस्वामी, सामन्त गर्जिऊन्,
निर्धन वनमा सिंह समान ।
हत्याउन् धन, बास उठाउन्,
यस्तै सद्मति द्यौ भगवान् !

(यस्तै सद्मति द्यौ भगवान् !, पृ. ६) ।

उपर्युक्त पङ्क्तिपुञ्जलगायत सम्पूर्ण कवितामा देशका भ्रष्ट व्यक्तिलाई कुकर्म गर्न भगवान्सँग सद्मति मागेर कुकर्म गर्नेप्रति निन्दा गरिएका कारण उक्त कविताभरि व्याजस्तुति अलङ्कार रहेको छ ।

**कारणमाला अलङ्कार** प्रयोग भएको कवितांशको उदाहरण :

पैसा ! तँ आमा, गुरु, बाबु, दाइ,
आफन्त तैँ, बन्धु, सखा र भाइ ।
विद्या तँ नै होस्, धन धर्म तैँ होस्
तैँ देवता कोटि, प्रणम्य तैँ होस् । (अर्थको अर्थ, पृ. ९) ।

उपर्युक्त पङ्क्तिपुञ्जलगायत सम्पूर्ण कवितामा एउटै पैसा (उपमेय)-मा आमा, बाबु, गुरु, परिवार, नोकर, वैद्य, हाकिम, सिनेमा, बङ्गला, शान्ति, अशान्ति, सिद्धि, बृद्धि, शक्ति, भक्ति आदि अनेक उपमानको अभेद आरोप गरिएका कारण समग्र कवितामा कारणमाला अलङ्कार रहेको छ ।

**विभावना अलङ्कार** प्रयोग भएको कवितांशको उदाहरण :

सद्दे नै छ कमीज किन्तु तँ भने, अल्पायुमै नाशिइस् ?
'रित्तै बस्नु पर्‍यो निकै दिन' भनी, वा आत्महत्या गरिस् ?

(फाटेको बगलीसँग, पृ. १७) ।

उक्त पङ्क्तिपुञ्जमा कमीज सद्दे रहेको तर बगली अल्पायुमै नासियो भनेर खल्तीको विनाशको कारण उल्लेख नभएकाले विभावना अलङ्कार रहेको छ ।

**स्मरण अलङ्कार** प्रयोग भएको कवितांशको उदाहरण :

हुन्छन् अपहरण औ बलात्कार रोज,
मरचा छैन रावण त्यो बाँचेकै छ, खोज ! (आत्मालाई राम बनाऊ, पृ. २६) ।

वर्तमान समयमा प्रचलित अपहरण र बलात्कारजस्ता दुष्कार्यको प्रभावले गर्दा कविले रावणको दुष्चरित्रको स्मरण गरेका कारण उक्त पङ्क्तिपुञ्जमा स्मरण अलङ्कार रहेको छ ।

**वक्रोक्ति अलङ्कार** प्रयोग भएको कवितांशको उदाहरण :

एक ठाउँमा 'गुरुजी' सुन्दा झुक्किन जान्छन् बिचरा,
बसचालकको दर्जा हो त्यो, नसुनेकै पो हुन्छ बरा !

(डन्डाबाटै गर्छु कुरो, पृ. ३६) ।

वक्ताले 'गुरुजी' भन्दा श्रोताले गाडी चालकको अर्थ बुझेकाले उक्त पङ्क्तिपुञ्जमा वक्रोक्ति अलङ्कार रहेको छ । यसैगरी केदार सत्यालको यो **दर्पण** कवितासङ्ग्रहमा अन्य अलङ्कार प्रयोग भएका कविताहरू पनि सङ्गृहित छन् ।

समग्रमा केदार सत्यालको यो **दर्पण** कवितासङ्ग्रहका कविताले विविध विषयवस्तु अङ्गालेका छन् । निकै छोटादेखि निकै लामो संरचना भएका यस सङ्ग्रहका कवितामा नैतिक चेत, व्यङ्ग्य, विरोध आदिको भाव पाइन्छ । सरल भाषाशैलीका साथै विभिन्न बिम्ब तथा अलङ्कारको प्रयोगले कवितामा मिठास आएको छ र कवितालाई सुन्दर बनाएको छ । विशेष गरी झ्याउरे तथा सबाई छन्द प्रयोग भएका यस सङ्ग्रहका कविता पढ्दा के थाहा पाइन्छ भने केदार सत्याल समसामयिक स्थितिलाई कवितामार्फत सबैका सामु पस्कन सक्ने कवि हुन् ।

# अध्याय चार

# नेपाली साहित्यमा केदार सत्यालको योगदान

## ४.१ नेपाली साहित्यमा केदार सत्यालको योगदान

केदार सत्याल नेपाली साहित्य आकाशका चम्किला नक्षत्र हुन् । साहित्यका अनेक विधामध्ये कविता विधामा चम्किएका यिनका **भेटी**, **पत्रैपत्र** र **दर्पण** गरी तीनवटा कवितासङ्ग्रह र छन्दसम्बन्धी ज्ञान दिने पुस्तक **छन्दमाथि विजय** प्रकाशित भइसकेका छन् । कवि व्यक्तित्वबाहेक शिक्षक व्यक्तित्व, समाजसेवी व्यक्तित्व, सम्पादक व्यक्तित्व, अनुवादक व्यक्तित्व, सभा सञ्चालक तथा उद्घोषक व्यक्तित्व र पत्रकार व्यक्तित्व पनि उनलाई चिनाउने चिनारी हुन् । नेपाली कविता-साहित्य र अनुवाद-साहित्यमा कलम चलाउनेहरूको शृङ्खला निकै लामो छ र उक्त लाममा लागेका सबै त नभनौं, केही कविहरूले आफूलाई प्रतिष्ठित र स्थापित कवि दर्जामा पुऱ्याइसकेका छन् । त्यही लामलाई प्रतिष्ठित र स्थापित बनाउन कम्मर कसेर लागेका कवि सत्यालको कवित्व एकपछि अर्को गर्दै खारिँदै जानुले निकट भविष्यमै उनी स्थापित कवि दर्जामा दरिन पुग्ने सम्भावना प्रबल छ । यसो भन्नुको अर्थ उनका हालका कविताहरू फितला र कमजोरी छन् भन्ने कदापि होइन । कवितामा हुनुपर्ने आवश्यक तत्त्व सङ्गीत र लय उनका कवितामा यत्रतत्र पाइन्छ । त्यसो त कविताको मेरूदण्ड भावविधान पनि हो र त्यो भावविधानलाई पनि उनले यथोचित प्रयोग गरेका छन् । भाव नै नभएका निकम्मा कविता उनका कुनै सङ्ग्रहमा छैनन्, तर कुरा कति साँचो हो भने उनका केही कवितामा युग र समाज सुहाउँदो भाव भने आउन सकेको छैन । उनी परम्परित संस्कार र समाजको पुनर्व्याख्यातर्फ लागेजस्ता पनि देखिन्छन् । कवितालाई चम्काउने मूल तत्त्व नै भावगाम्भीर्य हो, त्यसले नै कविलाई स्थापित बनाउँदछ । उनी जत्तिको विज्ञ व्यक्तिका कवितामा भावगाम्भीर्य जति प्रच्छन्न तथा उज्ज्वल भएर उत्रिनुपर्ने थियो, त्यो रूपमा उत्रिन नसक्नु उनको सामान्य कमजोरी देखिन्छ । एकैपटक व्यास, भास र कालिदास अथवा देवकोटा तथा लेखनाथजस्ता ठूला एवं स्थापित कवि कोही पनि बन्न सक्दैन, तर भाषा, विचार र वस्तुलाई माझ्दै जाँदा एकदिन लक्ष्य भेदन गर्न गाह्रो पर्दैन । उनले पनि भाषा, विचार र वस्तुलाई उत्तरोत्तर माझ्दै गएका छन्, यो रफ्तारले उनी नेपालका प्रसिद्ध कविहरूमध्ये एक बन्ने देखिन्छन् ।

केदार सत्यालका कवितामा पाइने मुख्य विषय हो– देशभक्ति र स्वाधीनता । त्यस्तै स्वाधीनता बोकेको र झल्किएको **भेटी** कवितासङ्ग्रहभित्रको 'फूलको इच्छा' :

रक्षा होस् निज देश, जाति सबको, बाँचोस् भनी अस्मिता ।
गंगा, भीम र भक्तिझैँ हरघडी, यी लक्ष्यको उच्चता ।
लागे वीरजता चढाउन भनी, यी मातृभूमा शिर ।
माली ! फाल टिपी विलम्ब नगरी, त्यै मूलबाटोतिर ।

(सत्याल, २०६५ : पृ. ६)-

जस्ता कविताले सत्याललाई राष्ट्रवादी कविका रूपमा उभ्याएको छ । यस्तै राष्ट्रोद्धारका लेपले लिपिएका प्रशस्त कविता यिनका कवितासङ्ग्रहमा पाइन्छन् । यस्तै स्वाधीन भई बाँच्न र आफ्नो बलबुतामा उभिन सक्ने सभ्य र स्वनिर्भर नागरिक बन्न उत्साहित बनाउने उनको 'सत्य सन्देश' कविता :

त्योभन्दा भाग्यमानी मनुज कति गुणा, ठान यै लोकमा छ ।
जो जन्मी दीनतामा, कठिन श्रम गरी, भाग्य निर्माण गर्छ ।

(सत्याल, २०६५ : पृ. ९)-

ले आम पाठकमा स्वनिर्भर बन्ने प्रेरणा प्रदान गर्दछ । उनका स्वजाति महिमा, सत्य सन्देश, मातृभाषाप्रति, विद्याप्रशंसाजस्ता कविताले नेपाली भाषा, भेष, रीतिस्थिति र संस्कारका साथै शैक्षिक चेतनाले युक्त सभ्य नेपाली नागरिक निर्माण हुनुपर्नेमा जोड दिएका छन् । आफ्ना कवितासङ्ग्रहभित्र विभिन्न स्थापित अन्तर्राष्ट्रिय कविहरूका कविताको भावानुवादी तथा छायानुवादी प्रभाव सृजना गरी मौलिकजस्तै बनाइएका उनका कविताले अन्तर्राष्ट्रिय कवित्वलाई बुझ्न पाठकलाई सहयोग पुऱ्याएको छ । यो उनले नेपाली साहित्यप्रति गरेको ठूलो योगदान हो । त्यस्तै पूर्वीय आदर्श मानिएका वेद पुराण आदिबाटसमेत विषय ग्रहण गरी कवित्व झल्काउने सत्यालले नेपाली पाठकलाई वैदिक र पौराणिक लोकको अन्तर्यात्रा गराई त्यहाँबाट नैतिकता, आदर्श, परोपकार, मानवता, औपदेशिकताजस्ता मानवीय गुणहरूको रसास्वादन गराएर महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

नारीलाई पुरुषको दासी, चरण चुम्बक र दोस्रो दर्जाका मान्छे मान्ने हेपाहा प्रवृत्तिको विरोध गरी नारी-पुरुष बराबर हुन्, तर सृष्टिको आदि शक्ति र मातृशक्तिको महत्त्व बुझ्ने पुरुषभन्दा उच्च दर्जामा नारी गनिन आउँछिन् भन्ने नारीवादी भाव (शृङ्गारिक कविता, **पत्रैपत्र**, पृ. ७) पाठकलाई चखाएर सत्यालले समाजका रूढी परम्परा र जाली कुचक्रलाई तोड्नुपर्ने भावना कवितामार्फत व्यक्त गरी केदार सत्यालले महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नारी र पुरुष भनेका देश-रथ अथवा जीवन-रथका दुईपट्टिका पाङ्ग्रा हुन्, एउटै सिक्काका दुईटा पाटा हुन् । त्यसैले नारीलाई भोग्या तथा दासीको रूपमा मात्र राख्न हुँदैन । तिनीहरूलाई आफूसँगै अगाडि बढाउँदै लानुपर्छ भन्ने ज्ञान पाठकसामु पस्केर नारीको पक्षमा वकालत गर्नुमात्र होइन,

सृष्टिको सञ्चालन गर्ने नारीलाई पनि पुरुषसरह अगाडि बढ्नुपर्छ भनेर उकास्नु उनको ठूलो योगदान हो । स्कुलस्तरका विद्यार्थीले सहज रूपमा बुझ्नेगरी छन्दज्ञानसम्बन्धी पुस्तक प्रकाशन गर्नु पनि उनको महत्त्वपूर्ण योगदान हो । सरल तथा सहज तरिकाले छन्दको ज्ञान कसरी गर्ने भन्ने चिन्तामा पुगेका आम पाठकलाई यस पुस्तकले निकै ठूलो सहयोग गरेको छ ।

केदार सत्यालको महत्त्वपूर्ण व्यक्तित्वमध्ये अनुवादक व्यक्तित्व पनि एक हो । उनले भारतीय सुप्रसिद्ध कवि भारतेन्दु हरिश्चन्द्रको मौलिक नाटक **सत्य हरिश्चन्द्र**को नेपालीमा अनुवाद गरेका छन् । नाटक अनुवाद गर्ने क्रममा उनले प्रसङ्गमा सुहाउने खालका सान्दर्भिक कविताहरू कुनै आफैँले रचेर र कुनै अन्य स्रोतबाट ल्याएर परिवेशानुकूल बनाउनुका साथै नेपाली उखान तथा टुक्काको पनि प्रयोग गरेर नाटकलाई विशुद्ध नेपालीजस्तो बनाएका छन् । अनुवाद साहित्यका क्षेत्रमा यो उनको ठूलो योगदान हो । उनले इरानेली सुप्रसिद्ध कवि उमर खैयामका चतुष्पदी श्लोकलाई नेपालीमा अनुवाद गरी **खैयामका रूबाईहरू** नाम राखेर प्रकाशन गरेका छन् । त्यसैगरी भारतीय गीतिधाराका अग्रणी हरिवंश राय 'वच्चन'को **निशा निमन्त्रण**लाई पनि उनले अनुवादजस्तो नपारी नेपालीकरण गरेका छन् । उनले प्रसिद्ध फारसी कवि उमर खैयामका ५१६ रूबाईहरूमध्ये ७५ वटा रूबाईको नेपालीमा अनुवाद गरी नेपाली पाठकलाई अन्तर्राष्ट्रिय कवित्वतर्फको चासो र चिन्तनमा प्रेरित बनाउन सकेका छन् । यो सत्यालको महत्त्वपूर्ण योगदान हो । सत्यालको अनुवाद-कला रुखो र अस्पष्ट छैन । साह्रै सरल र मीठौ तरिकाले अनुवाद गरी जनजिभ्रो सुहाउँदो पार्नु सत्यालको अनुवादकलाको विशिष्टता हो । प्रकृतिका हरेक पक्ष मानव-समाज र मानव-चरित्रका अनेक पाटाहरूलाई विषयवस्तु बनाउने सत्यालको कवित्वले मूलतः नैतिक शिक्षा र समाज निर्माणतर्फ औपदेशिक मन्त्र निर्माण गरेको छ र सारमा मानवलाई राष्ट्रवादी, स्वाधीन, कर्तव्यनिष्ठ, निश्छल, समदर्शी, महान व्यक्तित्व निर्माणमा जुट्न आग्रह गरेको छ । यो नै उनले नेपाली साहित्यमा पुऱ्याएको महत्त्वपूर्ण योगदान हो ।

यसरी नेपाली साहित्यको गतिशील यात्राका एक यात्रीको रूपमा केदार सत्यालले आफूलाई सहभागी गराएर यात्रापथमा देखिएका जटिलता-सुगमता, विषमता-समता, आरोह-अवरोह, कर्तव्य-अकर्तव्य, निश्छलता-छलता आदि थुप्रै विषयवस्तु समेटेर कविता लेखेका छन् । उक्त कविताहरूमा उनले स्वाधीन र कर्तव्यवान् मानवत्व निर्माण गर्नुपर्ने सार निकालेका छन् । पूर्वीय आर्य-सभ्यताका आदर्शलाई र पाश्चात्य कविहरूका उत्कृष्ट कविता-काव्यको अनुवाद गरी नेपाली पाठकलाई अन्तर्राष्ट्रिय यात्रालोकमा पुऱ्याई आफ्नो दर्पण तथा अनुहार हेर्न सचेत गराएका छन् । नारी र पुरुषका बीचमा देखिने सामाजिक भेदभावको विरोध गरी प्रगतिशील व्यक्तित्व साबित गराई उनले नेपाली साहित्यमा ठूलो गुण र योगदान पुऱ्याएका छन् ।

समग्रमा केदार सत्यालले नेपाली साहित्यका क्षेत्रमा मौलिक तथा अनूदित गरी सातवटा कवितासङ्ग्रह, एउटा नाटक र एउटा छन्दज्ञानसम्बन्धी पुस्तक **छन्दमाथि विजय** प्रकाशन गरेर परिमाणात्मक योगदान पुऱ्याएका छन् भने उक्त कवितासङ्ग्रहमा प्रकाशित फूलको इच्छा, सत्य सन्देश, अनुभवका टुक्राहरू, यो देश बाँचोस्, दश थुँगा फूल, क, ढ, र, ष, त्र, अतिरिक्त, ऐ, सङ्गठन र सङ्घको सबाई, डन्डाबाटै गर्छु कुरो, वृक्षरोपण, स्वतन्त्रताको संरक्षण होस्, शहीदवन्दना आदि उत्कृष्ट कविताहरू दिएर गुणात्मक योगदान दिएको प्रष्टै छ । त्यसैगरी अनुवाद-साहित्यमा हात हालेर उनले हिन्दी, संस्कृत, अङ्ग्रेजी र फारसी भाषामा भएका उत्कृष्ट कविता-काव्य र नाटकसमेत अनुवाद गरी नेपाली पाठकलाई उक्त भाषामा भएको साहित्यिक रसास्वादन गराउन सफल भएका छन् । यो पनि सत्यालले नेपाली साहित्यमा दिएको महत्त्वपूर्ण योगदान हो । यसरी परिमाणात्मक रूपमा र गुणात्मक रूपमा विषय वैविध्यलाई आत्मसात् गरी उनले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । उनी अध्यापक, कवि, अनुवादक, नाटककार, समाजसेवक, धार्मिक आदि व्यक्तित्व हुन् । यिनै व्यक्तित्वभित्र फुलेको उनको कवि व्यक्तित्व र अनुवादक व्यक्तित्वले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

## अध्याय पाँच

# उपसंहार

### ५.१ उपसंहार

केदार सत्यालको जन्म २००१ साल माघ ११ गते सिन्धुली जिल्लाको बेलघारी, तीनपाटनमा भएको हो । उनका बुबाको नाम नन्दराज सत्याल र आमाको नाम यमुनादेवी सत्याल हो । सानै उमेरमा उनले बुबा तथा आमाको मायाबाट वञ्चित हुनुपऱ्यो । पहिले उनीहरूको आर्थिक अवस्था राम्रै थियो, तर उनको बुबाको मृत्युसँगै स्थानीय 'चँदाहा' खोलाले उनीहरूको खेत पनि बगाएपछि भने उनी असली सुकुम्बासीजस्ता भए । पछि काकाकोमा बस्दै जाँदा उनले अध्ययन सुरु गरे । उनले एस्.एल्.सी.सम्म पब्लिक मा.वि., रङ्गेलीमा अध्ययन गरे भने त्यसपछिको पढाइ त्रिभुवन विश्वविद्यालयबाट निजी परीक्षार्थीको रूपमा पास गरे । उनले २०२२ सालमा मञ्जु सत्यालसँग विवाह गरे । एस्.एल्.सी. दिनेबित्तिकैदेखि उनले आफू पढेको स्कुलमा जागिर खान थालेका थिए । पछि मञ्जु सत्यालले पनि पब्लिक मा.वि.मै अध्यापन गर्न थालेपछि भने उनीहरूको आर्थिक अवस्था राम्रो हुँदै गयो । उनलाई गीत सङ्गीत पनि मन पर्छ । धर्मराज थापाका गीत चाहिँ उनलाई गीत हुन् जस्तो लाग्छ । बालककालमा उनको स्वभाव एकान्तप्रेमी थियो । त्यसकारण उनले त्यति साथी बनाउन सकेनन् । उनी एकदम सोझा र स्वाभिमानी थिए र अझसम्म पनि उनको बानी त्यस्तै सोझो र निष्कपट छ । कवितामा बढी रमाउने सत्याललाई महाकवि देवकोटा तथा कविशिरोमणि लेखनाथका कविता विशेष मन पर्छन् । उनी देवकोटा, लेखनाथ आदिबाट प्रत्यक्ष प्रभावित र प्रेरित छन् ।

केदार सत्याल विभिन्न व्यक्तित्वबाट परिचित छन् । उनी विशेषगरी शिक्षक तथा कवि व्यक्तित्वबाट परिचित छन् । उनको निजी व्यक्तित्व गहुँगोरो वर्णको आकर्षक छ । वि.सं. २०१९ सालको गोरखापत्रमा 'इन्द्रेनी' शीर्षकको कविता प्रकाशित भएपछि उनले औपचारिक रूपमा साहित्यिक यात्रा सुरु गरेका हुन् । त्यसपछि विभिन्न पत्र-पत्रिकाले उनको यो यात्रालाई साथ दिए । उनी विशेषगरी वार्णिक छन्दमा कविता लेख्ने कवि हुन् । उनी एक कुशल अनुवादक पनि हुन् । उनले विभिन्न विदेशी साहित्यकारका रचनाको नेपालीमा अनुवाद गरेका छन् । साहित्यका अलावा उनी एक सम्पादक, उद्घोषक तथा पत्रकार पनि हुन् । उनले पब्लिक मा.वि., रङ्गेलीको त्रैमासिक साहित्यिक पत्रिका 'गुराँस'को सम्पादन गरेका छन् । समाजमा परिआएका काम पनि उनी त्यत्तिकै सक्रियताका साथ गर्छन् । उनी स्थानीय काली मन्दिरको व्यवस्थापन समितिको उपाध्यक्षका रूपमा अझैपनि काम गर्दैछन् । यी र यस्ता अनेक व्यक्तित्वले उनको जीवन सरिता प्रवाहित भइरहेको छ ।

केदार सत्यालले मौलिक तथा अनूदित गरी थुप्रै पुस्तकहरू प्रकाशन गरेका छन् । त्यसमा पनि **दर्पण** कवितासङ्ग्रहचाहिँ उनको विशुद्ध मौलिक रचना हो । उनका अन्य कृतिमा भने आफ्ना कविताका साथमा विभिन्न विदेशी कविका कविताको भावानुवाद तथा छायानुवाद गरेका कविताहरू सङ्गृहित छन् । उनका विवेच्य कृतिहरूमध्ये **भेटी** कवितासङ्ग्रहका कविताको अध्ययन गर्दा उक्त कृतिमा विभिन्न खालका कविताहरू सङ्गृहित भएको पाइन्छ । यहाँका अधिकांश कविताहरू नैतिक तथा आध्यात्मिक ज्ञान दिने खालका छन् । मान्छेका ईर्ष्या, ग्लानि, जिजीविषा, छलकपट, अभिमान, प्राकृतिक जीवजन्तु आदिलाई विषयवस्तु बनाएर लेखिएका कविता यसमा छन् । समग्रमा हेर्दा यो सङ्ग्रह बालकदेखि बृद्धसम्मलाई उपदेश दिने खालको छ । यसैगरी **पत्रैपत्र** कवितासङ्ग्रहमा उनको दैनिक जीवनमा आएका आरोह-अवरोह तथा उतार-चढावलाई कवितात्मक रूप दिइएको छ । यसका साथै नारी र पुरुष भनेका एउटै रथका दुई पाङ्ग्रा हुन् र ती जहिले पनि सँगसँगै हुनुपर्ने कुरालाई महत्त्व दिइएको छ । **दर्पण** कवितासङ्ग्रहमा जीवनलाई एउटा दर्पण मानी त्यसैअनुसार मानिसले पनि व्यवहार गर्नुपर्ने कुरामा जोड दिइएको छ । यस सङ्ग्रहका कवितामा व्यङ्ग्य तथा विरोधका साथै नैतिक चेतनाको पनि सम्मिश्रण पाइन्छ ।

समग्रमा केदार सत्याल नेपाली साहित्य आकाशका चम्किला नक्षत्र हुन् । उनले नेपाली कविता तथा अनुवाद-साहित्यको क्षेत्रमा ईंटा थप्ने काम गरेका छन् । विशेषगरी शास्त्रीय छन्दमा कविता लेखेर उनी सम्पूर्ण पाठकको मन जित्न सफल भएका छन् । उनका कवितामा शीर्षक चयनदेखि लिएर भाषा, भाव, बिम्ब तथा अलङ्कारको राम्रो सम्मिश्रण छ । लय, सङ्गीत तथा भाव भनेका कविताका मेरूदण्ड हुन् । उनका कवितामा यस्तो खालको मेरूदण्ड पनि पाइन्छ । उनले विभिन्न विदेशी साहित्यकारका रचनालाई पनि मौलिकजस्तै पारेर नेपालीमा अनुवाद गरेका छन् । यिनका सबै विधाका मौलिक तथा अनूदित गरी जम्मा नौवटा कृतिहरू प्रकाशित छन् । यसरी परिमाणात्मक रूपमा र गुणात्मक रूपमा विषय वैविध्यलाई आत्मसात् गरी केदार सत्यालले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान दिएको देखिन्छ । उनी अध्यापक, कवि, अनुवादक, नाटककार, समाजसेवक,  धार्मिक आदि व्यक्तित्व हुन् । यिनै व्यक्तित्वभित्र फुलेको उनको कवि व्यक्तित्व र अनुवादक व्यक्तित्वले नेपाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

**सम्भावित शोधशीर्षकहरू :**

क) केदार सत्यालको कवित्व,

ख) केदार सत्यालको अनुवादकारिता र

ग) केदार सत्यालका कवितामा व्यङ्ग्यचेतना ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६६), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव र अन्य (२०६०), (सम्पा), **नेपाली कविता भाग ४**, ललितपुर : साझा प्रकाशन ।

नेपाल, देवी (२०६२), **छन्द पराग**, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

पराजुली, कृष्णप्रसाद र अन्य (२०६०), (सम्पा), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र. ।

बराल, इश्वर र अन्य (२०५५), (सम्पा), **नेपाली साहित्यकोश**, काठमाडौं : ने.रा.प्र.प्र. ।

भट्टराई, घटराज (२०५६), **नेपाली लेखककोश**, काठमाडौं : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौं : ने.रा.प्र.प्र. ।

शर्म्मा 'नेपाल', वसन्तकुमार (२०५७), **नेपाली शब्दसागर**, काठमाडौं : भाभा पुस्तक भण्डार ।

सत्याल, केदार (२०६५), **खैयामका रूबाईहरू र निशा निमन्त्रण** (अनु.), काठमाडौं : अनुवादक स्वयं ।

……………… (२०३४), **छन्दमाथि विजय**, मोरङ्ग : विद्यार्थी गण (पब्लिक मा.वि., रङ्गेली) ।

……………… (२०६५), **दर्पण**, काठमाडौं : लेखक स्वयं ।

……………… (२०६५), **पत्रैपत्र**, दो.सं., काठमाडौं : लेखक स्वयं ।

……………… (२०६५), **भेटी**, ते.सं., काठमाडौं : लेखक स्वयं ।

……………… (२०३३), **सत्य हरिश्चन्द्र** (अनु.), वाराणसी : मञ्जु सत्याल ।

सुवेदी, दधिराज (२०६५), "ओझेलमा परेका आदर्श कवि केदार सत्याल", **उद्घोष** (दैनिक), (वर्ष– १९, अङ्क– ९६), विराटनगर : पृ. २ ।

# परिशिष्ट

## शोधनायक केदार सत्यालसँग शोधार्थीले लिएको अन्तर्वार्ताको विवरण :

**शोधार्थी : तपाईंको पैत्रिक थलो कहाँ हो ?**

**शोधनायक :** मेरो पैत्रिक थलो वागमती अञ्चलमा पर्ने दाप्चा फूलबारी हो ।

**शोधार्थी : तपाईंको पारिवारिक पृष्ठभूमि बताइदिनुहोस् न !**

**शोधनायक :** मेरा पुर्खा दाप्चा फूलबारीबाट रामेछापको मन्थली गए । त्यहाँबाट फेरि बसाईं सरेर सिन्धुलीको बेलघारी, तीनपाटन गएपछि मेरा बुबा नन्दराज सत्यालको जन्म भयो । उहाँको सिन्धुलीकै यमुनादेवी अधिकारीसँग विवाह भएपछि मेरो जन्म भएको हो । मेरी एउटी शान्ता नाम गरेकी बहिनी छन् । उनलाई इनरूवाको 'झोकनझोरा' भन्ने ठाउँका कोइराला परिवारमा विवाह गरेर दिइएको छ । म सात वर्षको छँदा बुबाको मृत्यु भएपछि हाम्रो परिवार छिन्नभिन्न भयो । त्यसपछि आमा माइत गएर बस्नुभयो भने बहिनीलाई फुपूले लगेर पाल्नुभयो । म काकाको शरणमा रङ्गेलीमा बस्न थालें ।

**शोधार्थी : तपाईंको बाल्यकाल र शिक्षादीक्षा कस्तो रह्यो ?**

**शोधनायक :** बुबा हुन्जेलसम्म मेरो बाल्यकाल राम्रै थियो । एक्लो छोरो भएकाले होला उहाँले मलाई असाध्यै माया गर्नुहुन्थ्यो । हाम्रो खेती लेक र बेँसी दुवै ठाउँमा भएकाले बुबाले मलाई डोकामा बोकेर लेकबेँसी गराउनुहुन्थ्यो, तर उहाँको मृत्यु भएपछि मेरो बाल्यकाल एकदम कष्टपूर्ण रह्यो । एकान्तप्रेमी भएका कारण मैले साथी पनि बनाउन सकिन । काकाको घरमा आएपछि एघार वर्षको उमेरदेखि मैले पढाइ सुरु गरेँ । सुरुमा राणाकालीन सरकारी भाषा पाठशालामा पढेँ भने पछि पब्लिक मा.वि., रङ्गेलीमा पढ्न थालें । एस्.एल्.सी. परीक्षा दिएपछि बिस्तारै त्रि.वि.को निजी (प्राइभेट) परीक्षार्थीको रूपमा परीक्षा दिंदै एम्.ए. पास गरेँ । एकवर्षे बी.एड्.चाहिँ ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्जको नियमित छात्र भएर पढेँ ।

**शोधार्थी : तपाईंले विवाह कहिले कोसँग गर्नुभयो र दाम्पत्य जीवन कस्तो रह्यो ?**

**शोधनायक :** मैले २०२२ फागुन १२ गते मोरङ्गको इटहरा ४ बस्ने इन्द्रप्रसाद र प्रेमा पौडेलकी छोरी मञ्जु पौडेलसँग विवाह गरेँ । हालसम्म हाम्रो दाम्पत्य जीवन सरल, सुखमय र संयमित भएर अगाडि बढिरहेको छ ।

**शोधार्थी : विवाह गर्दा तपाईं र तपाईंकी श्रीमतीको उमेर कति-कति थियो ?**

**शोधनायक :** विवाह गर्दा मेरो उमेर २१ वर्षको र मेरी श्रीमतीको उमेर १६ वर्षको थियो ।

**शोधार्थी : तपाईंका कतिजना छोराछोरी छन् र हाल कहाँ-कहाँ छन् ?**

**शोधनायक :** मेरा एउटी छोरी र तीनवटा छोरा छन् । तीमध्ये सबैभन्दा जेठी छोरी कल्पना, त्यसपछिको जेठो छोरो सुरेन्द्र (सुधीर) र कान्छो छोरो सुमन काठमाडौंमा छन् भने माहिलो छोरो सुवासलाई 'इडिभी' परेर परिवारसहित अमेरिकामा बस्छन् ।

**शोधार्थी : तपाईंको पारिवारिक आर्थिक अवस्था कस्तो छ ?**

**शोधनायक :** बुबाको मृत्युअगाडि ठीकै थियो, तर उहाँको मृत्यु भएको केही समयपछि बेलघारीको स्थानीय 'चँदाहा' खोलाले सबै खेती बगाएपछि भने म सुकुम्बासीजस्तै भएँ । एस्.एल्.सी. दिएर आफू पढेकै स्कुलमा पढाउन थालेपछि केही सुध्रिन थाल्यो । मेरी श्रीमतीले पनि आफ्ना चार सन्तानलाई हुर्काएर त्यही स्कुलमा पढाउन थालेपछि भने हाम्रो आर्थिक अवस्था सुदृढ हुँदै गयो ।

**शोधार्थी : तपाईंको रुचि कस्तो छ ? अथवा तपाईंलाई मन पर्ने र नपर्ने कुरा के-के छन् ?**

**शोधनायक :** मलाई समाजसेवा लगायत साहित्यमा रुचि छ । साहित्यका सबै विधा उत्तिकै मन पर्छन् । त्यसमा पनि कविता विधाचाहिँ धेरै नै मन पर्छ । देवकोटा र लेखनाथका कविता र मैनाली, कोइराला, मल्ल आदिका कथा विशेष मन पर्छन् । मलाई गीत-सङ्गीत पनि मन पर्छ । धर्मराज थापाका गीतचाहिँ साँच्चै गीत हुन् जस्तो लाग्छ । देवकोटाको 'मुनामदन' अति मन पर्छ । मलाई खेलकुदमा त्यत्ति रुचि छैन । तैपनि त्यसबेला फूटबलको बढी प्रचलन भएकाले मोजाको फूटबल बनाएर खेल्ने गर्थें । खानामा चाहिँ सबै किसिमका मन पर्छन् । त्यसमा पनि आफ्नो राष्ट्रिय खाना ढिँडो र गुन्द्रुक सबभन्दा बढी मन पर्छ । भुटेको मकै, त्यसमा पनि फूल उठेको र मकैको च्याँख्ला पनि खुब मन पर्छ । पाँच-सात वर्ष अगाडिसम्म मासु पनि खान्थैं, तर अहिले पूर्णरूपमा शाकाहारी भएको छु ।

**शोधार्थी : तपाईंको स्वभाव कस्तो छ ?**

**शोधनायक :** "अरू अबुझ भएमा खाई खामोश हारौँ, दिनपर दिन ज्यूँदो जाति आफ्नो नमारौँ" भन्ने राष्ट्रकवि माधवप्रसाद घिमिरेको पङ्क्तिलाई सम्झेर आफूलाई अरूकै सुख-सुविधामा समर्पित गर्ने इच्छा पलाइरहँदा अरूको सामु हार्ने प्रवृत्ति बढ्यो र पछिसम्म पनि त्यही नै स्वभाव कायम रह्यो । काका पण्डित ऋषिराज सत्याल ज्यादै अनुशासित भएकाले मलाई कडा अनुशासनमा राख्नुभयो । त्यसले गर्दा अनुशासनहीनता, अत्याचार, थिचोमिचो आदिलाई मन नपराउने बानी बस्यो । त्यही बानी अझसम्म पनि कायमै छ ।

**शोधार्थी : तपाईंलाई साहित्य लेखनमा प्रेरणा कसरी मिल्यो ?**

**शोधनायक** : आफूले पढेको स्कुलमा वादविवाद, अन्ताक्षरी, वक्तृता आदिजस्ता प्रतियोगिताहरूमा भाग लिँदा आफ्नो तर्क तथा विचारलाई प्रष्ट पार्न आफैं कोर्दे देवकोटाले लेखेको, लेखनाथले लेखेको भनेर पुष्टि गर्दागर्दै मौलिक लेखन सुरु भयो । म हिन्दी लेखकका गद्य तथा पद्य पढ्न मन पराउँथें । त्यही प्रेरणाले नै म साहित्यतर्फ प्रेरित बनें ।

**शोधार्थी : तपाईंको व्यक्तित्वलाई चिनाउने चिनारी के-के छन् ?**

**शोधनायक** : म एउटा शिक्षक तथा कवि हुँ । त्यसपछि मलाई चिनाउने अन्य चिनारीमा सम्पादक व्यक्तित्व, अनुवादक व्यक्तित्व, समाजसेवी व्यक्तित्व, रङ्गेलीको पहिलो सभा-सञ्चालक व्यक्तित्व, पत्रकार व्यक्तित्व आदि छन् ।

**शोधार्थी : अन्त्यमा तपाईंलाई भन्न मन लागेको कुरा केही छ कि ?**

**शोधनायक** : म बाल्यावस्थामा छँदा 'ठेस लागे बुद्धि बढ्छ' भन्ने बूढापाकाको भनाइलाई मानेर बाटामा हिँड्दा ढुङ्गामूढा आदि देखें भने बुद्धि बढाउनको लागि आफैं ठेस लगाउँदै हिँड्थें । एकपल्ट अलि ठूलो ढुङ्गो देखेर त्यसमा ठेस लगाउँदा मेरो दाहिने खुट्टाको बूढी औंलाको नङ गयो र त्यहाँबाट धेरै रगत पनि बग्यो । त्यसबेला मलाई त्यो घाउको पीर लागेन किनकि 'आज धेरै बुद्धि बढ्यो' भन्ने लागेको थियो, तर पछि त्यस उखानको अर्थ थाहा पाएपछि कहिलेकाहीं यो कुरा सम्झेर म एक्लै हाँस्ने पनि गर्छु र त्यतिबेलाको आफ्नो बुद्धि सम्झेर रमाइलो पनि लाग्छ ।

**शोधार्थी** : मलाई आफ्नो बारेमा यति सूचना दिएर सहयोग गर्नुभएकोमा धन्यवाद ।

**शोधनायक** : तपाईंलाई पनि मेरो तर्फबाट धेरै-धेरै धन्यवाद ।